नेपाली

अनौपचारिक प्रौढ विद्यालय तथा खुला शिक्षा

आधारभूत तह (कक्षा ६,७ र ८) का सिकारुहरूका लागि

स्वाध्ययन सामग्री

# नेपाली







नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**अनौपचारिक प्रौढ विद्यालय तथा खुला शिक्षा**

**आधारभूत तह (कक्षा ६,७ र ८) का सिकारुहरूका लागि**

**स्वाध्ययन सामग्री**

# नेपाली


**लेखक**
देवीदत्त पौडेल
सचितानन्द घिमिरे



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०७७

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७७

# भूमिका

विभिन्न कारणले उपयुक्त उमेरमा विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नपाएका १५ वर्षदेखि माथिको उमेर समूहका सिकारुहरूलाई लक्षित गरी सिकारुहरूकै अनुकूल समयमा वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्ने अभिप्रायले अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा ल्याइएको छ । सिकारुहरूको सिकाइ क्षेत्रलाई केन्द्रबिन्दुमा राखी उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग पुग्नेगरी पाठ्यक्रम विकास केन्द्रबाट विकास हुने पाठ्यपुस्तकहरूको सहयोगी वैकल्पिक सामग्रीको रूपमा अझ सरलीकृत हुनेगरी अनौपचारिक प्रौढ विद्यालय तथा खुला शिक्षा आधारभूत तह (कक्षा ६, ७ र ८)का सिकाहरूका लागि स्वाध्ययन सामग्री विकास गरिएको छ ।

विषयबस्तुहरूलाई प्रौढमैत्री तथा सिकारु केन्द्रित क्रियाकलापमा सहभागी गराएर शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । शिक्षण सिकाइका क्रममा सहजकर्ताले सिकारुहरूको अनुभवलाई सङ्गठित गर्दै शिक्षण सहजीकरण गर्नुपर्ने हुन्छ । यस कुरालाई मध्यनजर गर्दै पाठ्यपुस्तकलाई क्रियाकलापमुखी र प्रौढमैत्री बनाउने प्रयास गरिएको छ ।

नेपाली विषयको पुस्तक लेखन कार्य गर्नुहुने लेखकद्वय श्री देवीदत्त पौडेल र श्री सचितानन्द घिमिरेलाई धन्यवाद दिन चाहन्छु । पुस्तक लेखनका क्रममा समय समयमा सल्लाह र सुझाव प्रदान गर्नुहुने यस केन्द्रका उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारी र लेखन कार्यको संयोजन गर्नुहुने पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री राजकुमार थापा, शाखा अधिकृत श्री भीमादेवी कोइरालालाई धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकको विषयवस्तु सम्पादन गर्नुहुने यस केन्द्रका उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारी, भाषा सम्पादन गर्नुहुने पाठ्यक्रम विकास केन्द्रका निर्देशक श्री गणेशप्रसाद भट्टराई, चित्र तथा लेआउट डिजाइन र कभरपेज डिजाइन गर्नुहुने श्री जयराम कुइँकेलप्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस पुस्तकलाई थप परिमार्जित र परिष्कृत बनाउन सम्बन्धित पाठक तथा सरोकारवालाहरूबाट सदैब रचनात्मक सुझाव तथा प्रतिक्रियाको अपेक्षा समेत गर्दछु ।

डा. तुलसीप्रसाद थपलिया<br>
महानिर्देशक<br>
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषय सूची



| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ १. | आमा | १ |
| पाठ २. | सौरभ र सौरभी | ११ |
| पाठ ३. | पर्वतारोही पासाङ ल्हामु शेर्पा | २३ |
| पाठ ४. | हाम्रो पृथ्वी | ३५ |
| पाठ ५. | काकालाई चिठी | ४५ |
| पाठ ६. | भाग्यमा होइन परिश्रममा विश्वास | ५३ |
| पाठ ७. | चमेली | ६६ |
| पाठ ८. | सय थुँगा फूल | ७९ |
| पाठ ९. | लियोनार्दो दा भिन्ची | ८७ |
| पाठ १०. | हाम्रो सङ्कल्प | ९९ |
| पाठ ११. | राष्ट्रिय आविष्कार केन्द्र | ११५ |
| पाठ १२. | प्रधानाध्यापकलाई निवेदन | १२५ |
| पाठ १३. | सत्मार्ग | १३२ |

## पाठ १ : आमा

✒ **रमेश शुभेच्छु**

*आमाबिना जीवनको परिकल्पना नै गर्न सकिँदैन । आमाले सन्तानलाई जन्म दिन्छिन् । आमाले सन्तानलाई कर्म र संस्कार दिन्छिन् । आमा ममताकी खानी हुन् । आफूले कष्ट भोगेर सन्तानलाई खुसी पार्ने विशेषता आमासँग मात्र हुन्छ । हरेक व्यक्तिको जीवनको सफलतामा आमाको प्रमुख भूमिका रहन्छ । संसारका कुनै पनि बहुमूल्य वस्तुसँग समेत आमाको तुलना हुन सक्दैन । आमाको ममता सूर्यभन्दा चम्किलो हुन्छ, धर्तीभन्दा विशाल हुन्छ । त्यसकारण आमाको महिमा जति गाए पनि अपुरो हुन्छ । तलको कवितामा आमाको महत्त्व गाइएको छ :*



१. आमा सूर्य भनूँ हुँदैन नभनूँ त्यो सूर्यमा ताप छ  
आमा चन्द्र भनूँ हुँदैन नभनूँ त्यो चन्द्रमा दाग छ  
आमा भूमि भनूँ हुँदैन नभनूँ यो भूमि नै भाज्य छ  
हो आकाश भनूँ हुँदैन नभनूँ आकाश दुर्गम्य छ ।

२. हीरा हौ तर होइनौ किनभने त्यो मूल्यमा बिक्तछ  
मोती हौ तर होइनौ किनभने पानीसँगै छिप्तछ  
तारा हौ तर होइनौ किनभने तारा नि अस्ताउँछ  
आमा सिर्जना मूल हौ सृजनमै यो विश्व आव्याप्त छ ।

३. हुन्थ्यौ सागर होइनौ किनभने जम्दो छ त्यो सागर  
हुन्थ्यौ पर्वत होइनौ किनभने पग्लन्छ त्यो पर्वत  
हुन्थ्यौ जङ्गल होइनौ किनभने कालो छ त्यो जङ्गल  
आमातुल्य मिलेन बिम्ब उपमा खै बिम्बको मङ्गल ?

४.    आमा हौ नवरत्न हौ झिलिमिली तै मूल्यमा बिक्तिनौ
अर्काले गहना रचेर शिरमा राखोस् त्यहाँ खुल्दिनौ
आमा सन्ततिकी सुधा र वसुधा सम्पूर्ण पञ्चामृत
एकै छ्यौ र अनेक छ्यौ र अभिधा सामान्यमै संस्कृत ।

५.    आमा मन्दिर हो भनूँ त नभनूँ पूजा स्वयम् खोज्दिनौ
आमा फूल भनूँ फुलेर वनमा काँडा कुनै साँच्तिनौ
आमाको उपमा मिलेन उपमा आमा र आमा तिमी
आमा हौ उपमा भए पनि उनै आमाहरूकै तिमी ।

---

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । कविता शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य  थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

ताप - पोल्ने, तताउने वा सङ्घर्षबाट प्राप्त हुने शक्ति, तातोपन
दाग - टाटो, धब्बा
भाज्य - भाग लगाउन सकिने, भाग लगाउन उचित
भूमि - जमिन, धरती
दुर्गम्य - पुग्न नसकिने
छिप्तछ - लुक्छ
अव्याप्त - नफैलिएको
बिम्ब - प्रतिमा, कुनै कुराको आभास वा झल्को

उपमा - उदाहरण, कुनै एक वस्तुलाई अर्को वस्तुका साथ दाँज्ने वा तुलना गर्ने कार्य

मङ्गल - कल्याण, शुभ अवसर

नवरत्न - सुन, चाँदी जस्ता नौओटा रत्नको समूह

सुधा - अमृत, पीयूष

वसुधा - पृथ्वी, धरती

पञ्चामृत - गाईको दुध, दही, घिउ, मह र चिनी मिलेर बनेको वस्तु, पञ्चतत्त्वको समूह

अभिधा - नाम, सोझो अर्थको बोध गराउने शक्ति

संस्कृत - संस्कार, परिष्कार

स्वयम् - आफैँ

## अभ्यास

**१. 'आमा' कविता लय मिलाएर वाचन गर्नुहोस् ।**

**२. मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :**

सागर, मूल्य, जमिन, भाज्य, उर्वर, सिर्जन

(क) यो भूमि.............छ ।

(ख) हीरा .................मा बिक्तछ ।

(ग) आमा...........मूल हुन् ।

(घ) त्यो .............गम्दो छ ।

३. **पाठ हेरी तल दिइएको कविताांश पूरा गर्नुहोस् :**

.................जम्दो छ त्यो सागर

.....................पग्लन्छ  त्यो पर्वत

हुन्थ्यौ जङ्गलमा होइनौ.................

आमातुल्य मिलेन बिम्ब.................?

४. **तलका प्रश्नहरूको उत्तर एक वाक्यमा लेख्नुहोस् :**

(क) केमा दाग छ ?

(ख) कसको सिर्जनामा यो विश्व आव्याप्त छ ?

(ग) आमा कसरी सुधा र वसुधा हुन् ?

(घ) आमा कसकी उपमा हुन् ?

५. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) आमालाई किन चन्द्रमा  नभनिएको हो ?

(ख) कवितामा आमातुल्य बिम्ब किन मिलेन भनिएको हो ?

(ग) आमाका एक र अनेक रूप कस्ता छन् ?

(घ) किन आमाको उपमा मिलेन ?

६. **'आमा' कविताको मुख्य भाव लेख्नुहोस्  ।**

७. **व्याख्या गर्नुहोस् :**

(क) आमा हौ नवरत्न हौ झिलिमिली तै मूल्यमा बिक्दिनौ
अर्काले गहना रचेर शिरमा राखोस् त्यहाँ खुल्दिनौ ।

(ख) तारा हौ तर होइनौ किनभने तारा नि अस्ताउँछ
आमा सिर्जना मूल हो सृजनमै यो विश्व आव्याप्त छ ।

## शब्दभण्डार

८. **तलका शब्दको अर्थ भन्नुहोस् :**

दाग, भूमि, बिम्ब, मङ्गल, सुधा, संस्कृत

९. **तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

ताप, दुर्गम, नवरत्न, पञ्चामृत

१०. **उस्तै अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| पृथ्वी | मित्र |
| पोखरी | कोसेली |
| दया | संसार |
| उपहार | करुणा |
| नयाँ | आस्था |
| | तलाउ |
| | नवीन |

११. **तलको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कन गरिएका शब्दका उस्तै अर्थ आउने शब्द लेख्नुहोस् :**

परिवर्तनका लागि इच्छाशक्ति महत्त्वपूर्ण आधार हो । मान्छेले भित्री मनमा अठोट गरेको कुरा प्राप्त गरेरै छोड्छ । सफलताको उचाइमा पुग्न अथक परिश्रम गर्नुपर्छ । गन्तव्यमा पुग्न निरन्तर प्रयास गर्नुपर्छ । सङ्कटको समयमा निराश हुनुहुँदैन । बरु सोच विचार गरेर समस्या समाधानको उपाय खोजी गर्नुपर्छ । 'जहाँ इच्छा त्यहाँ उपाय' त्यसै भनिएको होइन नि !

**१२. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :**

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| आशा | आसामी |
| नजिक | निरक्षर |
| सुन्दर | विनाश |
| साक्षर | टाढा |
| विकास | निराशा |
| | उत्थान |
| | कुरूप |

**१३. तलको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कन गरिएका शब्दका उल्टो अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :**

नेपालमा बाह्य पर्यटनका साथै आन्तरिक पर्यटनको प्रचलन पनि बढ्दै गएको छ । के गाउँ, के सहर ? मानिसहरू दिनरात काममा खटिएकै छन् । काम गरेपछि आम्दानी हुन्छ । आम्दानी भएपछि खर्च गर्न गाह्रो हुने कुरै भएन । कामको व्यस्तताबाट फुर्सद निकालेर देशभित्रका विभिन्न भागमा भ्रमणमा निस्कने नेपालीको सङ्ख्या बढ्दो छ । पर्यटनको विकासबाट बेरोजगारहरूले रोजगारीका अवसर पाएका छन् । स्वरोजगारीको सङ्ख्यामा पनि वृद्धि भएको छ । महिलाहरूले घरको मात्र काम गर्नुपर्छ भन्ने सोचमा परिवर्तन आएको छ । महिला र पुरुषबिचको भेदभावमा कमी भएको छ । मानिसको चेतना बढेको छ । हिजोसम्म असम्भव लागेका कुरा आज सम्भव देखिएका छन्।

## वर्णविन्यास

**१४. तलका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) इच्छा, इतिहास, हिमाल, निःस्वार्थ, विहार जस्ता शब्दका सुरुको इकार ह्रस्व हुन्छ ।

(ख) मिठो, तितो, चिसो, गिलो, जिरा, चितुवा जस्ता शब्दका सुरुको इकार ह्रस्व हुन्छ ।

(ग) सिमेन्ट, इङ्लिस, किताब, टिकट, फिल्म जस्ता शब्दका सुरुको इकार ह्रस्व हुन्छ ।

**१५ शब्दको सुरुको इकार ह्रस्व हुने दशओटा शब्दहरू सङ्कलन गर्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१६. तलको तालिकामा भएका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| आमा, सूर्य, चन्द्र, हीरा, मोती, तारा, बाग्मती, नारायणी, चन्द्रागिरी आदि । | सागर, पर्वत, नदी, मान्छे, देश, पशु, पक्षी आदि । | जन्ती, फौज, लस्कर, जनता, पल्टन, सेना, ताँती, झुप्पो, बथान आदि । | चामल, चिनी, माटो, तेल, हावा, पानी, धुवाँ, सुन, चाँदी आदि । | दया, माया, प्रेम, घृणा, दुःख, सुख, पाप, पुण्य, जवानी आदि । |
| व्यक्ति, नदी, फूल, हिमाल, वस्तु आदिका नाम | मान्छे, पहाड, देश, जनावर, आदिलाई समग्रमा जनाउने नाम | मान्छे, जनावर, वस्तु आदिको समूहलाई | ठोस, तरल, ग्याँस आदि पदार्थका नाम | देख्न नसकिने तर अनुभव गर्न सकिने नाम |

**१७. पाठमा प्रयोग भएका नाम शब्दलाई कापीमा लेख्नुहोस् ।**

जस्तै : आमा, सूर्य

**१८. तलका वाक्यहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) सुन्दर, विनिता र चन्द्रकला कक्षा आठमा पढ्छन् । उनीहरू पढाइलाई निरन्तरता दिन चाहन्छन् ।

(ख) आमा भन्नुहुन्छ, "तिमी राम्रो काम गर्न सक्छ्यौ ।"

(ग) तपाइँ मलाई सहयोग गर्नुहोस् ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका उनीहरू, तिमी र म शब्दहरू सर्वनाम हुन् । सर्वनामका प्रकारहरूलाई निम्नानुसार बुझ्नुहोस् :

**सर्वनाम**

| पुरुषवाचक | दर्शक | सम्बन्धवाचक | प्रश्नवाचक |
| --- | --- | --- | --- |
| म, हामी, तँ, तिमी, तिमीहरू, तपाईं, तपाईंहरू, ऊ, उनी, उनीहरू, तिनी, तिनीहरू, हजुर, हजुरहरू आदि । | यो, यी, यहाँ, यिनीहरू, त्यो, ती, त्यहाँ, तिनीहरू, उहाँ, उहाँहरू आदि । | जो, जे, जुन, जो जो, जुन जुन, जोसुकै, जेसुकै, जतिसुकै आदि । | को, के, कुन, कहाँ, के के, कुन कुन, कुनै, कुनै कुनै आदि । |

**१९. तलको वाक्य पढी सर्वनाम शब्द कापीमा टिप्नुहोस् :**

(क) हामी नेपाली हौँ ।

(ख) जोसुकै खेतमा जाओस् ।

(ग) तपाइँहरू सन्चै हुनुहुन्छ ?

(घ) यो कहाँ हिँड्छ ?

(ङ) मचाहिँ पढ्न हिँडेँ ।

(च) तिमी कुन बेला घर आउँछौ ?

**२०. तलका वाक्यहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) तिमीले त निकै मिहिनेत गरेछौ ।

(ख) हामी सबै जना मेला हेर्न जान्छौँ नि ।

(ग) म गीत गाउँछु । तिमी मादल बजाउँदै गर है ।

(घ) होइन ब्यारे मैले केही भनेकै छैन ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका त, नि, है र ब्यारे शब्द निपात हुन् । निपातलाई वाक्यको सुरु, बिच र अन्त्यमा प्रयोग गर्न सकिन्छ ।

**२१. तलका निपात शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

त, नि, क्यो, ल, है, रे, ब्यारे

## सिर्जनात्मक अभ्यास

**२२. तलका शब्द खाली ठाउँमा भर्नुहोस् :**

| |
|---|
| लाखौँ, रस, चन्द्र, धन्य, उखु, नि, कालै, किसान |

फूलका ...........मा मौरी
मह देख्दछ...........छ
.........भित्र चिनी देख्ने
सोझो ...........धन्य छ ।

.................तारा उदाए नि
धर्ती.............हुँदाहुँदी
आधा मात्र उदाए...........
एउटै...........धन्य छ ।

## थप सामग्री

**१. व्याख्या गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

(क) भाव विस्तार तथा व्याख्याका लागि दिइएको अंश पढेर त्यसको मुख्य आशय बुझ्नुपर्छ ।

(ख) दिइएको अंशलाई पुष्टि गर्ने किसिमका उदाहरण दिई विषयवस्तुलाई समेट्नुपर्छ ।

(ग) दिइएको अंशमा आधारित भएर तर्कपूर्ण विश्लेषण गर्नुपर्छ ।

(घ) निचोडसहित समापन गर्नुपर्छ ।

(ङ) व्याख्या एउटै अनुच्छेदमा पनि लेख्न सकिने छ ।

**२. व्याख्याको नमुना**

आमाको उपमा मिलेन उपमा आमा र आमा तिमी

आमा हौ उपमा भए पनि उनै आमाहरूकै तिमी

**उत्तर :**

आमाले सन्तानलाई जीवन दिन्छिन् । सन्तानले आमाकै माया ममतामा आफूलाई सफल र असल बनाउँछन् । आमाबिना जीवनको कल्पना नै गर्न सकिँदैन । त्यसैकारण आमालाई ईश्वरको साक्षात् रूपमा सम्मान गरिन्छ । आमालाई विभिन्न नाम दिने गरिन्छ । सहनशील हुनाले आमालाई धर्ती भनिन्छ । सन्तानलाई सधैँ उज्यालो बाटो देखाउने हुनाले सूर्य भन्ने गरिन्छ । जीवनमा आमासँगको सम्बन्ध अमूल्य हुने हुनाले मोतीसँग तुलना गर्ने गरिन्छ । आमाको काख शीतल हुनाले आमालाई चन्द्रमाको नाम पनि दिने गरिन्छ । वास्तवमा आमासँग तुलना गर्न सकिने अर्को कुनै वस्तु छैन । संसारका जुनसुकै अमूल्य वस्तु पनि आमाका अगाडि फिका लाग्छन् । तसर्थ आमाका लागि उपमा दिन सकिने वस्तुको सिर्जना संसारमा भएकै छैन । आमा केवल आमाकै नाममा पुकारिन्छिन् । आमाको उपमा खोजिँदा आमाको अपमान हुन्छ । आमालाई आमाकै रूपमा सम्मान गर्नुपर्छ । अतः हरेक सन्तानले आमालाई हृदयदेखि नै श्रद्धाभाव चढाउनुपर्छ । आमाको तुलना संसारका कुनै पनि बहुमूल्य वस्तुसँग समेत हुन सक्दैन । आमालाई आमाकै नाममा पुकार गर्नुपर्छ । आमाकै नाममा चिन्नुपर्छ । आमाकै नाममा सेवा गर्नुपर्छ ।

# पाठ २ : सौरभ र सौरभी

सरस्वती प्रतीक्षा

*परिवारलाई सुन्दर बनाउन परिवारका सबै सदस्यले आत्मसम्मान पाउनुपर्छ । 'आत्मसम्मान' शब्दभन्दा व्यवहारबाट पाउने कुरा हो । घरधन्दा महिला वा पुरुष जसले गर्दा पनि हुन्छ । आफ्ना काम आफैँले गर्न नजान्दा कहिलेकाहीँ समस्या पर्न सक्छ । तलको कथा पढ्नुहोस् र आफ्नो काम आफैँ गर्ने बानी सिक्नुहोस् :*

१. सौरभ र सौरभीको अनुहार मात्र होइन, हाँसो र हाँस्दा देब्रे गालामा पर्ने खोपिल्टा पनि मिल्थ्यो । रिसाउँदा झनक्क रिस देखाउने तरिका मिल्थ्यो । हर्षित हुँदा खुसी पोख्ने शैली पनि मिल्थ्यो । बिहानै सबेरै उठ्ने दुवैको बानी मिल्थ्यो । अध्ययनमा कहिल्यै अल्छी नगर्ने, गृहकार्य गर कहिल्यै भन्नु नपर्ने दुवैको जाँगर र जाँगरको स्तर मिल्थ्यो ।

२. अरू त अरू, दुवैको जन्मदिनको मिति पनि मिल्थ्यो । नमिलोस् पनि किन ? मात्र एक मिनेटको फरकमा जन्मिएका सौरभ र सौरभी जुम्ल्याहा दाजुबहिनी थिए । दुवै सँगसँगै मिलेर जन्मदिन मनाउँथे । अरूले झैँ केकमाथिको मैनबत्ती निभाएपछि केट काटेर होइन, केकनजिकै दुईओटा पालामा दियो बालेर जन्मदिन मनाउँथे । जन्मदिनमा दियो बाल्न आमा सुरञ्जनाले सिकाएकी थिइन् । सुरञ्जना भन्थिन्, "जन्मदिनको यात्रा अँध्यारोबाट उज्यालोतिरको हुनुपर्छ, न कि उज्यालोबाट अँध्यारोतिरको । त्यसैले बलेको मैनबत्ती निभाएर होइन, नबलेको दियो बालेर जन्मदिन मनाउनुपर्छ ।"



३. बालापनमा धेरै कुरा मिल्ने सौरभ र सौरभीको कुरा किशोरावस्थामा बिस्तारै मिल्न छोड्यो । दुवैमा प्रस्ट भिन्नताहरू देखा पर्न थाले । बाह्र वर्ष लाग्दा नलाग्दै सौरभको आनीबानी चौबिस गुणाले सरक्कै फेरिन थाल्यो ।

४. आमालाई भान्सादेखि करेसासम्म सघाउन तम्सने सौरभले अब सक्ने कामहरू पनि गर्न छोड्यो । सौरभीले आमासँगै चिया पकाउन सिकी । खाना पकाउन र भाँडा माझ्न सिकी । सौरभले भने खानेकुरा मगाउन मात्र सिक्यो । खाना मिठो भएन भनेर किचकिच गर्न सिक्यो ।

५. हुँदाहुँदा एक दिन सौरभले स्कुल जाँदा लगाउनुपर्ने मोजा र बोक्नुपर्ने रुमाल पनि आफूले ठिक्क नपारी आमासित माग्यो । आमाले भनिन्, "त्यति काम त तिमी आफैँ गर्न सकिहाल्छौ नि बाबु !"

६. उसले प्याच्च जवाफ दियो, "म त केटा मान्छे पो हुँ त ।"

७. "केटा मान्छेले आफ्नो सामान आफैँले तयार पार्न हुँदैन र ?" आमाले सोधिन् ।

८. "बुबाले कहिल्यै आफ्नो मोजा र रुमाल तयार गर्नुभएको छ र मैले गर्नु ?' ऊभित्रको पुरुषत्व छताछुल्ल भयो ।

९. सुरञ्जना छोराको सोचसँग तर्सिइन् । श्रीमान् अभिषेकसित पनि कुरा गरिन् । परम्परा नै यस्तै छ भन्दै अभिषेकले प्रसङ्ग टुङ्ग्याइदिए ।

१०. सौरभको अहम् रोकिने कुनै लक्षण देखिएन ।

११. आमाले भनिन्, "सौरभीले खाएको भाँडा माझ्न मात्र होइन, खाना बनाउन पनि सिकी । तिमी पनि कम्तीमा आफूले खाएको भाँडा त उठाउने गर ।"

१२. सौरभले भन्यो, "बुबाले आफूले खाएको थाल कहिल्यै उठाउनुभएको छ र मैले उठाउने ?"

१३. आमाले भनिन्, "बाबु, स्कुलबाट फर्केपछि आफूले फुकालेका लुगा त सपक्क मिलाएर राख्ने गर ।"

१४. सौरभले भन्यो, "बुबाले अफिसबाट फर्केपछि कहिल्यै आफ्नो लुगा मिलाएर राख्नुभएको छ र मैले राख्ने ? मलाई मात्र कचकच नगर्नुहोस् आमा !"

१५. सौरभको बारम्बारको अटेरीपनबाट आजित भएर सुरञ्जनाले श्रीमान्लाई आफ्नो आदत सुधार्न नभनेकी पनि होइनन् । अभिषेकले यस्ता ससाना कुरा मसित नगर भन्दै जहिल्यै टारिरहे । परम्पराको दुहाइ दिइरहे । यस्तै ससाना कुराले घरमा ठुल्ठुला झगडा सुरु हुन थालेको थियो । प्रत्येक झगडामा सौरभी आमाको पक्षमा हुन्थिन् भने सौरभले बुबाको पक्ष लिन्थ्यो ।

१६. आजित भएपछि दसैँ बिदाको छेको पारेर सौरभीलाई लिएर सुरञ्जना सुटुक्क माइत गइन् । अफिस बिदा छँदै थियो ।

१७. केही दिन त बाबुछोराले निकै मस्ती गरे । बिहान बेलुका फरक फरक रेस्टुरेन्टमा खाजा र खाना खान पुग्नु उनीहरूको दिनचर्या नै बनेको थियो । एकदिन अचानक सौरभ बिरामी भयो । ऊ झाडाबान्ताले इन्तु न चिन्तु भयो । बुबाले उसलाई अस्पताल लगे । चिकित्सकले औषधी दिए र घरको सादा खानेकुरा मात्र खुवाउने सल्लाह दिए ।



१८. त्यसपछि अभिषेकको नौनाडी गल्यो । उनी युट्युब हेरेर भेज सुप, जाउलो र भात पकाउँथे । आमाले पकाएको जस्तो स्वादिलो भएन भनेर सौरभ गनगन गरिरहन्थ्यो । खाना खानै मान्दैनथ्यो । अरू त अरू लुगा धुने, घर सफा गर्ने जस्ता घरधन्दाले पनि अभिषेक आफैँ बिरामी जस्ता देखिन्थे । आमा छउन्जेल

आमाकै भर परे । आमा बितेपछि श्रीमतीको भर परे । अभिषेकलाई आफ्नो काम आफैँले गर्न नसकेकामा पश्चात्ताप लाग्यो । त्यही पश्चातापमा आँसुका रूपमा बग्न थाले । सौरभ बुबा रोएको देखे पनि नदेखेझैँ गर्थ्यो । उसले बुबा रोएको जीवनमै पहिलोपटक देखेको थियो । उसले आमा र बहिनीलाई श्रद्धापूर्वक सम्झियो ।

१९. अभिषेकले फोन गरेर सुरञ्जनासित माफी मागे । तुरुन्त घर फर्कन बिन्ती गरे । छोरा बिरामी भएको खबरले सुरञ्जनाको मन पोल्यो । उनी छोरीलाई लिएर त्यही साँझ घर आइपुगिन् ।

२०. भोलिपल्टदेखि उनीहरूको घर पुरानो अवस्थामा रहेन । 'म त केटा मान्छे पो हुँ त' भन्ने सौरभले सकी नसकी भान्सादेखि करेसाबारीसम्म आमालाई सघाउन थाल्यो । अभिषेकले घरधन्दा सिक्न र सघाउन थाले ।

२१. एक दिन सौरभ बगैँचाका फूलमा पानी हाल्दै थिए । सौरभीले दाइलाई जिस्काउँदै भनिन्, "तिमी त केटा मान्छे पो त ! केटा मान्छेले काम गर्न सुहाएन ।"

२२. सौरभले भन्यो, "कुनै पनि काम केटा वा केटी मान्छेका हुँदैनन् । काम गरेर कोही सानो हुँदैन ।"

२३. सौरभको कुरा सुनेर सौरभी मुसुक्क हाँसिन् । छेवैमा उभिरहेका बुबाआमा पनि मुसुमुसु हाँस्न थाले । उनीहरूको हाँसोमा मिसिएर सिङ्गो घर नै हँसिलो भयो ।

---

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यति र लेख्य चिह्न ख्याल गरी भावानुकूल सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । कथा शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

| | | |
|---|---|---|
| शैली | - | काम गराइको ढाँचा, तरिका |
| अध्ययन | - | पढ्ने काम, पठन |
| बालापन | - | बाल्यकाल |
| किशोरवय | - | किशोर उमेर |
| अहम् | - | घमन्ड |
| लक्षण | - | सङ्केत, वस्तु चिन्ने विशेष गुण |
| आजित | - | हैरान, दिक्क |
| परम्परा | - | पहिलेदेखि चलिआएको रीतिथिति |
| तनाव | - | कुनै झमेलाका कामकुरा |
| इन्तु न चिन्तु | - | सिकिस्त हुनु |
| श्रद्धापूर्वक | - | सम्मानपूर्वक |

## अभ्यास

**१. पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) सौरभको नराम्रो बानी के थियो ?

(ख) सौरभीले आमालाई कसरी सघाउन थाली ?

(ग) सौरभले किन आफूले खाएको भाँडा उठाएन ?

(घ) सुरञ्जना कहिले माइत गइन् ?

(ङ) सौरभले आमा र बहिनीलाई किन सम्झियो ?

**३. कसले कसलाई किन भनेको हो, लेख्नुहोस् :**

(क) जन्मदिनको यात्रा अँध्यारोबाट उज्यालोतिरको हुनुपर्छ, न कि उज्यालोबाट अँध्यारोतिरको ।

(ख) त्यति काम त तिमी आफैँ गर्न सकिहाल्छौ नि ।

(ग) बुबाले कहिल्यै आफूले आएको थाल उठाउनुभएको छ र मैले उठाउने ?

(घ) यस्ता ससाना कुरा मसित नगर ।

(ङ) केटा मान्छेले काम गर्न सुहाएन ।

**४. ठिक उत्तरमा ठिक चिह्न लगाउनुहोस् :**

**(क) सौरभ र सौरभीको जन्मदिन कहिले पर्थ्यो ?**

(अ) एकै दिन (आ) एक वर्ष अघिपछि

(इ) दुई वर्ष अघिपछि

**(ख) सौरभले 'म त केटा मान्छे पो हुँ' त भन्नुको कारण के हो ?**

(अ) केटाकेटी भएकाले (आ) अबुझ भएकाले

(इ) पुरुष अहम् भएकाले

**(ग) को झाडाबान्ताको बिरामी भयो ?**

(अ) सुरञ्जना (आ) सौरभ (इ) सौरभी

**(घ) अभिषेकले कसरी खाना बनाउन सिके ?**

(अ) युट्युब हेरेर (आ) छिमेकीलाई सोधेर (इ) श्रीमतीलाई सोधेर

**५. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) सौरभीको राम्रो बानी के थियो ?

(ख) सौरभको अहम् कसरी बढ्यो ?

(ग) सुरञ्जना किन माइत गइन् ?

(घ) अभिषेकलाई किन पश्चाताप लाग्यो ?

(ङ) 'सौरभ र सौरभी' कथा पढेर के शिक्षा पाइन्छ ?

६. **यदि तपाईं 'सौरभ र सौरभी' कथाको सौरभ हुनुभएको भए आमालाई काममा सघाउनुहुन्थ्यो वा हुँदैनथ्यो, कारणसहित उत्तर लेख्नुहोस् ।**

७. **'सौरभ र सौरभी' कथामा कसरी घमन्ड तोडिएको छ, वर्णन गर्नुहोस् ।**

८. **भावविस्तार गर्नुहोस् :**

(क) बलेको मैनबत्ती निभाएर होइन, नबलेको दियो बालेर जन्मदिन मनाउनुपर्छ ।

(ख) काम गरेर कोही सानो हुँदैन ।

९. **तलको चित्रको वर्णन गर्नुहोस् :**



## शब्दभण्डार

**१०. तलका शब्दको अर्थ भन्नुहोस् :**

अध्ययन, बालापन, तनाव, लक्षण, परम्परा, श्रद्धापूर्वक

**११. जोडा मिलाउनुहोस् :**

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| झनक्क | पिट्नु |
| प्याच्च | मिलाउनु |
| सपक्क | रिसाउनु |
| मुसुक्क | बोल्नु |
| प्याट्ट | हाँस्नु |

**१२. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

चुर्लम्म, धपक्क, सिरसिर, लटरम्म, भुलुक्क, टिनिन्न, कलकल

## वर्णविन्यास

**१३ तलका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) बहिनी, दिदी, काकी, गाई, भैँसी, बाखी जस्ता स्त्रीलिङ्गी नामपदको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(ख) सानी, काली, डल्ली, च्यान्टी, छुच्ची, पोक्ची जस्ता स्त्रीलिङ्गी विशेषण शब्दको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(ग) ऊ, ती, यी, उनी, तिमी, हामी जस्ता सर्वनाम पदका अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(घ) फाली, कोदाली, मदानी, बाल्टी, काउली, फर्सी जस्ता निर्जीव नामपदको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(ङ) दुई, साठी, सत्तरी, असी जस्ता सङ्ख्याबोधक शब्दको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(च) बाग्मती, नारायणी, गुल्मी, कैलाली, बैतडी, नेपाली, हिन्दी, मैथिली जस्ता नदी, स्थान र भाषा बुझाउने शब्दको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(छ) भनी, गरी, पढी, लेखी, सकी, डुली जस्ता स्त्रीलिङ्गी क्रियाको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

(ज) व्यापारी, हली, ठकुरी, लिम्बू, अधिकारी, उप्रेती जस्ता पेसा, जाति र थर बुझाउने शब्दको अन्त्यमा दीर्घ ईकार लेखिन्छ ।

**१४. तलका शब्दलाई शुद्ध पारी कापीमा लेख्नुहोस् :**

सम्धिनि, कहिलेकाहिँ, भोजपुरि, धनि, गोडि, अङ्ग्रेजि, रोपि, फारसि, जजमानि, एकसठ्ठि,

**१५. पाठ पढी दीर्घ ईकार भएका दशओटा शब्द कापीमा लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१६. पढ्नुहोस् र बुझ्नुहोस् :**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| (क) काका बारीमा जानुभयो । | (क) काकी बारीमा जानुभयो । |
| (ख) फुपाजु मलाई माया गर्नुहुन्छ । | (ख) फुपू मलाई माया गर्नुहुन्छ । |
| (ग) गोरु घाँस खाँदै छ । | (ग) गाई घाँस खाँदै छ । |
| (घ) चरो भुर्र उडेछ । | (घ) चरी भुर्र उडेछ । |

माथिको तालिकामा रेखाङ्कन गरिएका काका, फुपाजु, गोरु र चरो जस्ता पदले पुरुष वा भाले जातिलाई चिनाएका छन् । काकी, फुपू, गाई, चरी जस्ता पदले महिला वा पोथी जातिलाई बुझाएका छन् । मानिस जातिका पुलिङ्गी र स्त्रीलिङ्गी कर्ताअनुसार क्रियापद रहन्छ । मानिसबाहेकका प्राणीमा पुलिङ्ग र स्त्रीलिङ्ग दुवैमा पुलिङ्गी अनादर क्रियापद रहन्छ ।

| एकवचन | बहुवचन |
|---|---|
| (क) म कथाका किताब पढ्छु । | (क) हामी कथाका किताब पढ्छौँ । |
| (ख) ऊ खेतमा धान रोप्दै छ । | (ख) उनीहरू खेतमा धान रोप्दै छन् । |
| (ग) तिमी वस्तुभाउ चराउँछौ । | (ग) तिमीहरू वस्तुभाउ चराउँछौ । |
| (घ) केटो हवाईजहाज चढ्ने छ । | (घ) केटाहरू हवाईजहाज चढ्ने छन् । |

माथिको तालिकामा रेखाङ्कन गरिएका म, ऊ, तिमी, केटो जस्ता शब्दले एकवचन चिनाएका छन् । हामी, उनीहरू, तिमीहरू, केटाहरू जस्ता शब्दले बहुवचन बुझाएका छन् । कर्ता एकवचन भए क्रियापद एकवचन हुन्छ । कर्ता बहुवचन भए क्रियापद पनि बहुवचन नै हुन्छ ।

**१७. पद सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

(क) केटाहरूले खेल जित्यो ।

(ख) तिमीहरू घर जान्छ ।

(ग) भाउजू माइतबाट आएछ ।

(घ) भाइ कहाँ बस्नुहुन्छ ?

(ङ) हामी धेरै पढ्थ्यो ।

(च) मेरी बहिनी ज्ञानी छ ।

## सिर्जनात्मक अभ्यास

**१८. तपाईं पढेका वा सुनेका घटनाका आधारमा दशओटा बुँदाहरू टिप्नुहोस् र शीर्षक राखेर कथा तयार पार्नुहोस् ।**

**१९. 'सौरभ र सौरभी' कथाकी सुरञ्जना माइतबाट घरमा नफर्किएकी भए के हुन्थ्यो होला ? कल्पना गरी कथा लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।**

## थप सामग्री

**१. तार्किक उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

(क) प्रश्नलाई राम्ररी पढी मूल समस्या पहिचान गर्नुपर्छ । प्रश्नको समस्यामा आधारित भई उत्तर लेख्नुपर्छ ।

(ख) उद्धरणलाई सङ्केत मात्र गर्नुपर्छ । लेखक परिचयको आवश्यकता पर्दैन ।

(ग) तार्किक उत्तर सामान्यतया एउटै अनुच्छेदमा लेखिन्छ । अनुच्छेदलाई सुरु, मध्य र अन्त्य खण्डमा विभाजन गर्नुपर्छ ।

**तार्किक उत्तर संरचना**

| |
|---|
| **सुरु भाग**<br>पाठ सङ्केत, पात्र वा परिवेशको परिचय |
| **मध्य भाग**<br>प्रश्नको समस्यामा आधारित भई आफ्ना विचार |
| **अन्त्य भाग**<br>समस्या समाधानसहितको निचोड |

## २. तार्किक उत्तरको नमुना

**प्रश्न : यदि तपाईं 'सौरभ र सौरभी' कथाको पात्र सौरभ भएको भए कस्तो भूमिका निर्वाह गर्नुहुन्थ्यो ?**

**उत्तर :**

सौरभ 'सौरभ र सौरभी' कथाको बालपात्र हो । सौरभको स्वभाव केटाकेटी अवस्था रहुन्जेसम्म जुम्ल्याहा बहिनी सौरभीसँग मिल्छ । जब सौरभ किशोरावस्थामा प्रवेश गर्छ, उसको आनीबानी निकै फरक देखिन्छ । सौरभ आफूले गर्न सक्ने घरका सामान्य काम पनि गर्दैन । मोजा लगाउने र रुमाल बोक्ने जस्ता आफ्ना काम आमालाई अह्राउँछ । सौरभको पुरुष अहम्को स्रोत आफ्नै बुबा हुन् । बुबाकै देखासिकी सौरभमा सरेको छ । यदि म सौरभको ठाउँमा भएको भए आमालाई राम्रो व्यवहार गर्थें । आफूले सक्ने काम गर्दा कोही सानो हुँदैन । म पनि घरधन्दा गर्थें । आफूले नजानेका काम अभिभावकबाट सिक्थेँ । आफ्नो व्यक्तिगत सरसफाइ आफैँ गर्थें । आफ्ना सामानको व्यवस्थापन आफैँ गर्थें । बुबाआमामा केही कमजोरी भएमा त्यसको नक्कल गर्दिनथेँ । बरु उहाँहरूलाई कमजोरी सुधार्न सुझाव दिन्थेँ । परिवारमा सबै जनाले मिलिजुली काम गर्ने संस्कार विकास गर्न भूमिका खेल्थेँ । साथीहरूलाई पनि यस्तै सल्लाह दिन्थेँ । समाजमा लैङ्गिक हिंसा रोक्न भूमिका निर्वाह गर्थें ।

# पाठ ३ : पर्वतारोही पासाङ ल्हामु शेर्पा

*पासाङ ल्हामु शेर्पा नेपाल र नेपालीको गौरवलाई सगरमाथाको उचाइमा पुऱ्याउने साहसी व्यक्तित्व हुन् । दृढ इच्छाशक्ति, उच्च मनोबल र निरन्तरको प्रयत्नबाट सफलता प्राप्त गर्न सकिन्छ भन्ने प्रेरणा उनले दिएकी छिन् । यिनै प्रेरणा प्राप्तिका लागि 'पर्वतारोही पासाङ ल्हामु शेर्पा'को जीवनी पढ्नुहोस् :*



१. विश्वको सर्वोच्च शिखर सगरमाथाले नेपाललाई विश्वभरि चिनाएको छ । नेपालका अग्ला हिमशृङ्खलाहरूको आरोहणलाई आफ्नो रुचिको क्षेत्र बनाउने विश्वमा कयौँ साहसिक हिमाल आरोहीहरू जन्मेका छन् । तीमध्ये नेपाली माटोमा हुर्किएर विश्वकै मुकुट सगरमाथामा चम्किएकी पासाङ ल्हामु शेर्पाको नाम अग्रपङ्क्तिमा आउँछ । उनी सगरमाथा शिखरमा पाइला टेक्ने पहिलो नेपाली महिला हुन् ।

२. पासाङ ल्हामु शेर्पाको जन्म वि.सं. २०१८ साल मङ्सिर २५ गते सोलुखुम्बु जिल्लाको चौँरीखर्कमा भएको थियो । उनी माता आङ दाकी शेर्पा र पिता फुर्वा कितार शेर्पाको तेस्रो सन्तान हुन् । चौँरीखर्कको सुन्दर प्रकृतिको काखमा उनको बाल्यकाल बित्यो । उनी डाँखापाखामा रातै फुलेका गुराँसका फूलहरू हेरेर रमाउँथिन् । सेताम्य देखिने हिमालहरू हेरेर हिमाल चढ्ने रहर गर्थिन् । उनको हृदयमा सानैदेखि पर्वतारोहणको रुचि जागृत भयो ।

३. उनका पिता फुर्वा कितार शेर्पा पर्वतारोहण व्यवसायसँग सम्बद्ध थिए । उनले सानै उमेरमा पर्वतारोहणसँग सम्बन्धित ज्ञान घरमा नै पाइन् । यसै क्रममा उनको भेट लाक्पा सोनाम शेर्पासँग भयो । उनी पनि पर्वतारोहण व्यवसायसँग आबद्ध थिए । उनीहरूको सम्बन्ध वैवाहिक जीवनमा फेरियो । उनीहरूबाट दुई छोरी र एक छोरा जन्मिए ।

४. पासाङ उच्च मनोबल भएकी नारी थिइन् । इच्छाशक्ति भएमा लक्ष्यमा पुग्न सकिन्छ भन्ने उनको विचार थियो । सानै उमेरदेखि पर्वतारोहणतर्फ उनको गहिरो अभिरुचि पनि थियो । हिमाल आरोहण गर्ने उनको इच्छालाई पति लाक्पा सोनाम शेर्पाले सघाए । पासाङ पर्वतारोहण दलमा आबद्ध भइन् । यसै क्रममा उनले वि.सं. २०४४ सालमा मनाङको पिसाङ हिमाल र लाङटाङको याल्पिक हिमालको सफल आरोहण गरिन् । सगरमाथा शिखरमा पुग्ने उनको भित्री इच्छालाई सफल आरोहणको यात्राले थप ऊर्जा प्रदान गऱ्यो ।

५. पासाङ ल्हामु शेर्पा आफ्नो मनोबललाई सगरमाथाभन्दा उच्च राख्न चाहन्थिन् । पर्वतारोहणकै सिलसिलामा उनी सगरमाथाको पहिलो शिविरसम्म पटक पटक पुगेकी थिइन् । यसै क्रममा वि.सं. २०४७ सालमा फ्रान्सेली पर्वतारोहण दलको नेतृत्वमा प्रथमपटक सगरमाथा आरोहणमा निस्किइन् । ८ हजार मिटरको उचाइमा पुगेपछि सो दलकी फ्रान्सेली महिला बिरामी परिन् । पासाङलाई एक्लै भए पनि अगाडि बढ्ने इच्छा थियो । त्यति खेर उनलाई एक्लै जाने अनुमति दिइएन । यसरी उनको पहिलो पटकको सगरमाथा शिखर चुम्ने प्रयास असफल भयो ।

६. उनले हिम्मत कहिल्यै हारिनन् । उनले वि.सं. २०४८ सालमा आफ्नै नेतृत्वमा सगरमाथा शिखर आरोहरणको दोस्रो प्रयास गरिन् । ८ हजार ७ सय ५० मिटरको उचाइमा पुगेपछि मौसम एक्कासि प्रतिकूल बन्यो । आँधीसहित भीषण हिमपात भयो । यसरी उनको दोस्रो प्रयास पनि असफल नै भयो । वि.सं. २०४९ सालमा पुनः फ्रान्सेली पर्वतारोहण दलसँग सगरमाथा आरोहणको तेस्रो प्रयास गरिन् । तेस्रो प्रयास पनि मौसम अनुकूल भएन । यसरी तीन पटकसम्म उनको सगरमाथाको आरोहण प्रयास असफल भयो ।

७. सगरमाथा आरोहणका क्रममा उनले 'प्रथम नेपाली महिला सगरमाथा आरोहण दल' नामक संस्था दर्ता गरेकी थिइन् । यसै संस्थामार्फत् उनी चौथोपटक सगरमाथा शिखरको यात्रामा निस्किइन् । यस यात्रामा उनका पति लाक्पा सोनाम शेर्पा पनि सँगै थिए । पतिसँगै उनी वि.सं. २०५० साल वैशाख ८ गते

८ हजार मिटरको चौथो शिविरसम्म पुगिन् । आफ्ना तीनओटा कलिला सन्तानको भविष्य पतिलाई जिम्मा दिँदै उनी अगाडि बढिन् । वि.सं. २०५० साल वैशाख १० गते दिउँसो २ बजेर १५ मिनेटमा उनको पाइलाले सगरमाथाको शिखर चुम्यो । अन्ततः अदम्य साहस र दृढ सङ्कल्पकै कारण पासाङले इतिहास रचिन् ।



८. सगरमाथा आरोहणको इतिहास बनाएर फर्कने क्रममा भीषण हिमपात भयो । हिमालकी छोरी पासाङ हिमालमा हराइन् । लगातार १९ दिनसम्म हिउँको सिरकभित्र पासाङलाई हिमालले लुकायो । यसरी सगरमाथा आरोहणको चुनौतीलाई सामना गरेकी पासाङ नेपालको इतिहासमा अमर बनिन् । नेपाल सरकारले वि.सं. २०५९ साल वैशाख १० गते राष्ट्रिय विभूति घोषणा गऱ्यो । मृत्युपश्चात् सप्रदिप्त मान्यवर नेपाल तारा पुरस्कार र हुलाक टिकट प्रकाशन गरी उनलाई सम्मान गरियो । ७ हजार ३ सय ५१ मिटर अग्लो जासम्बा हिम चुचुरोको नाम पासाङ ल्हामु चुली नामकरण गरिएको छ ।

९. पासाङ नेपाल र नेपालीको गौरव हुन् । उनले रचेको इतिहासले नेपालीलाई गौरवको पाठ पढाएको छ । उनी मरेर अमर बनिन्, इतिहास बनिन् । उनी प्रेरणाकी मुहान बनेकी छिन् ।

**शिक्षण निर्देशन :** ***शिक्षकले प्रेरक व्यक्तित्वका बारेमा कक्षामा छलफल चलाउनुहोस् । जीवनीका सबै अनुच्छेदलाई पालैपालो सस्वरवाचन गराउनुहोस् । बिच बिचमा प्रश्नोत्तर र छलफल गराउनुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

सर्वोच्च - सबैभन्दा उच्च वा अग्लो

शिखर - चुचुरो, टाकुरो

हिमशृङ्खला - हिमालय पर्वतका श्रेणी वा पङ्क्ति

आरोहण - चढ्ने वा उक्लने काम

साहसिक - साहस भएको, आँटी, साहसी

आरोही - पहाड र हिमाल चढ्ने वा उक्लने मानिस

मुकुट - ताज, शिखर

गरिमा - महत्त्व, गौरव

हृदय - मन, चित्त

जागृत - सचेत, होसियार

पर्वतारोहण - पहाड वा हिमाल चढ्ने काम

सम्बद्ध - जोडिएको, राम्ररी बाँधिएको

आबद्ध - सम्बन्ध भएको

इच्छाशक्ति - भित्री चाहना

अभिरुचि - इच्छा, अभिलाषा

पिसाङ - मनाङ जिल्लामा रहेको एक हिमाल

याल्पिक - रसुवा जिल्लामा रहेको एक हिमाल

ऊर्जा - शक्ति, बल, तागत

| | | |
|---|---|---|
| शिविर | - | पर्वतारोहण आदिका अवसरमा अस्थायी रूपमा पाल टाँगी बास कायम गरिने ठाउँ |
| मनोबल | - | मनैदेखिको बल वा हिम्मत |
| अनुमति | - | आदेश, आज्ञा |
| प्रयास | - | कोसिस, जमर्को |
| हिम्मत | - | साहस, कुनै काम गर्ने आँट |
| एक्कासि | - | अकस्मात्, एकाएक |
| भीषण | - | डरलाग्दो, भयङ्कर, भयावह |
| अदम्य | - | दबाउन वा दमन गर्न नसकिने |
| सङ्कल्प | - | कुनै इच्छा साकार पार्ने अठोट, मनको आँट |
| चुनौती | - | समस्या |
| प्रेरणा | - | हौसला, उत्साह |
| मुहान | - | उद्गम स्थल, मूल ठाउँ |

## अभ्यास

**१. पाठ पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) पासाङ ल्हामु शेर्पाको जन्म कहिले भएको थियो ?

(ख) सगरमाथा आरोहणका क्रममा पासाङले स्थापना गरेको संस्थाको नाम के हो ?

(ग) सगरमाथामा पाइला टेक्ने प्रथम नेपाली महिला को हुन् ?

(घ) कुन चुचुरालाई पासाङ ल्हामु चुली नामकरण गरिएको छ ?

**३. तेस्रो अनुच्छेदलाई द्रुत पठन गर्नुहोस् र सो अनुच्छेद पढ्न तपाईँलाई कति समय लाग्यो, त्यसको हेका राख्नुहोस् ।**

**४. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वि.सं. २०४४ | सगरमाथा आरोहणको दोस्रो प्रयास |
| वि.सं. २०४७ | सगरमाथाको सफल आरोहण |
| वि.सं. २०४८ | सगरमाथा आरोहणको पहिलो प्रयास |
| वि.सं. २०५० | मनाङको पिसाङ हिमाल आरोहण |
| | सगरमाथा आरोहणको तेस्रो प्रयास |

**५. पाठबाट मिल्ने शब्द खोजी खाली ठाउँ भर्नुहोस् :**

(क) पासाङ ल्हामु शेर्पाकी आमाको नाम .................. थियो ।

(ख) इच्छाशक्ति भएमा .................... मा पुग्न सकिन्छ ।

(ग) पासाङ ल्हामु शेर्पा हिमालमा ......... दिनसम्म हराइन् ।

(घ) पासाङ मरेर अमर बनिन्, ........ बनिन् ।

**६. पाठको चौथो अनुच्छेदलाई श्रुतिलेखन गर्नुहोस् ।**

**७. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) पासाङ ल्हामु शेर्पाको बाल्यकाल कसरी बित्यो ?

(ख) पासाङ ल्हामु शेर्पाले आरोहण गरेका हिमालहरू कुन कुन हुन् ?

(ग) पासाङ ल्हामु शेर्पाले कुन कुन सम्मान र पुरस्कार पाइन् ?

(घ) पासाङ ल्हामु शेर्पाले कसरी सगरमाथाको सफल आरोहण गरिन् ?

(ङ) पासाङ ल्हामु शेर्पाको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?

**८. भावविस्तार गर्नुहोस् :**

(क) इच्छाशक्ति भएमा लक्ष्यमा पुग्न सकिन्छ ।

(ख) पासाङ नेपाल र नेपालीको गौरव हुन् ।

**९. पासाङ ल्हामु शेर्पाले नेपाल र नेपालीको गौरव कसरी बढाइन् ? वर्णन गर्नुहोस् ।**

**१०. पाठको पाँचौँ अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् ।**

**११. तलको अनुच्छेद पढी चारओटा प्रश्न निर्माण गर्नुहोस् :**

बालबालिका शारीरिक तथा मानसिक रूपमा परिपक्व नहुने हुँदा उनीहरूलाई विशेष स्याहार र सुविधाको आवश्यकता पर्दछ । उनीहरूलाई संरक्षण गर्नुका साथै बाँच्नका लागि चाहिने आधारभूत कुराहरूको व्यवस्था गरिदिनुपर्दछ । शिक्षा दिनुपर्छ । स्वास्थ्यसेवा पुऱ्याउनुपर्छ । खेल, मनोरञ्जन र आराम गर्न दिनुपर्छ । हेला, दुर्व्यवहार र शोषणबाट जोगाउनुपर्दछ । शान्ति, समझदारी र सुरक्षापूर्ण वातावरणमा असल शिक्षा हासिल गर्दै स्वस्थ भएर आफ्नो बाल्यकाल बिताउन पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । बालअधिकार भनेको बालबालिकालाई सामाजिक असुरक्षा, अशिक्षा, अवहेलना, तिरस्कार, शोषण र उत्पीडनको विरुद्ध संरक्षण प्रदान गर्दै तिनको बालापनको सुनिश्चित गर्नु हो । बालबालिका स्वयम्ले आफ्नो अधिकार लिन नसक्ने हुँदा उनीहरूको अधिकार संरक्षण गर्नु वयस्कहरूको दायित्व हो ।

## शब्दभण्डार

**१२. तलका शब्दको अर्थ भन्नुहोस् :**

प्रयास, हिम्मत, गरिमा, सन्तान, रुचि

**१३. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

शिखर, साहसिक, मनोबल, शिविर, आरोहण, व्यवसाय, नेतृत्व, विभूति

१४. **पढ्नुहोस् र बुझ्नुहोस् :**

**(क) श्रुतिसमभिन्नार्थी शब्द**

जाति : नेपालमा धेरै **जाति**का मानिसहरू मिलेर बस्छन् ।

जाती : तिमी धेरै **जाती** छौ ।

दिन : म एक **दिन**मा घर पुग्छु ।

दीन : हामीले **दीन** दुःखीलाई सहयोग गर्नुपर्छ ।

तिर : तिजमा भाउजू माइत**तिर** जानुहुन्छ ।

तीर : म नदीको **तीर**मा बसेर गीत गाउँछु ।

**(ख) अनेकार्थी शब्द**

अर्थ : नयाँ घर बनाउन **अर्थ** जम्मा गर्नुपर्छ ।

अर्थ : मेरो भनाइको **अर्थ** तपाईंले बुझ्नुभएको छ ।

कर : हामी सरकारलाई **कर** तिर्छौं ।

कर : तिमी मलाई घर जाने **कर** नगर ।

साँचो : हामीले सधैं **साँचो** कुरा बोल्नुपर्छ ।

साँचो : दराजको **साँचो** झोलामा छ ।

१५. **कोष्ठकबाट मिल्दो शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) .................. अनेकार्थी शब्द हो । (कर, सब, चढ)

(ख) 'अर्थ' र 'कल' ............ शब्द हुन् । (अनेकार्थी, पर्यायवाची, श्रुतिसमभिन्नार्थी)

(ग) 'सब - शव' ........... शब्द हुन् । (विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, पर्यायवाची)

(घ) ............. श्रुतिसमभिन्नार्थी शब्द हुन् । (दिन-दीन, जब-तब, जग-मग)

## वर्णविन्यास

**१६. तलका शब्द शुद्धसँग उच्चारण गरी कापीमा सार्नुहोस् :**

शृङ्खला, हृदय, जागृत, आबद्ध, भीषण, अनुकूल, याल्पिक, जीवन, वैवाहिक

**१७. तलका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| (क) व्यावसाय | व्यवसाय | बेबसाय | ब्यवसाय |
| (ख) अनूमति | अनूमती | अनुमती | अनुमति |
| (ग) घोसना | घोशना | घोषणा | घोषना |
| (घ) सङ्कल्प | संकल्प | सम्कल्प | सँकल्प |

**१८. पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) सुन, नुन, चुन, चुक, मुसो, मुला, ठुलो, बटुवा जस्ता शब्दको उकार ह्रस्व हुन्छ ।

(ख) दाजु, भिनाजु, फुपाजु, जेठाजु जस्ता शब्दको उकार ह्रस्व हुन्छ ।

(ग) हुरुक्क, मुसुमुसु, टुलुटुलु जस्ता शब्दको उकार ह्रस्व हुन्छ ।

(घ) कालु, रामु, बाबु, सानु, नानु जस्ता शब्दको उकार ह्रस्व हुन्छ ।

(ङ) लेख्छु, जान्छु, बस्छु, बोल्ने छु जस्ता क्रियापदको उकार ह्रस्व हुन्छ ।

(च) आउ, आलु, एलु प्रत्यय लागेर बनेका पढाउ, लेखाउ, दयालु, मायालु, घरेलु जस्ता शब्दको उकार ह्रस्व हुन्छ ।

**१९. ह्रस्व उकार लागेर बनेका दशओटा शब्दहरू पाठबाट खोजेर लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**२०. पढ्नुहोस् र बुझ्नुहोस् :**

**(क) सामान्य वर्तमान**

पासाङ ल्हामु शेर्पा सोलुखुम्बुमा बस्छिन् । उनी लाक्पा सोनामलाई मन पराउँछिन् । उनी सगरमाथा चढ्छिन् । उनलाई सबैले चिन्दछन् ।

**(ख) अपूर्ण वर्तमान**

पासाङ ल्हामु शेर्पा सोलुखुम्बुमा बस्दै छिन् । उनी लाक्पा सोनामलाई मन पराउँदै छिन् । उनी सगरमाथा चढ्दै छिन् । उनलाई सबैले चिन्दै छन् ।

**(ग) पूर्ण वर्तमान**

पासाङ ल्हामु शेर्पा सोलुखुम्बुमा बसेकी छिन् । उनले लाक्पा सोनामलाई मन पराएकी छिन् । उनले सगरमाथा चढेकी छिन् । उनलाई सबैले चिनेका छन् ।

**२१. तलका वाक्यलाई पक्षका आधारमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य वर्तमान | म घर जाँदै छु । |
| अपूर्ण वर्तमान | म घर गएको छु । |
| पूर्ण वर्तमान | म घर जान्छु । |

**२२. पाठको पहिलो अनुच्छेदबाट सामान्य र पूर्ण वर्तमान कालका दुई दुईओटा वाक्य टिपोट गर्नुहोस् ।**

**२३. सामान्य वर्तमान कालको प्रयोग गरी पाँच वाक्यमा आफ्नो रुचिको वर्णन गर्नुहोस् ।**

## सिर्जनात्मक अभ्यास

**२४. दिइएका बुँदाहरूका आधारमा शीर्षकसहित जीवनी तयार गर्नुहोस्:**

नाम : मोतीराम भट्ट

जन्म : वि.सं. १९२३ भाद्र कुशेऔंसी, काठमाडौं, भोसिको टोल

**पितामाता** : दयाराम भट्ट र रिपुमर्दिनी देवी

- छ वर्षको उमेरमा आफ्नी आमासँग काशी प्रस्थान
- बनारसमा रही संस्कृत र फारसी भाषाको अध्ययन
- पन्नालालबाट गायन र वाद्यवादनको शिक्षा पाएका
- नेपालमा आई वि.सं. १९३६ मा विवाह
- पुन: काशीमा गई अङ्ग्रेजी स्कुलमा भर्ना
- नेपाली काव्यजगत्मा सर्वप्रथम 'समस्यापूर्ति'को प्रारम्भ गर्ने कवि
- वनारसमा रामकृष्ण वर्मासँग परामर्श लिई 'भारत जीवन' नामक प्रेसको स्थापना
- भानुभक्तीय रामायणको 'बालकाण्ड'को प्रकाशनका साथै 'गोरखा भारत जीवन, नेपाली भाषाको पत्रिका पनि प्रकाशन गरेका
- माध्यमिक कालका केन्द्रीय प्रतिभा
- प्रथम नेपाली गजलकार, कवि, नाटककार, जीवनीकार, समालोचक, अन्वेषक, पत्रकार, बहुमुखी व्यक्तित्व

प्रमुख कृतिहरू: पिकदूत, उषा चरित्र, गजेन्द्र मोक्ष, मनोद्वेग प्रवाह, शकुन्तला, प्रियदर्शिका, नाटिका, भानुभक्तको जीवनी

मृत्यु : १९५३ भाद्र कुशेऔँसी

**२५. तपाईं बस्ने गाउँ/टोल समाजसेवीको जीवनी उहाँसँग सोधेर लेख्नुहोस्।**

## थप सामग्री

### जीवनी लेख्दा ध्यान दिनुपर्ने कुराहरू

१. जीवनी लेख्न दिइएको व्यक्ति र सम्बन्धित बुँदाहरूका बारेमा गहिरो मनन गर्नुपर्छ ।

२. प्राप्त विवरणहरूलाई क्रमशः बिस्तार गर्दै जानुपर्छ ।

३. जीवनीमा वास्तविक र पत्याउन सकिने कुराको मात्र चर्चा गर्नुपर्छ, बढाई चढाई गर्नु हुँदैन ।

४. अतिकाल्पनिक प्रसङ्गहरूको उल्लेख जीवनीमा हुनुहुँदैन ।

५. भाषा सरल, मिठासपूर्ण हुनुपर्छ ।

### संरचना

शीर्षक (व्यक्तिको नाम)

आदि भाग - जन्म, जन्मस्थान, मातापिता र बाल्यकाल
- पारिवारिक जीवन र शिक्षादीक्षा
- सम्बन्धित क्षेत्रमा लाग्ने सत्प्रेरणा

मध्य भाग - व्यक्तिगत स्वभाव र रुचिक्षेत्र
- विशिष्ट कार्य वा योगदानहरूको बिस्तार र विश्लेषण
- मान, पदवी (भएमा) र मूल्याङ्कन


अन्त्य भाग - विचार र दीर्घकालीन प्रभाव पार्ने महत्त्वको चर्चा
- मृत्यु (भएमा) र आत्मधारणासँगै समापन

## पाठ ४ : हाम्रो पृथ्वी

लेखनाथ दाहाल

*पृथ्वी मानिस, जनावर र वनस्पति साराको साझा घर हो । पृथ्वीको उत्पत्ति कहिले भयो ? पृथ्वीको उत्पत्ति कसरी भयो ? पृथ्वीमा हिमाल, पहाड, तराई, सागर, मरुभूमि, जङ्गल, चट्टान आदि कसरी बने भन्ने जिज्ञासा लाग्नु स्वाभाविक नै हो । तारा, सूर्य, चन्द्रमा र पृथ्वबिच कस्तो सम्बन्ध छ ? वायुमण्डल भनेको के हो ? वायुमण्डलमा कस्ता ग्याँसहरू छन् ? यस्ता जिज्ञासा मेट्न तलको पाठ पढ्नुहोस् :*

१. हामी पृथ्वीमा बस्छौँ । हामीले दिउँसो आकाशमा सूर्य चम्किएको देखेका छौँ, राति आकाशमा चन्द्रमा र अनगन्ती ताराहरू देखेका छौँ । यिनै सूर्य, चन्द्रमा, तारा, ग्रह, नक्षत्र आदिको समूहलाई ब्रह्माण्ड भनिन्छ । यस ब्रह्माण्डमा सूर्य छ । सूर्यलाई वरिपरिबाट घुम्ने ग्रहहरू छन् । ती हुन्- बुध, शुक्र, पृथ्वी, मङ्गल, वृहस्पति, शनि, अरुण, वरुण र यम । यिनै ग्रहको समूहलाई सौर्य परिवार भनिन्छ ।



२. हामी बस्ने पृथ्वी सौर्य परिवारको पाँचौं ठुलो ग्रह हो । चार अर्ब पचास करोड वर्ष पहिले यसको उत्पत्ति भएको अनुमान छ। यसको आकार सुन्तलाको जस्तै छ । यसले सूर्यलाई घुम्न एक वर्षको समय लगाउँछ । पृथ्वीलाई विभिन्न किसिमका ग्याँस, वायु, धुलोका कण, पानी आदिले घेरेको छ ।

३. पृथ्वीको उत्पत्ति हुँदा यो निकै तातो थियो । बिस्तारै यो चिसिँदै गयो । चिसो हुने क्रममा कुनै भाग अति चिसिएर खुम्चियो। खुम्चिँदा असर परेर कतै बढी खुम्चियो त कतै अलि कम खुम्चियो । त्यसैले पृथ्वीको सतह कतै अग्लो र कतै होचो भएको हो। होचो भागमा पानी जम्दै गयो। त्यहाँ सागर र महासागर बने। पृथ्वीको वरिपरि भएका सतहमध्ये ७१ प्रतिशत भागमा पानी छ। पानीले भरिएको यस भागलाई जलमण्डल भनिन्छ। हामीले पृथ्वीको नक्सामा सजिलै जलमण्डल हेर्न सक्छौँ। पृथ्वीमा भएको जलमण्डललाई पाँच भागमा बाँडिएको छ । तिनलाई प्रशान्त महासागर, आन्ध्र महासागर, हिन्द महासागर, सुमेरु महासागर र कुमेरु महासागर भनेर नाम दिइएको छ ।

४. पृथ्वीको उत्पत्तिका क्रममा मैदान, टापु, डाँडा, पहाड, शिखर आदि बने । पृथ्वीमा २९ प्रतिशत भूभाग मात्र जमिनले ढाकिएको छ । जमिनको सतह लगभग १४ करोड वर्ग किलोमिटर छ। यस भागलाई स्थलमण्डल भनिन्छ। हाम्रा वरिपरिका घर, खेत, वनजङ्गल, पहाड, भिरपाखा, खोँच, मैदान आदि स्थलमण्डलमै पर्दछन्। यस्तै ठुल्ठुला चट्टान र मरुभूमि पनि यसमै पर्दछन्। पृथ्वीको स्थलमण्डललाई सात भागमा बाँडिएको छ । तिनलाई महादेश भनिन्छ। ती हुन् : एसिया, युरोप, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, अस्ट्रेलिया र अन्टार्कटिका। यी महादेशभित्र अनेक देश रहेका छन्। हाम्रो देश नेपाल एसिया महादेशमा पर्दछ। पृथ्वीमा अहिले सात अर्बभन्दा बढी मानिस बसोबास गर्छन्। अनगिन्ती जीवजन्तु तथा बोटबिरुवा पनि यसै पृथ्वीमा रहेका छन् ।




५. हामी बस्ने पृथ्वीलाई वरिपरिबाट पातलो वायुको पत्रले घेरेको हुन्छ । यसलाई हामी वायुमण्डल भन्दछौँ । वायुमण्डल जमिनको सतहबाट लगभग एक हजार किलोमिटर माथिसम्म फैलिएको हुन्छ । त्यहाँ एक किसिमको वायुको पत्र रहेको हुन्छ । त्यसलाई ओजोन तह भनिन्छ । ओजोन तहले पृथ्वीको रक्षा गर्छ । यसले सूर्यबाट उत्पन्न हुने अनेक हानिकारक किरणलाई छेक्छ र सिधै पृथ्वीमा आउन दिँदैन ।

६. पृथ्वीमा कुनै पनि वस्तुलाई आफूतिर तान्न सक्ने शक्ति हुन्छ । यसलाई गुरुत्त्वाकर्षण शक्ति भनिन्छ । यही शक्तिले वायुमण्डललाई सन्तुलित बनाएर तानिरहेको हुन्छ । वायुमण्डलमा पानीको बाफ, नाइट्रोजन, अक्सिजन, कार्बनडाइअक्साइड र अन्य ग्याँसहरू रहेका हुन्छन् । पृथ्वीको सतह नजिक अक्सिजनको मात्रा बढी हुन्छ । जति माथि गयो हावाको मात्रा पातलो हुँदै जान्छ । त्यसैले अग्ला पहाड र हिमालतिर अक्सिजनको मात्रा कम हुँदै जान्छ । त्यहाँ पुग्दा मानिसहरूलाई सास फेर्न कठिन हुन्छ । तसर्थ अग्ला अग्ला हिमाल चढ्ने मानिसहरू अक्सिजन लिएर जाने गर्छन् ।

७. पृथ्वीको मौसम सूर्यको तापक्रमका आधारमा निर्भर रहन्छ । घाम, पानी, बादल, हिउँ, असिना, कुहिरो, हुरी, बतास आदि मौसमका अङ्ग हुन् । घाम, पानी र हावा मौसमका फरक फरक तत्त्व हुन् । यिनै तत्त्वले गर्दा बादल लाग्छ । पानी पर्छ, हावा चल्छ, कतै गर्मी हुन्छ त कतै जाडो हुन्छ । मौसममा निरन्तर परिवर्तन आइरहन्छ । यसैकारण पृथ्वीमा मानिस, जीवजन्तु तथा वनस्पतिको जीवन सम्भव भएको हो ।

८. वर्तमान समयमा पृथ्वीको वातावरण बिग्रिरहेको छ । यसको प्रमुख कारण प्रदूषण हो । जमिन, वायु र जलप्रदूषण बढ्दो छ । रासायनिक वस्तुको बढ्दो प्रयोग, अव्यवस्थित उद्योगधन्दा, जनसङ्ख्या वृद्धि, जङ्गल फँडानी आदिका कारण पृथ्वीमा वातावरणीय समस्या बढेको हो । हामीले हाम्रो वरपरको जमिन, वायु र जलप्रदूषणलाई नियन्त्रण गरी पृथ्वीलाई बचाउन सक्छौँ ।

---

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यति र लेख्य चिह्न ख्याल गरी भावानुकूल सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । प्रबन्ध शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

ग्रह - सूर्य र सूर्यका वरिपरि घुम्ने सौर्य परिवारकै आकाशीय पिण्ड

नक्षत्र - तारा

ब्रह्माण्ड - अन्तरिक्ष, पृथ्वी

उत्पत्ति - जन्म, प्रकट

सौर्य - सूर्यको शक्ति, तेज

सागर - समुद्र

महासागर - महासमुद्र

जलमण्डल - पृथ्वीमा रहेको पानीको सम्पूर्ण भाग

स्थलमण्डल - पृथ्वीको सम्पूर्ण खँदिलो भूभाग

चट्टान - एउटै ढुङ्गाको पहाड वा ढिस्को

वायु - हावा

वायुमण्डल - पृथ्वीको चारैतिर रहेको हावाको आवरण

ओजन - वायुको पत्र

गुरुत्वाकर्षण - कुनै पिण्डले अर्को पिण्डलाई आफूतिर खिच्ने शक्ति

सन्तुलित - ठिकसँग मिलाइएको

नाइट्रोजन - ग्याँसको एक प्रकार

अक्सिजन - ग्याँसको एक प्रकार, जुन ग्याँस प्राणीहरूले श्वासप्रश्वासका क्रममा लिन्छन्

कार्बनडाइअक्साइड - ग्याँसको एक प्रकार, प्राणीहरूले श्वासप्रश्वासका क्रममा फ्याँक्ने ग्याँस

निरन्तर - लगातार, एकपछि अर्काको सिलसिला नटुटीकन

वातावरण - वरिपरिको परिवेश

प्रदूषण - दूषित

अव्यवस्थित - व्यवस्थित नभएको

## अभ्यास

**१. पाठ पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) सूर्यलाई वरिपरिबाट घुम्ने ग्रह कुन कुन हुन् ?

(ख) पृथ्वीलाई केले घेरेको छ ?

(ग) पृथ्वीको कति प्रतिशत भागमा पानी छ ?

(घ) हिमाल चढ्ने मानिसहरूले किन अक्सिजन लिएर जान्छन् ?

(ङ) संसारको मौसम केमा भर पर्छ ?

**३. पाठको छैटौँ अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) गुरुत्वाकर्षण शक्ति भनेको के हो ?

(ख) वायुमण्डलमा के के रहेका हुन्छन् ?

(ग) कहाँ हावाको मात्रा पातलो हुन्छ ?

(घ) मानिसहरूलाई किन हिमालमा सास फेर्न कठिन हुन्छ ?

(ङ) 'गुरुत्वाकर्षण' र 'सतह' शब्दको अर्थ लेख्नुहोस् ।

**४. पाठको तेस्रो अनुच्छेदको सारांश लेख्नुहोस् ।**

**५. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) ब्रह्माण्ड भनेको के हो ?

(ख) किन पृथ्वीको सतह कतै अग्लो र कतै होचो भयो ?

(ग) वायुमण्डल कहाँसम्म फैलिएको छ ?

(घ) पृथ्वीका प्राणी र वनस्पतिको जीवन कसरी सम्भव भएको हो ?

**६. पृथ्वी कसरी बनेको हो ? सविस्तार वर्णन गर्नुहोस् ।**

**७. व्याख्या गर्नुहोस् :**

(क) अनगिन्ती जीवजन्तु तथा बोटबिरुवा पनि यसै पृथ्वीमा रहेका छन् ।

(ख) हामीले हाम्रो वरपरको जमिन, वायु र जलप्रदूषणलाई नियन्त्रण गरी पृथ्वीलाई बचाउन सक्छौँ ।

## शब्दभण्डार

**८. तलका शब्दको अर्थ भन्नुहोस् :**

ग्रह, उत्पत्ति, जलमण्डल, वायु, निरन्तर, अनगिन्ती

**९. वाक्यमा प्रयोग गर्नुहोस् :**

ब्रह्माण्ड, उत्पत्ति, महासागर, महादेश, जीवजन्तु, वायुमण्डल, हानिकारक, तापक्रम, मौसम, वनस्पति

**१०. कोष्ठकबाट मिल्दो शब्द छानेर खाली ठाउँ भर्नुहोस् :**

(क) 'आकाश' को पर्यायवाची शब्द...........हो । (गगन जगत्, नक्षत्र)

(ख) 'पृथ्वी' को पर्यायवाची शब्द..............हो । (भानु, संसार, सागर)

(ग) 'सूर्य' को पर्यावाची शब्द ................ हो । (रवि, सन्त, नर)

(घ) 'शक्ति' को पर्यावाची शब्द................ हो । (तत्त्व, बल, फल)

(ङ) 'हुरी' को पर्यायवाची शब्द ............... हो । (कुहिरो, ग्याँस, बतास)

**११. कोष्ठकबाट उल्टो अर्थ दिने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :**

(क) 'दिउँसो' को विपरीतार्थक शब्द ............हो । (साँझ, रात, मिर्मिरे)

(ख) 'ठुलो' को विपरीतार्थक शब्द ............हो । (भरिलो, बृहत्, सानो)

(ग) 'वरिपरि' को विपरीतार्थक शब्द ............हो । (नजिक, टाढा, माथि)

(घ) 'तातो' को विपरीतार्थक शब्द ............हो । (चिसो, सेपिलो, रातो)

(ङ) 'फैलनु' को विपरीतार्थक शब्द ............हो । (खुम्चनु, छेक्नु, दबाउनु)

## वर्णविन्यास

**१२. तलका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) मूल, मूर्ख, सूत्र, शून्य, सूक्ति जस्ता शब्दका सुरुको ऊकार दीर्घ हुन्छ ।

(ख) अपूर्ण, अमूल्य, त्रिशूल, पीयुष जस्ता शब्दका बिचको ऊकार दीर्घ हुन्छ ।

**१३ शब्दको सुरु र बिचको ऊकार दीर्घ हुने पाँच पाँचओटा शब्दहरू सङ्कलन गर्नुहोस् ।**

## कार्यमूलक व्याकरण


**१४. तलका वाक्यहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) हामी बस्ने पृथ्वी सौर्य परिवारको पाँचौँ ठुलो ग्रह हो ।

(ख) पृथ्वीमा सुरुमा निकै तातो थियो ।

(ग) पृथ्वीलाई वरिपरिबाट पातलो वायुको पत्रले घेरेको हुन्छ ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका पाँचौँ, तातो र पातलो शब्दहरू विशेषण हुन् । विशेषणका प्रकारहरूलाई निम्नानुसार बुझ्नुहोस् :




**१५. पाठमा प्रयोग भएका विशेषण शब्द कापीमा लेख्नुहोस् ।**

**१६. तलका वाक्यहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) हामीले दिउँसो आकाशमा सूर्य चम्किएको देखेका छौँ ।

(ख) पृथ्वीको उत्पत्ति हुँदा यो निकै तातो थियो ।

(ग) महादेशभित्र अनेक देश रहेका छन् ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका देखेका छौँ, थियो, छन् शब्दहरू क्रियापद हुन् । क्रियापदले वाक्यलाई टुङ्ग्याउँछन् ।

**१७. तलका क्रियापदलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

जान्छु, खेल्छौँ, गई, गर्नुहुन्छ, डुल्थे

## सिर्जनात्मक अभ्यास

**१८. तल दिइएका शीर्षकमा अनुच्छेद लेख्नुहोस् :**

(क) असल बानी (ख) फूलबारी

### थप सामग्री


**१. अनुच्छेद लेख्ने तरिका**

(क) शीर्षकसँग सम्बन्धित बुँदाहरू छनोट गर्नुपर्छ ।

(ख) छनोट गरिएका बुँदाहरूलाई अनुच्छेदभित्र सुरु, मध्य र अन्त्य भागमा विभाजन गर्नुपर्छ ।

(ग) बुँदाहरू समेटेर खेस्रा लेखन गर्नुपर्छ ।

(घ) सरल र स्पष्ट रूपमा साफी लेखन गरी अनुच्छेदलाई अन्तिम रूप दिनुपर्छ ।



## २. अनुच्छेद लेखनको नमुना

### नेपालको जलसम्पदा

नेपालको उत्तरतिर पूर्वपश्चिम फैलिएका हिमाल छन् । नेपालका अधिकांश नदीका मुहान हिमाली क्षेत्र हुन् । प्रायः नदीहरू हिमालको हिउँ पग्लिएर बाह्रै महिना निरन्तर बगिरहेका हुन्छन् । यिनै नदीहरू नेपालका प्राकृतिक सम्पदा हुन् । नेपाललाई जलसम्पदाको देश पनि भनिन्छ । जलसम्पदालाई उचित व्यवस्थापन गर्न सकेमा राष्ट्रका लागि धेरै फाइदा हुन्छ । नदीलाई कृषि क्षेत्रमा सिँचाइका लागि उपयोग गर्न सकिन्छ । यसबाट कृषि उत्पादन वृद्धि गर्न मदत पुग्छ । विद्युत् उत्पादन गरी उद्योग, कलकारखाना, यातायात, घरायसी काम आदिमा खपत गरी प्रशस्त फाइदा लिन सकिन्छ । खानेपानी, माछापालन र सरसफाइका लागि पनि जलसम्पदा अपरिहार्य हुन्छ । जलसम्पदा दैनिक जीवनको अनिवार्य आवश्यकता हो । विकासको आधारभूत आवश्यकता पनि हो । जलसम्पदालाई सदुपयोग गरी आर्थिक लाभ लिन सकिन्छ । नेपालको जलसम्पदालाई राष्ट्रको आधारका रूपमा विकास गर्नु अपरिहार्य छ ।

## २. बोध प्रश्नोत्तरको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू

(क) दिइएको अनुच्छेदको अर्थ वा भाव स्पष्ट हुने गरी पढ्नुपर्छ ।

(ख) अनुच्छेदमा प्रश्नहरूको उत्तर खोजी चिनो लगाउनुपर्छ ।

(ग) उत्तर लेख्दा सम्बन्धित अनुच्छेदमा मात्र केन्द्रित भएर लेख्नुपर्छ ।

(घ) अनुच्छेदबाट हुबहु उत्तर सार्नु हुँदैन ।

(ङ) प्रश्नको लिङ्ग, वचन, काल, पक्ष र आदरमा आधारित भई उत्तर लेख्नुपर्छ ।

(च) कुनै प्रश्नको उत्तर स्पष्ट रूपमा नभेटिएमा सम्पूर्ण अनुच्छेदबाट भाव ख्याल गरी छरितो उत्तर लेख्नुपर्छ ।

# पाठ ५ : काकालाई चिठी

मिति : २०७६/०९/१२

आदरणीय काका,

सादर नमस्कार ।

१. यहाँ हामी सपरिवार आरामै छौँ । त्यहाँ पनि सबै जना आरामै हुनुहुन्छ भन्ने आशा छ । हजुरले पठाएको चिठी गत महिना नै पाएकी थिएँ । त्यति खेर म पढाइ र तालिममा व्यस्त थिएँ । प्रत्युत्तर ढिला भएकामा म हजुरसँग क्षमा चाहन्छु ।

२. काका ! हजुरले मेरो भविष्यको बारेमा चिन्ता लिनुभएको रहेछ । अभिभावक भएपछि आफ्ना सन्तानको चिन्ता लाग्नु स्वाभाविक कुरा हो । म पनि अचेल मिहिनेत गर्दै छु । स्वरोजगार बनेर अब आफ्नै खुट्टामा उभिने अठोट लिइसकेँ । स्थानीय सरकारद्वारा सञ्चालित नौ महिने सिलाइबुनाइ तालिमले मेरो जीवनमा परिवर्तन ल्याइदिएको छ । मैले तालिम दिने दाइदिदीबाट धेरै प्रेरणा पाएँ । पहिले पहिले 'म मात्रै दुःखी मान्छे हुँ' भन्ने लाग्थ्यो । अब परिश्रम गरेर भाग्य बदल्ने आँट बढेको छ ।

३. सिकाइका लागि उमेर बाधक बन्दो रहेनछ । पन्ध्र वर्षको उमेरमा कखरा सिक्दा धेरैले कुरा काटेका थिए । अरूको निन्दालाई वास्तै नगरी पढाइलाई निरन्तरता दिएँ । म अहिले अनौपचारिक शिक्षाअन्तर्गत कक्षा आठमा पढ्दै छु । पढाइ राम्रैसँग अघि बढ्दै छ । मैले भर्खरै टेलर खोलेकी छु । परिवारले यसका लागि छरछिमेकीसँग ऋण लिएर पैसा जुटाइदियो । चाडबाडमा त मनग्य व्यापार हुन्छ । अरू बेला ठिकठिकै आम्दानी हुन्छ । परिवारको सहयोगले पेसा र पढाइलाई सँगसँगै लैजान सकेकी छु ।

४. गाउँघरतिर प्रौढ कक्षाहरू सञ्चालन भइरहेका छन् । काकीलाई प्रौढकक्षामा सहभागी हुन मदत गर्नुहोस् है । पत्रपत्रिका पढ्न, मोबाइल चलाउन र हिसाबकिताब राख्न जाने पनि निक्कै सहज हुन्छ । अक्षर र अङ्क चिन्नु भनेको

त आँखा देख्नु जत्तिकै सुन्दर कुरा हो नि । हजुरले यो कुरालाई पक्कै ख्याल गर्नुहुने छ ।

५. बाँकी कुरा भेटमा गरौँला । हवस् त, अहिलेलाई बिदा माग्छु ।

हजुरकी प्यारी भतिजी

शकुन्तला विक

*खामको नमुना*

| **पठाउने** | **पाउने** |
|---|---|
| शकुन्तला विक | रणबहादुर विक |
| दुधौली नगरपालिका-१, सिन्धुली | सिरानचोक गाउँपालिका-३, हर्मी, गोरखा |

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यतिर लेख्य चिह्नको ख्याल गरी भावअनुसार सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । चिठी शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएभन्दा बाहेक अन्य अभ्यास पनि गराउन सक्नुहुने छ । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

प्रत्युत्तर - उत्तर
स्वरोजगार - आफ्नै लगानीमा गरिने काम
स्थानीय - वरिपरिको, नजिकको
प्रेरणा - हौसला
कखरा - साउँ अक्षर
अनौपचारिक - औपचारिक नभएको
सहज - सजिलो

## अभ्यास

**१. पाठ पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तलका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) शकुन्तलाले काकासँग किन क्षमा मागेकी हुन् ?

(ग) शकुन्तलाले कस्तो तालिम लिइन् ?

(घ) घरपरिवारले कसरी पैसा जुटाइदियो ?

(ङ) कहिले व्यापार बढी हुन्छ ?

**३. ठिक उत्तर छानेर लेख्नुहोस् :**

**(क) काकाले केको बारेमा चिन्ता लिनुभएको रहेछ ?**

(अ) पढाइ (आ) भविष्य (इ) व्यापार

**(ख) सिलाइबुनाइ तालिम कसले सञ्चालन गरेको हो ?**

(अ) गाउँपालिका (आ) नगरपीलका (इ) स्थानीय सरकार

**(ग) शकुन्तलाले कति वर्षमा कखरा सिकिन् ?**

(अ) चौध (आ) पन्ध्र (इ) सोर

**(घ) गाउँघरतिर कुन कक्षाहरू सञ्चालन भइरहेका छन् ?**

(अ) प्रौढ (आ) निरन्तर (इ) तालिम

**४. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) शकुन्तलाले तालिममा सिकेको ज्ञानलाई कसरी व्यवहारमा उतारिन् ?

(ख) अङ्क र अक्षर चिन्नुलाई किन आँखा देख्नुसँग तुलना गरिएको हो ?

**५. पढाइ, लेखाइ र सिकाइका लागि उमेरले छेक्दैन भन्ने विषयमा आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।**

**६. 'काकालाई चिठी' पाठका आधारमा काकाका तर्फबाट शकुन्तलालाई प्रत्युत्तर लेख्नुहोस् ।**

**७. आफूले हालसालै गरेको कुनै ठाउँको भ्रमणको विषयमा साथीलाई चिठी लेख्नुहोस् ।**

## शब्दभण्डार

**८. तलका शब्दको अर्थ भन्नुहोस् :**

प्रत्युत्तर, प्रेरणा, कखरा, सहज, स्थानीय

**९. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

प्रेरणा, सहयोग, सञ्चालन, तालिम, सुन्दर

**१०. मिल्दो शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :**

| लेक, नारायणी, गहना, पर्व, सनाही, हिमाल, चितवन |
|---|

(क) नदी - ..................
(ख) .................. - सगरमाथा
(ग) माघी - ..................
(घ) .................. - बाजा
(ङ) तिलहरी - ..................

**११. तलका समावेशक शब्दसँग समावेश्य शब्दको जोडा मिलाउनुहोस् :**

| **समावेशक शब्द** | **समावेश्य शब्द** |
|---|---|
| चरा | लसुन |
| अन्न | सयपत्री |
| जनावर | हिमाल |
| देश | ढुकुर |
| फूल | फापर |
| | नेपाल |
| | बाघ |

## वर्णविन्यास

**१२. तलका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) शव, शासन, शिव, शुभ, शोषक, प्रकाश, देश, दर्शन, खास, शिष्य

(ख) शोषण, पोषण, विशेषण, कृषि, ऋषि, कृष्ण, परिष्कार

(ग) सय, सकल, पच्चिस, तिस, दसैँ, सहर, ब्रिटिस, सिकार, बदमास, कोसिस, संसार

**१३. श, ष र स प्रयोग भएका पाँच पाँचओटा शब्द सङ्कलन गरी लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१४. पढ्नुहोस्, बुझ्नुहोस् र गर्नुहोस् :**

बटुवाले उकालो<u>तिर</u> हेरेर भन्यो, "भन्ज्याङ<u>निर</u> बास बस्न होटल त पाइएला नि । आज खाना<u>समेत</u> खाएको छैन । बिहान पानी परेको कारण ढिला हिँडियो । अब होटल भेटिने<u>बित्तिकै</u> आराम गर्नुपर्छ ।"

माथिको वाक्यमा रेखाङ्कन गरिएका शब्दहरू नामयोगी हुन् । नामयोगी शब्दहरू नाम, सर्वनाम, विशेषण आदिसँग जोडिएर आउने गर्छन् । पाठबाट नामयोगी प्रयोग भएका चारओटा वाक्यहरू टिप्नुहोस् ।

**१५. तलका नामयोगी शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

सँग, माथि, तिर, सम्म, समेत

**१६. पढ्नुहोस्, बुझ्नुहोस् र गर्नुहोस् :**

रमिता <u>चिटिक्क</u> परेर माइत हिँडिन् । <u>हिजो</u>सम्म आफ्नै काममा व्यस्त थिइन् । भाइको बिहे <u>भएकाले</u> केही दिनका लागि समय निकालिन् । उनी बिहेमा <u>ज्यादै</u> नाच्लिन् ।

माथिका वाक्यमा रेखाङ्कन गरिएका शब्दहरू क्रियायोगी हुन् । क्रियायोगीलाई क्रिया विशेषण पनि भनिन्छ । क्रियायोगीले क्रियापदको समय, स्थान, कारण आदिलाई चिनाउँछ । तलको तालिका पढेर स्पष्ट हुनुहोस् :

| | |
|---|---|
| कहाँ | बाहिर, भित्र, वर, पर, अगाडि, पछाडि आदि । |
| किन | भएकाले, देखेर, भन्न, पढ्न आदि । |
| कति | धेरै, थोरै, अलिकति, निक्कै, ज्यादै आदि । |
| कसरी | चिटिक्क, फटाफट, राम्ररी, फुत्त, खुरुखुरु आदि । |
| कहिले | हिजो, आज, पहिले, अहिले, तुरुन्त आदि । |

पाठबाट क्रियायोगी प्रयोग भएका चारओटा वाक्यहरू टिप्नुहोस् ।

**१७. तलका क्रियायोगी शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

बाहिर, देखेर, निक्कै, फटाफट, अहिले

## सिर्जनात्मक अभ्यास

**१८ तलको निमन्त्रणापत्र पढ्नुहोस् र बुझ्नुहोस् :**

**१९. तपाईंको घरमा मनाइने कुनै पर्वका अवसरमा निमन्त्रणा पत्र तयार पार्नुहोस् ।**

## थप सामग्री

# निमन्त्रणा

श्री जयन्त सुनुवारज्यू,
महाङ्काल गाउँपालिका-१, ललितपुर

यस क्लबको रजत महोत्सवको अवसरमा विविध सांस्कृतिक कार्यक्रम तथा कलाकार सम्मान कार्यक्रमको आयोजना गरिएको हुनाले यहाँको उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ ।

मिति : २०७६ साल माघ १५ गते

स्थान : क्लबको प्राङ्गण

समय : दिनको ११ : ०० बजे

प्रार्थी
मृदुला तामाङ
अध्यक्ष
तथा
जनहित क्लब परिवार
महाङ्काल गाउँपालिका-३, ललितपुर

**घरायसी चिठी लेख्दा ध्यान दिनुपर्ने कुराहरू :**

१. चिठी लेख्ने कापीको दायाँतिर सबैभन्दा माथि चिठी पठाउने व्यक्तिको ठेगान र त्यसको मुनि चिठी लेखेको दिनको मिति लेख्नुपर्छ ।

२. मिति लेखिएको पङ्क्तिको एक लाइनमुनि बायाँतिर चिठी पाउने व्यक्तिलाई नाता/सम्बन्धअनुसार सम्बोधन गरी त्यसको मुनि अभिवादन गर्नुपर्छ ।

३. अभिवादन लेखिएको पङ्क्तिमुनि एक लाइन छोडी सन्चो बिसन्चोको प्रसङ्गसहित चिठी लेख्न सुरु गर्नुपर्छ ।

४. चिठी लेख्न लागिएको विषयवस्तुसँग सम्बन्धित भई समाचार, घटना, सन्देश आदि उल्लेख गरी विभिन्न अनुच्छेदमा आफ्ना भावना लेख्नुपर्छ ।

५. चिठीको अन्तिममा दायाँतिर चिठी पाउने व्यक्तिसँगको आफ्नो सम्बन्ध लेखी त्यसभन्दा मुनि आफ्नो नामथर लेख्नुपर्छ ।

६. अन्तिममा खामको नमुना बनाउनुपर्छ ।

**१. ठेगाना :......................**

**२. मिति : ........................**

**३. सम्बोधन : ...........**

**४. शिष्टाचार/अभिवादन : ................**

**५. कुशलताको कामना :**

**६. विषय प्रवेश :**

**७. समाचार/खबर/सन्देश आदनप्रदान**

**८. सम्बन्ध ज्ञापन :**

**९. नामथर :**

**खाम**

| पठाउने | पाउने |
| --- | --- |
| ........................ | ............................ |
| ........................ | ................................ |

**पाठ ६ :**

# भाग्यमा होइन परिश्रममा विश्वास

*संस्कृतमा एउटा भनाइ प्रसिद्ध छ- 'वादे वादे जायते तत्त्वबोध' अर्थात् वादविवादबाट नै कुराको सार भेटिन्छ । सभा समारोहमा निर्धक्क बनेर बोल्न सक्नु विशेष कला हो । तर्कपूर्ण ढङ्गले बोल्न सक्दा अभिव्यक्तिको गहिरो प्रभाव पर्दछ । लेखाइलाई शुद्ध बनाउनका लागि निरन्तर प्रयास गरेजस्तै बोलाइलाई पनि शुद्ध र अर्थपूर्ण बनाउन बोल्ने अभ्यास गर्नुपर्दछ । यसका लागि तलको पाठ पढ्नुहोस् र तार्किक अभिव्यक्ति कला सिक्नुहोस् :*




(नुवाकोट जिल्लाको थप्रेकमा बुद्धिविकास नामको संस्था छ । यो संस्थाले हरेक महिनाको सङ्क्रान्तिको अवसर पारेर विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्छ । आजचाहिँ वादविवाद प्रतियोगिता सञ्चालन हुँदै छ । संस्थाको सभाहलमा संस्थाका पदाधिकारीहरू, बुद्धिजीवी, स्थानीय सरकारका प्रतिनिधि, शिक्षक, विद्यार्थी आदिको उपस्थिति छ । मञ्चपट्टिको भित्तामा तुल टाँसिएको छ । तुलमा ठुला ठुला अक्षरमा माथितिर 'वादविवाद प्रतियोगिता' र मुनितिर

‘भाग्यमा होइन, परिश्रममा विश्वास’ लेखिएको छ। संस्थाकी सचिव शान्तिमाया लामा कार्यक्रममा उद्घोषण गर्दै हुनुहुन्छ ।)

**कार्यक्रम उद्घोषक**

म शान्तिमाया लामाको तर्फबाट सबैलाई नमस्कार छ । यस वादविवाद प्रतियोगितामा सभाध्यक्षको आसन ग्रहण गर्नुहुन संस्थाका अध्यक्ष चन्द्रमान प्रधानज्यूलाई हार्दिक अनुरोध गर्दछु ।

(ताली बज्छ ।)

प्रमुख अतिथिको आसन ग्रहणका लागि पञ्चकन्या गाउँपालिकाका उपाध्यक्ष गीता सत्यालज्यूलाई हार्दिक अनुरोध गर्दछु । अतिथिको आसन ग्रहणका लागि नमुना मच्छिन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक राधाकृष्ण महतज्यूलाई हार्दिक अनुरोध गर्दछु। आजको वादविवाद प्रतियोगितामा निर्णायक मण्डलमा रहनुहुने शान्ति पौडेल र दीपक ठकुरीलाई आसन ग्रहणका लागि अनुरोध गर्दछु । यसै गरी कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूलाई आआफ्ना स्थानमा आसन ग्रहण गरिदिनुहुन अनुरोध छ ।

आजको वादविवाद प्रतियोगिताको शीर्षक ‘भाग्यमा होइन, परिश्रममा विश्वास’ रहेको छ । अब म प्रतियोगितामा सहभागी वक्ताहरूका लागि केही महत्त्वपूर्ण नियमहरू सुनाउँछु :

१. प्रत्येक सहभागी वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेटमा जनाउ घन्टी बज्ने छ। पाँच मिनेटमा निर्धारित समय सकिने छ।

२. वक्ताहरूले शिष्ट र मर्यादित भाषामा आफ्ना अभिव्यक्ति दिनुपर्ने छ।

३. व्यक्ति, वर्ग, लिङ्ग, जाति तथा राष्ट्रियताप्रति आँच आउने किसिमका विचार प्रस्तुत गर्न पाइने छैन ।

४. टिपोट हेरेर बोल्न पाइने छैन ।

५. निर्णायक मण्डलको निर्णय नै अन्तिम निर्णय हुने छ ।

आजको वादविवाद प्रतियोगितामा पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्न पहिलो प्रतियोगी अञ्जना नेम्कुललाई मञ्चमा आमन्त्रण गर्दछु ।

(अञ्जना नेम्कुल मञ्चमा गएर आफ्ना विचार प्रस्तुत गर्नुहुन्छ ।)

**अञ्जना नेम्कुल**

कार्यक्रमका सभाध्यक्ष, प्रमुख अतिथि, अतिथि, निर्णायक मण्डल तथा मेरा प्याराप्यारा साथीहरू !

सर्वप्रथम आजको वादविवाद प्रतियोगितामा बोल्ने अवसर दिनुभएकामा आयोजकप्रति हार्दिक आभार व्यक्त गर्दछु । 'भाग्यमा होइन, परिश्रममा विश्वास' शीर्षकको पक्षबाट आफ्ना तर्कहरू राख्दै छु । संसारमा थुप्रै प्रगति भएका छन् । ढुङ्गे युगबाट सुरु भएको मानवजातिको इतिहास अत्याधुनिक युगमा प्रवेश गरेको छ । परिवर्तनका लागि वैज्ञानिकहरू नयाँ नयाँ आविष्कारमा तल्लीन छन् । कुनै पनि आविष्कारका लागि ठुलो धनराशिको आवश्यकता हुन्छ । अबुझहरू लामो समयको त्यागबाट प्राप्त भएका उपलब्धिहरूलाई भाग्यसँग तुलना गर्छन् । कुनै पनि वस्तुको आविष्कार, निर्माण र उत्पादन भाग्यबाट होइन, परिश्रमबाट भएको हुन्छ । के राइट दाजुभाइले भाग्यवादी भएरै हवाईजहाजको आविष्कार गरे होलान् ? के बिल गेट्स भाग्यकै कमालले विश्वका धनाढ्य बने होलान् ? हुनै सक्दैन । कदापि हुनै सक्दैन । मान्छेको सफलतामा परिश्रमको मात्र हात हुन्छ । परिश्रमी व्यक्तिले आफ्नो काममा निरन्तरता दिन्छ । भाग्य ढुकेर बस्ने अल्छी मानिसले परिश्रमीको सफलतामा पनि भाग्यकै कमाल देख्नु उसको मूर्खता हो । भनिन्छ नि, जुन रङको चस्मा लगाइन्छ, दृश्य पनि उही रङको देखिन्छ । भाग्यको अन्धविश्वासलाई मनमा साचेर कुनै पनि काममा सफल हुन सकिँदैन । त्यसैले भाग्यमा होइन, परिश्रममा विश्वास गरौँ । (जनाउ घन्टी बज्छ ।)

परिश्रम गर्नेहरूले नै आफ्नो भाग्य बदल्न सकेका हुन् । परिश्रमकै कारण गरिब मान्छे महाजन बन्न सक्छ । भाग्यमा भरोसा गर्ने अल्छी मानिस सम्पन्नबाट विपन्न बन्न पुग्छ । संसारका हरेक विकास र परिवर्तनमा भाग्यको अलिकति पनि भूमिका छैन । भाग्यमा विश्वास गर्नेहरूले सोच बदल्नुहोस् । अहिल्यैबाट परिश्रममा विश्वास गरी आफ्ना कामलाई निरन्तरता दिनुहोस् । भाग्यमा होइन, परिश्रममा विश्वास गरौँ भन्दै

मेरो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद । (अन्तिम घन्टी बज्छ । जोडदार ताली बज्छ ।)

### उद्घोषक

आफ्ना विचार प्रस्तुत गर्नुभएकामा अञ्जना नेम्कुललाई धन्यवाद छ । अब म विपक्षबाट आफ्ना तर्कहरू राख्नका लागि धनराज सिँजालीलाई मञ्चमा निम्त्याउँछु ।

### धनराज सिँजाली

आदरणीय सभाध्यक्ष, प्रमुख अतिथि, अतिथि, विद्वान्वर्ग, निर्णायक मण्डल, मेरा प्रतियोगी तथा अप्रतियोगी मित्रहरू !

'भाग्यमा होइन, परिश्रममा विश्वास' शीर्षकको आजको वादविवाद प्रतियोगितामा म विपक्षबाट आफ्ना तर्कहरू राख्दै छु । वास्तवमा भाग्यको औचित्य भएर नै परापूर्वकालदेखि भाग्यको चर्चा परिचर्चा भएको हो । परिश्रम गर्दैमा मात्र मानिस कहाँ सफल बन्न सक्छ र ? जीवनमा परिश्रम त भिख माग्ने जोगीले पनि गरिरहेको हुन्छ । परिश्रमले मात्र जीवन सार्थक हुँदैन । भाग्यको खेललाई एउटा उदाहरणबाट पुष्टि गर्न चाहन्छु । एउटा परिवारमा जुम्ल्याहा थिए । तिनीहरूलाई बाबुआमाले उस्तै वातावरणमा हुर्काए । समान अवसर दिए । उनीहरूले पनि बराबरी परिश्रम गरे । ती जुम्ल्याहाले बरबरी क्षमता र धनचाहिँ प्राप्त गरेनन् । यस्तो हुनुको कारण भनेको जुम्ल्याहाको भाग्य एउटै थिएन । मेरा पूर्ववक्ता मित्रले परिश्रमको निकै बेलिविस्तार लगाउनुभयो । संसारमा भएका वैज्ञानिक आविष्कारलाई परिश्रमको उपज हो भन्नुभयो । संसारमा परिश्रम गर्ने मान्छे मात्र महान् व्यक्ति भए त ? यस्तो त कहीँ देखिँदैन । लाखौँ, करोडौँको भिडमा एक दुई जनाले मात्र लक्ष्य प्राप्त गर्नु नै भाग्यको खेल हो । यदि परिश्रमले नै जीवनको सार भेट्ने भए त सबै मानिस चर्चित बन्नुपर्ने हो । सबै जना महामानव बन्नुपर्ने हो, होइन र ? (जनाउ घन्टी बज्छ ।)

मेरा विपक्षी मित्रले भाग्य बदल्ने आधार परिश्रम हो भन्न भ्याउनुभयो । उस्तै परिश्रम गर्दा उस्तै नतिजा किन आउन सकेन त ? उहाँसँग यसको स्पष्ट उत्तर छ ? अवश्य छैन । भाग्यमा भए जसरी पनि आउँछ । भाग्यमा नभए आएको पनि गुम्छ । परिश्रमको

आधार पनि भाग्यसँगै गाँसिएको हुन्छ । त्यसैले परिश्रममा होइन, भाग्यमा विश्वास गर्नुपर्छ भन्दै यहाँबाट बिदा हुने अनुमति चाहन्छु । धन्यवाद । (ताली बज्छ ।)

## उद्घोषक

आफ्ना विचार राख्नुभएकामा धनराज सिँजालीलाई धेरै धेरै धन्यवाद छ । अब म अर्का प्रतियोगी नमिता राजवंशीलाई पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्न मञ्चमा आमन्त्रण गर्दछु ।

## नमिता राजवंशी

श्रद्धेय सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यू, निर्णायक मण्डल, उपस्थित विद्वान् तथा सज्जनवृन्दलगायत मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगिताको शीर्षक 'भाग्यमा होइन, परिश्रममा विश्वास' रहेको छ । म शीर्षकको पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्दै छु । हामीले देखेकै छौँ । मौरीले फूलको थोपा थोपा रस जम्मा गरेर मह बनाउँछ । कमिलाले माटाका साना साना कण च्यापेर जमिन प्वाल पार्छ । मौरीले मह बनाएको उदाहरण होस् या कमिलाले जमिन प्वाल पारेको उदाहरण होस्, यी सबै परिश्रमका उपज हुन् । कसैले पनि परिश्रमबिना केही उपलब्धि खोज्छ भने त्यो सबैभन्दा ठुलो भ्रम हो, दिवास्वप्न हो । धर्मशास्त्रमा पनि लेखिएको छ- मानिसले कर्मअनुसारको फल प्राप्त गर्छ । कर्मको अर्थ काम हो । काम परिश्रमको अर्को नाम हो । परिश्रमीहरूको शब्दकोशमा भाग्य भन्ने शब्द नै अटाउँदैन । भाग्यवादीहरू अल्छी हुन्छन् । मिहिनेत गर्दैनन् । केवल गुनासो गरेर समय बिताउँछन् । बुझ्ने हो भने मानिसले प्रकृतिबाट पनि परिश्रम गर्ने प्रेरणा लिन सक्छ । नदी निरन्तर बगिरहेको छ । हावा चलिरहेको छ । पृथ्वी घुमिरहेको छ । सबैका आआफ्ना दायित्व छन् । मानिसले नैतिक शिक्षाको मर्मलाई बुझ्न सके ठुलो उपलब्धि हासिल गर्न सक्छ । मानिस आफ्नै पसिनाको कमाइमा गर्व गर्न सक्छ । पूर्ववक्ता मित्रले संसारमा लाखौँ, करोडौँको भिडमा केही व्यक्ति मात्र चर्चित हुनु नगण्य कुरा हो भन्नुभयो । म उहाँलाई के भन्न चाहन्छु भने बगैँचाका सबै फूल मालामा उनिन मात्र फुलेका हुँदैनन् । त्यसै गरी संसारका सबै मानिसले उत्तिकै चर्चा पाउने कुरा पनि सम्भव छैन । मानिसले भाग्यको भरोसामा

चर्चित बन्ने सपना देख्नुभन्दा परिश्रमको कष्टमा असल बन्ने कोसिस गर्नु अपरिहार्य हुन्छ । (जनाउ घन्टी बज्छ ।)

भाग्य छ भन्दैमा डोकामा दुध दुहुन खोज्नु सरासर मुर्खतापूर्ण कुरा हो । जीवनमा केही गर्नु छ भने परिश्रममा विश्वास गरौँ । हजारौँ माइलको यात्रा शून्यबाटै सुरु हुन्छ । अझै पनि केही बिग्रिएको छैन । परिश्रमका लागि मन, वचन र कर्मले प्रतिबद्ध बनौँ, सफलता सम्भव छ । परिवर्तन सम्भव छ । विकास सम्भव छ । यी सबै सम्भावना परिश्रमको जगमा निर्धारित हुन्छन् । तसर्थ संसारमा विकल्प नभएको एउटा कुरा परिश्रम हो भन्ने कुरामा जोड दिँदै मेरा भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद । (ताली बज्छ ।)

**उद्घोषक**

नमिता राजवंशीलाई धन्यवाद दिँदै अब म मणिराम राईलाई मञ्चमा निम्त्याउँछु । उहाँले विपक्षबाट आफ्ना विचार प्रस्तुत गर्नुहुने छ ।

**मणिराम राई**

श्रीमान् सभाध्यक्ष, प्रमुख अतिथि, अतिथिहरू, निर्णायक मण्डल, गुरुवर्ग तथा उपस्थित साथीहरू !

म आजको वादविवाद प्रतियोगितामा विपक्षबाट आफ्ना विचार राख्दै छु । भाग्य भनेको ईश्वरीय शक्ति हो । पूर्वजन्मको कर्मले भाग्य निर्धारण हुन्छ । भाग्यलाई देख्न र बुझ्न सकिँदैन । त्यसैकारण कतिपय मानिसहरू भाग्यको सवालमा भ्रममा परिरहेका छन् । भगवान् रामचन्द्रले वनबास जानुपर्‍यो । श्रीकृष्णको जन्म जेलमा भयो । गौतम बुद्धले राजगद्दी त्यागे । भाग्यमा विश्वास नगर्नेहरूका लागि यी उदाहरण नै पर्याप्त छन् । कुनै पनि कुरा देखेर मात्र प्राप्त हुँदैन, त्यसको प्राप्तिका लागि भाग्य नै अनिवार्य सर्त हो । हाम्रा धार्मिक ग्रन्थहरूमा ग्रह शान्तिका मन्त्रहरू छन् । ग्रह शान्तिको सम्बन्ध पनि भाग्यसँगै जोडिएको छ । ऋषिमुनिहरूले कयौँ वर्षदेखि प्रचलनमा ल्याएका यस्ता मान्यतालाई हामीले गहिरिएर बुझेका छैनौँ । हामी सतही कुरा गरेर समय बर्बाद गरिरहेका छौँ । वास्तवमा भन्ने हो भने मान्छे आफ्नो भाग्य भोग्नकै लागि जन्मिएको हुन्छ । भाग्यवादी हुनु भनेको निष्क्रिय हुनु कदापि होइन । बरु

भविष्यप्रति आशावादी हुनु हो । मुढे बलमा एकोहोरो परिश्रम गर्नेहरू भन्दा भाग्यको मनन गर्दै सन्तुलित ढङ्गमा काम गर्नेहरू विजयी बन्छन् । पूर्ववक्ता साथीले मान्छे सफल हुन परिश्रमलाई ध्यान दिनुपर्छ भन्ने कुरामा जोड दिनुभयो । म उहाँलाई भन्न चाहन्छु, परिश्रम मात्र गर्दैमा कोही पनि सफल हुन सक्दैन । के चट्टानी पहाडमा इनार खन्दैमा पानी निकाल्न सम्भव हुन्छ र ? अवश्य हुन सक्दैन । भाग्यको निसानाले मानिसलाई जे दिन्छ, पाउने आखिर त्यही मात्र हो । भाग्यलाई बनाउन सकिँदैन, फेर्न सकिँदैन । भाग्यलाई केवल स्वीकार गर्न सकिन्छ । भाग्यको कुनै विकल्प छैन । चाहे त्यो राम्रो होस् वा नराम्रो होस्, त्यसलाई भोग्नैपर्छ । भाग्यमा लेखिएको कुरा मेटाउन सकिँदैन । (जनाउ घन्टी बज्छ ।)

के भाग्यप्रतिको विश्वास मनगढन्ते नै हो त ? हावादारी तर्क गर्नुभन्दा ठन्डा दिमागले सोचौँ । युगकवि सिद्धिचरणले 'ओखलढुङ्गा' कवितामा भनेका छन्, "भाग्यको लहरमा लहरी लहरी पुगेँ यस मरुस्थलमा कसरी ?" भाग्य भनेको रहस्यको ताल्चा खोल्ने साँचो हो । भाग्य नै यथार्थ हो । यसैका आधारमा जीवन चल्छ । परिश्रममा होइन, भाग्यमा विश्वास गरौँ भन्दै म यहाँबाट बिदा हुन्छु । धन्यवाद । (ताली बज्छ) ।

## उद्घोषक

आफ्ना तर्कका लागि मणिराम राईलाई धन्यवाद छ । आजको वादविवाद प्रतियोगितामा वक्ताहरूको बोल्ने क्रम यहीँ समाप्त हुन्छ । यसपछि प्रमुख अतिथि र अतिथिले आफ्ना मन्तव्य राख्नुहुने छ । निर्णायक मण्डलले निर्णय सुनाएपछि प्रमुख अतिथिबाट विजेताहरूलाई पुरस्कार वितरण गरिने छ । अन्त्यमा सभाध्यक्षको मन्तव्यसहित कार्यक्रम विसर्जन हुने छ । धन्यवाद !

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यति र लेख्य चिह्न ख्याल गरी भावानुकूल सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । वादविवाद शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

| | | |
|---|---|---|
| रचनात्मक | - | रचना वा सिर्जनासम्बन्धी |
| आयोजक | - | आयोजना गर्ने |
| आभार | - | मनदेखि नै धन्यवाद दिनु |
| अत्याधुनिक | - | अति आधुनिक |
| आविष्कार | - | नयाँ वस्तुको उत्पादन |
| धनराशि | - | धेरै धन |
| त्याग | - | समर्पण |
| भाग्यवादी | - | भाग्यमा भरोसा गर्ने |
| अन्धविश्वास | - | रुढिवादीमा विश्वास गर्नु |
| औचित्य | - | कारणसहितको अर्थ |
| परापूर्व | - | धेरै पुरानो समय |
| पुष्टि | - | प्रमाण |
| बेलिविस्तार | - | वर्णन |
| सार | - | मुख्य कुरा |
| महामानव | - | महान् मान्छे |
| धर्मशास्त्र | - | धर्मसम्बन्धी पुस्तक |
| दायित्व | - | कर्तव्य |
| मर्म | - | भित्री कुरा |
| माइल | - | दुरी |
| विकल्प | - | रोज्न मिल्ने |
| ग्रन्थ | - | पुस्तक |

| | | |
|---|---|---|
| ग्रह शान्ति | - | ग्रहको पूजाआजा |
| प्रचलन | - | चल्दै आएको |
| बर्बाद | - | बिग्रनु |
| निष्क्रिय | - | सक्रिय नहुनु |
| आशावादी | - | आशा गर्नु |
| स्वीकार | - | सहमति |
| मनगढन्ते | - | अति काल्पनिक |
| मरुस्थल | - | मरुभूमि जस्तो |
| विसर्जन | - | समापन, अन्त्य |

## अभ्यास

**१. 'भाग्यमा होइन परिश्रममा विश्वास' पाठलाई उद्घोषक र अरू चार जना पात्रले हाउभाउसहित पालैपालो पढेर सुनाउनुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) वादविवाद प्रतियोगिता कहाँ सञ्चालन भएको थियो ?

(ख) वादविवादको शीर्षक के थियो ?

(ग) कार्यक्रममा को उद्घोषक थियो ?

(घ) 'भाग्यमा होइन परिश्रममा विश्वास' वादविवादको पक्ष र विपक्षमा कस कसले बोले ?

**३. तलका भनाइ कसका हुन् ? भन्नुहोस् :**

(क) निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

(ख) मानिसलाई सफल बनाउने एउटै साधन परिश्रम हो ।

(ग) भाग्यमा भए जसरी पनि आउँछ ।

(घ) मानिसले प्रकृतिबाट पनि परिश्रम गर्ने प्रेरणा लिन सक्छ ।

(ङ) भाग्यको निसानाले मानिसलाई जे दिन्छ, पाउने आखिर त्यही मात्र हो ।

**४. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) मान्छेले कसरी आफ्नो भाग्य बदल्न सक्छ ?

(ख) किन उस्तै परिश्रम गर्दा पनि उस्तै नतिजा आउँदैन ?

(ग) प्रकृतिबाट परिश्रम गर्न प्रेरणा पाउने आधार के हो ?

(घ) अन्जान नेम्कुलले भनेका मुख्य मुख्य कुरा लेख्नुहोस् ।

**५. 'भाग्यमा होइन परिश्रममा विश्वास' वादविवाद प्रतियोगितामा को प्रथम हुन्छ होला, कारण लेख्नुहोस् ।**

**६. भाव विस्तार गर्नुहोस् :**

(क) परिश्रम गर्नेहरूले नै आफ्नो भाग्य बदल्न सकेका हुन् ।

(ख) संसारमा विकल्प नभएको एउटै कुरा परिश्रम हो ।

## शब्दभण्डार

**७. तलका शब्दको अर्थ भन्नुहोस् :**

रचनात्मक, अत्याधुनिक, उत्पादन, दायित्व, यथार्थ

**८. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

आविष्कार, परापूर्व, ग्रन्थ, मन्तव्य, विसर्जन, धनराशि, महामानव, दायित्व, ग्रन्थ, विकल्प

## वर्णविन्यास

**९. तलका शब्दहरू पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) कलमले, कसलाई, घरदेखि, तिमीबाट, भाइको जस्ता विभक्ति चिह्न लागेका शब्द एउटै ठिकामा लेखिन्छन् ।

(ख) रुखपछाडि, खोलापट्टि, काकासित, तिमीसँग, नियमअनुसार, सहरभरि जस्ता नामयोगी शब्द एउटै ठिकामा लेखिन्छन् ।

(ग) झिलिकमिलिक, सऱ्याकसुरुक, कट्याककुटुक, गर्ल्यामगुर्लुम जस्ता अनुकरणात्मक शब्द एउटै ठिकामा लेखिन्छन् ।

**१०. तलका शुद्ध शब्दलाई चिनेर कापीमा लेख्नुहोस् :**

खेतमा, बाटा मुनि, स्कुलदेखि, स्यार्रसुर्र, देब्रे पट्टि, छानामाथि, तपाईं द्वारा, कामदारका, बुबाको, चम्चा ले

## कार्यमूलक व्याकरण

**११. पढ्नुहोस् र बुझ्नुहोस् :**

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म गीत गाउँछु । | तँ गीत गाउँछस् । | ऊ गीत गाउँछ । |
| हामी खेल खेल्छौँ । | तिमीहरू खेल खेल्छौ । | उनीहरू खेल खेल्छन् । |
| | तपाईं खेल खेल्नुहुन्छ । | उहाँ खेल खेल्नुहुन्छ । |

माथिको तालिकामा रेखाङ्कन गरिएका म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनीहरू, उहाँ जस्ता सर्वनाम शब्दहरूले पुरुषलाई बुझाएका छन् । व्याकरणमा पुरुषले बोल्ने वक्ता, सुन्ने श्रोता र वक्ता तथा श्रोताभन्दा बाहिरको पात्रलाई बुझाउँछन् । प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी तीन किसिमका पुरुषहरू हुन्छन् ।

१२. **पढ्नुहोस् र बुझ्नुहोस् :**

| **अनादर** | **मध्यम आदर** | **उच्च आदर** |
|---|---|---|
| तँ पढ्दै छस् । | तिमी पढ्दै छौ । | तपाईं पढ्दै हुनुहुन्छ । |
| ऊ यता आयो । | उनी यता आए । | उहाँ यता आउनुभयो । |

माथिको तालिकामा रेखाङ्कन गरिएका तँ, तिमी, तपाईं, ऊ, उनीउहाँ जस्ता सर्वनाम शब्दले आदरलाई बुझाएका छन् । नेपाली भाषामा अनादर, मध्यम आदर र उच्च आदर गरी तीन किसिमका आदर छन् ।

१३. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) हामी सिनेमा हेर्न जान्छौँ । (तृतीय पुरुष)

(ख) हजुरको मोबाइल दिनुहोस् । (मध्यम आदर)

(ग) तँ सबेरै उठ । (उच्च आदर)

(घ) तिमीले राम्रो काम गरेछौ । (प्रथम पुरुष)

(ङ) म पनि काम गर्छु । (द्वितीय पुरुष)

(च) तपाईं राम्रो चित्र बनाउनुहुन्छ । (तृतीय पुरुष)

## सिर्जनात्मक अभ्यास

१४. **'धनभन्दा विद्या ठुलो' शीर्षकको पक्षबाट एउटा वादविवाद लेख्नुहोस् ।**

१५. **'विज्ञान अभिशाप होइन वरदान हो' शीर्षकको पक्ष र विपक्षबाट वादविवाद लेख्नुहोस् ।**

## थप सामग्री

**१. वादविवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू :**

(क) आफूले लेख्नुपर्ने विषयको पक्ष वा विपक्षमा बुँदाहरूको टिपोट गरी क्रम निर्धारण गर्नुपर्छ ।

(ख) तर्क प्रस्तुत गर्ने क्रममा कसैका भनाइलाई साभार गर्ने भए उक्त भनाइ प्रामाणिक हुनुपर्छ ।

(ग) विपक्षीका तर्कको खण्डन गर्दा नाम तोक्नु हुँदैन । व्यक्तिगत आक्षेप लगाउनु हुँदैन र 'पूववक्ता मित्र' जस्ता आदरयुक्त शब्दको प्रयोग गर्नुपर्छ ।

(घ) अभिव्यक्ति शिष्ट, मर्यादित र रसिलो हुनुपर्छ ।

(ङ) विषयवस्तुलाई अनावश्यक ढङ्गमा लामो बनाउनु हुँदैन ।

(च) जनाउ घन्टी र अन्तिम घन्टीको सङ्केत हुनुपर्छ ।

### वादविवादको संरचना

| | | |
|---|---|---|
| १. | **शीर्षक** | |
| २. | **सम्बोधन -** | सभाध्यक्ष, अतिथि, निर्णायक मण्डल र उपस्थित व्यक्ति |
| ३. | **सुरु खण्ड -** | शीर्षकको पक्ष वा विपक्षको सूचना, विषय प्रवेश |
| ४. | **मध्य खण्ड -** | आफ्नो मतको प्रस्तुति, विपक्षीका तर्कको खण्डन, उदाहरण आदि । |
| ५. | **अन्तिम खण्ड -** | मध्य खण्डका महत्त्वपूर्ण तर्कलाई उदाहरणसहित थप पुष्टि गर्दै उपयुक्त निचोड |

## पाठ ७ : चमेली

✎ गणेशप्रसाद भट्टराई

*समाज परिवर्तनको मुख्य चुनौती गरिबी हो । गरिबले अनेक अपमान सहेर पनि समाजमा बाँच्नुपरेको छ । दुःखको अन्त्य हुने अवस्था नदेखेपछि ईश्वरलाई पुकार्ने चलन छ । दुःखीको पनि दिन आउँछ भन्ने लोक उखानलाई चमेली कथाले चरितार्थ गरेको छ । गरिबीसँग सङ्घर्ष गरिरहेकी चमेलीको जीवनमा एक्कासि नयाँ मोड आउनुको रहस्य बुझ्न 'चमेली' कथा पढ्नुहोस् :*


१. सहरको छेउमा एउटा गाउँ थियो । गाउँका अधिकांश मानिस गरिब थिए । उनीहरूलाई बिहानबेलुका छाक टार्न धौधौ थियो । मिठो खाने र राम्रो लाउने कुरा त सपना मात्र हुन्थ्यो । त्यही गाउँमा चमेलीको परिवार पनि बस्थ्यो । उनका बाबुआमा र भाइले पनि दुःखपूर्ण जिन्दगी बिताएका थिए ।

२. चमेली रूपमा त्यति राम्री थिइन । सबै उसलाई विभिन्न नाम राखेर जिस्काउँथे । ऊ सधैँ नजिकैको सहरमा जान्थी र काम गर्थी । उसको काम चाहिँ अरूका लुगा धुनु, जुठा भाँडा माझ्नु, कुवाबाट पानी ल्याउनु आदि हुन्थे । कसैकसैले उसलाई केही खानेकुरा दिन्थे । धेरै जसोले भने काम बिगारी भनेर गाली गर्थे । ऊ ती सबै कुरा पचाएर काम गर्थी । कसैले मिठोमसिनो खानेकुरा दियो भने ऊ भाइलाई पनि ल्याइदिन्थी ।

३. एकपटक एउटा घरमा काम गर्दागर्दै माटाको सानो घैंटो फुट्यो । यही निहुँमा मालिक्नीले चमेलीलाई नराम्ररी पिटी र घरबाट निकालिदिई । रात परिसकेको थियो । चमेली घर पुग्न सकिन । बाटामै रुखमुनि रात कटाई । उसले यो कुरा आफ्ना बाआमालाई समेत सुनाइन ।

४. केही दिनपछि चमेलीले मेजरसाहेबको घरमा काम गर्न थाली । एक दिन मेजरसाहेबकी छोरीको औँठी हराएछ । काम गर्न पुग्नेबित्तिकै मैयाँसाहेबले यसको दोष चमेलीमाथि लगाइन् । छोरीको कुरा सुन्नासाथ मेजर्नीले पनि

छोरीको समर्थन गर्दै भनिन्, "यी गरिबका छोराछोरी यस्तै हुन्छन् । जे पायो त्यही चोर्छन् । तँ चोर पनि आजदेखि यहाँ नआइज ।" मेजर्नीले चमेलीलाई गेटबाट धकेलिन् । चमेलीलाई नराम्रो लाग्यो । निर्दोष भएर पनि दोषी हुनुपर्दा विरोध गर्ने भावना पनि पलायो तर ऊ केही नभनी फर्की । कहिलेकाहीँ नबोलेर जितिन्छ । उसले आफ्नी आमाले भनेको सम्झी ।



५. मेजरका घरबाट निकालिएपछि चमेली एक हाकिमका घरमा काम गर्न थाली । "भोलि छोराको बर्थडे छ, चमेली राती नै आइज है ।" एक बेलुका भाँडा माझिसक्नासाथ हाकिमकी श्रीमतीले चमेलीलाई आदेश दिइन् । "हस् हजुर," चमेलीको मुखबाट आज्ञापालनको मलिनो स्वर निस्क्यो ।

६. राती नै देखि चमेली काममा खटिई । भाँडा माझ्नु, तरकारी काट्नु, पानी ल्याउनु चमेलीलाई भ्याइनभ्याइ भयो ।  उसले एक गिलास पानीसम्म खान भ्याइन । दिनभर काम गरिरही ।

७. "ए चमेली यहाँको दुध खोई ? सबै खाइस् होइन ! कस्ती चोर रै'छ यो । जा पर्दैन काम गर्नु ... यस्ता चोरलाई !"  हाकिम्नीले एक झापट लगाइन् । चमेलीले पीडाको वेदनालाई आँसु बनाएर तपतप झारी । भर्खरै दुध खाएर अघाएको बिरालो जुँघा पुस्दै आयो र मालिक्नीलाई हेर्दै ङ्याउँ गर्‍यो । हाकिम्नीले बिरालाले दुध खाएको थाहा पाएर पनि निर्णय सपारिनन् ।

८. अर्को एक दिन पानी लिन जाँदा कुवामा धेरै बेर पालो कुर्नुपर्‍यो । चमेली त्यस दिन अलिक बिरामी पनि थिई । सकीनसकी अलिक ढिलो पानी लिएर फर्की । "ए चमेली ! पानी ल्याउन यति बेर लाग्छ ! कि कुनसँग मित लाउन आँटिस् ? कि आयो तेरो राजकुमार ... हँ ! यस्तै हो भने भोलिदेखि नआए हुन्छ ।" घरमा पस्न नपाउँदै साहुनी बर्बराइन् । उसले केही भनिन । आफ्नो काममा लागी ।

९. अर्को दिन चमेली त्यही पानी ल्याउने कुवामा पुगी र रुन थाली । "हरे ! कति दुःख पाउनुपर्‍यो मैले । सबैले गाली मात्र गर्छन् । काम गरेर पनि जस पाउनु छैन । घरको हालत पनि राम्रो छैन । बरु साहुनीले भनेजस्तो राजकुमार आइदिए ... ।" उसले सपनाको संसार सजाई र टोलाउन थाली ।

१०. चमेलीको मनमा एकप्रकारको खुसी पलायो । आँखामा भने अश्रुधारा बगि नै रहे । खै गरिबका दिन कहिले आउलान् ! दुःखैमा बित्छ होला मेरो जिन्दगी त ! सोच्दा सोच्दै एक्कासि एउटा अपरिचित आवाज गुन्जियो । "नरोऊ चमेली नरोऊ । तिम्रा पनि दिन फिर्ने छन् ।" चमेलीले यताउता हेरी । कतै कोही थिएन । कुवामा पानी भुलभुल गरिरहेको थियो ।



११. “हेर, त्यो छेउमा भाँडो छ । त्यसले उघाएर मलाई बाहिर निकाल त !” फेरि कुवाबाट आवाज आयो । चमेलीले आँसु पुछी । आवाजले अह्राएअनुसार नै उसले त्यही भाँडो डुबाएर भुलभुल गरिरहेको ठाउँबाट पानी उघाई । भाँडामा एउटा हरियो भ्यागुतो पनि आयो । कहिल्यै नदेखेको हरियो भ्यागुतो देखेर चमेली छक्क परी ।

१२. “छक्क नपर ! नडराऊ पनि ! बरु तिमीले मेरो शरीरमा भएको यो बाक्लो छाला च्यातिदेऊ ।” हरियो भ्यागुताले सहयोग माग्यो ।

१३. चमेलीले भ्यागुताको छाला च्यातिदिई । अकस्मात त्यसबाट एक सुन्दर युवक निस्के । उनले भने,“चमेली ! म टाढाको देशको राजाको छोरो हुँ । मैले जनतालाई धेरै दुःख दिएकाले एक जना तान्त्रिक जादुगरले मलाई यस्तो बनाइदिएका हुन् । तिमी आज्ञाकारी र सहनशील छ्यौ । तिमी निःस्वार्थ भावले काम गर्छ्यौ । त्यसैले तिम्रो हातबाट मेरो उद्धार भयो । तिमीलाई धेरै धन्यवाद छ । असल सोच्ने मानिसको सधैँ भलो हुन्छ । त्यो तिमीले पानी उघाएको भाँडो त्यही जादुगरको जादुगरी भाँडो हो । शुद्ध मनले मागेपछि यसले जे मागे पनि दिन्छ । तिमी त्यो भाँडो आफैँसँग राख । म अब जान्छु ।” युवक बाटो लागे ।

१४. चमेली झसङ्ग भई । यो सपना हो कि विपना हो, उसलाई छुट्याउन गारो भयो । उसले यताउति पल्याकपुलुक हेरी । त्यहाँ कोही थिएन । पानी भुलभुल गरिरहेकै थियो । उसले मनमनै सोची, “यदि यसले भनेजस्तै हुने भए म सबै मानिस दयालु बनून् । सहयोगी बनून् । संसारमा कोही गरिब नहोऊन् र कसैले मजस्तो बन्नु नपरोस् । परिश्रम गर्नेले भोकै मर्नु नपरोस् भन्ने माग्थेँ । खै के पुग्छ होला र ! मैले औँठी नदेखी चोर बन्नुपर्‍यो । बिरालाले दुध खाँदा पनि कुटाइ खानुपर्‍यो । यो भाँडाले तिनलाई सजाय दिन्छ त ! तिनले मसँग माफी माग्छन् त ! ”

१५. उसले हतारहतार पानी भरी र बाटो लागी । आज उसलाई भिन्नै अनुभूति भयो । घर पुग्नासाथ साहुनीले चमेलीलाई माया गरेर एक गिलास चिया

दिइन् । चिया खाएर चमेली काममा लागी । आज उसका अनुहारमा एकप्रकारको ज्योति चम्किरहेको थियो ।

१६. उता युवक आफ्नै देश पुगे । उनको भव्य स्वागत भयो । उनले जनतालाई दुःख नदिने बाचा गरे ।



१७. एक वर्षपछि राजकुमारको विवाह धुमधामसँग भयो । उनले देशदेशावरका मानिसलाई बोलाएर भोज खुवाए । पाहुनाले राजकुमारीलाई दाम चढाएर ढोगे । धेरै मानिसका बिचमा दुई महिला झुत्रेझाम्रे लुगामा अघि बढ्दै थिए । राजकुमारीले तिनलाई अघि आउन आदेश दिइन् र भनिन्,"मेजर्नी साहेब औँठी भेटियो ? अनि हाकिम्नी दिदीको बिरालो के गर्दै छ नि ?"

१८. दुवैले टाउको उठाएर हेरे । राजकुमारी त चमेली पो रहिछन् । दुवैको होसहवास उड्यो । केही बोल्नै सकेनन्, केवल टोलाइरहे ।

**शिक्षण निर्देशन :** ***नेपाली समाजको आर्थिक समस्या र गरिबीको अवस्थाका बारेमा छलफल चलाउनुहोस् । पाठलाई पालैपालो सस्वरवाचन गराउनुहोस् । बिच बिचमा प्रश्नोत्तर र छलफल गराउँदै जानुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

| | | |
|---|---|---|
| अधिकांश | - | धेरै जसो |
| छाक | - | एक पटक एक पेट खाइने आहार |
| जिन्दगी | - | बाँचुन्जेलको समय |
| कुवा | - | मानिसले बनाएको सानो जलाशय |
| मिठोमसिनो | - | स्वादिलो खानेकुरा |
| घैँटो | - | सानो खालको माटाको गाग्रो |
| समर्थन | - | साथ दिने |
| निर्दोष | - | दोष नभएको |
| बर्थडे | - | जन्मदिन |
| आज्ञापालक | - | आज्ञा पालना गर्ने |
| भ्याइनभ्याइ | - | फुर्सद नपाएको |
| रै'छ | - | रहेछ |
| तपतप | - | कुनै तरल पदार्थ थोपा थोपा गरी खस्ने |
| अश्रुधारा | - | निरन्तर आँसु झार्ने काम |
| अपरिचित | - | नचिनेको, पराई |
| तान्त्रिक | - | तन्त्रमन्त्र जान्ने वा त्यसको प्रयोग गर्ने व्यक्ति |
| जादुगर | - | जादु गर्ने, चटके |
| आज्ञाकारी | - | भनेको मान्ने |
| सहनशील | - | सहन सक्ने स्वभावको, धैर्य धारण गर्ने |
| निःस्वार्थ | - | स्वार्थ नभएको |
| उद्धार | - | बचाउने काम |

| | | |
|---|---|---|
| हतारहतार | - | छिटोछिटो |
| अनुभूति | - | मनले अनुभव गर्ने |
| ज्योति | - | प्रकाश, उज्यालो |
| बाचा | - | अठोट |
| दाम | - | पैसा |
| झुत्रेझाम्रे | - | पुरानो लुगा लगाएको, थाङ्ने |

## अभ्यास

**१. कथा पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) चमेली के के काम गर्थी ?

(ख) मालिक्नीले चमेलीलाई घरबाट किन निकालिदिई ?

(ग) दुध कसले खाएको थियो ?

(घ) चमेली के देखेर छक्क परी ?

**३. ठिक बेठिक छुट्याउनुहोस् :**

(क) चमेलीको परिवार सहरमा बस्थ्यो ।

(ख) चमेलीले निर्दोष भएर पनि दोषी हुनुपर्‍यो ।

(ग) राजकुमारको विवाह पाँच वर्षपछि भयो ।

(घ) पाहुनाले राजकुमारीलाई दाम चढाएर ढोगे ।

**४. कसले कसलाई भनेको हो ?**

(क) यी गरिबका छोराछोरी यस्तै हुन्छन् ।

(ख) भोलि छोराको बर्थडे छ, राती नै आइज है ।

(ग) हरे ! कति दुःख पाउनुपऱ्यो मैले ?

(घ) छक्क नपर ! नडराऊ पनि !

(ङ) तिमी त्यो भाँडो आफैँसँग राख ।

**५. पाठको पाँचौँ अनुच्छेदलाई श्रुतिलेखन गर्नुहोस् ।**

**६. पाठका आधारमा तल दिइएका घटनाहरूको क्रम मिलाई कापीमा सार्नुहोस् :**

(क) जादुगरले राजकुमारलाई भ्यागुता बनाइदिनु

(ख) राजकुमारले कसैलाई दुःख नदिने बाचा गर्नु

(ग) चमेली र उसका परिवारले दुःखपूर्ण जीवन बिताउनु

(घ) हाकिम्नीले चोरको आरोप लगाएर चमेलीलाई घरबाट निकालिदिनु

(ङ) घरमा काम गर्दागर्दै माटाको सानो घैँटो फुट्नु

(च) मालिक्नीले चमेलीलाई नराम्रोसँग पिट्नु

(छ) मेजर्नीले औँठी चोरेको भनेर गेटबाट बाहिर धकेल्नु

(ज) चमेलीको विवाह राजकुमारसँग हुनु

(झ) राजकुमारले चमेलीलाई जादुगरको भाँडो राख भन्नु

(ञ) चमेलीको अनुहारमा एकप्रकारको ज्योति चम्किनु

**७. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) चमेली कस्ती स्वभावकी थिई ?

(ख) हरियो भ्यागुताले चमेलीलाई के भन्यो ?

(ग) चमेलीले मनमनै के के कुराहरू सोची ?

(घ) राजकुमारसँग चमेलीको विवाह कसरी भयो ?

(ङ) यस कथाको शीर्षक ‘चमेली’ किन राखिएको होला ?

(च) ‘चमेली’ लोककथाले दिन खोजेको शिक्षा के हो ?

**८. व्याख्या गर्नुहोस् :**

(क) असल सोच्ने मानिसको सधैँ भलो हुन्छ ।

(ख) संसारमा कोही गरिब नहुन् र कसैले मजस्तो बन्नु नपरोस् ।

**९. 'चमेली' कथाको सारांश लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**१०. राजकुमारसँग विवाह भएपछि चमेलीको बाँकी जीवन कसरी बित्यो होला ? अनुमान गरी लेख्नुहोस् ।**

**११. यस कथाका पात्रहरूमध्ये तपाईंलाई को जस्तै बन्न मन लाग्यो ? कारण लेख्नुहोस् ।**

## शब्दभण्डार

**१२. तलका शब्दको अर्थ भन्नुहोस् :**

कुवा, बाचा, दाम, आदेश, ज्योति

**१३. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

जिन्दगी, अपरिचित, जादुगर, आज्ञाकारी, भुलभुल, तपतप, झुत्रेझाम्रे, परिश्रम, झसङ्ग, पल्याकपुलुक, धुमधाम

**१४. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| किटिक्क | रिसाउनु |
| झमक्क | रोक्नु |
| चटक्क | टोक्नु |
| झनक्क | साँझ पर्नु |
| घ्याच्च | छोड्नु |
| | पर्नु |

**१५. तल दिइएका अनुकरणात्मक शब्दको प्रयोग गरी अनुच्छेद रचना गर्नुहोस् :**

सरासर, थचक्क, कपाकप, मुसुक्क, जुरुक्क

## वर्णविन्यास

**१६. तलका शब्द शुद्ध उच्चारण गरी कापीमा सार्नुहोस् :**

दु:खपूर्ण, घैँटो, औँठी, मैयाँसाहेब, अश्रुधारा, नि:स्वार्थ, उद्धार, शुद्ध, अनुभूति, झुत्रेझाम्रे, पल्याकपुलुक

**१७. तल दिइएको वाक्यलाई शुद्ध गरी कापीमा सार्नुहोस् :**

तिमि आग्याकारी र सहनसील छयौ निस्बार्थी भाबले काम गरछ्यौ ।

**१८. पढ्नुहोस् र बुझ्नुहोस् :**

तीन, दश, बाह्र, तेर, पन्ध्र, सोर, बिस, तिस, चउन्न,

**१९. क्ष र छ्य वर्ण प्रयोग भई बनेका पाँच पाँचओटा शब्दहरू सङ्कलन गरी लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**२०. पढ्नुहोस् र बुझ्नुहोस् :**

| सामान्य भूत काल | अपूर्ण भूत काल | पूर्ण भूत काल |
|---|---|---|
| १. म गएँ । | १. म जाँदै थिएँ । | १. म गएको थिएँ । |
| २. हामी बस्यौँ । | २. हामी बस्दै थियौँ । | २. हामी बसेका थियौँ । |
| ३. तँ हाँसिस् । | ३. तँ हाँस्दै थिइस् । | ३. तँ हाँसेको थिइस् । |
| ४. तिमीले बोल्यौ । | ४. तिमी बोल्दै थियौ । | ४. तिमीले बोलेका थियौ । |
| ५. तपाईँ आउनुभयो । | ५. तपाईँ आउँदै हुनुहुन्थ्यो । | ५. तपाईँ आउनुभएको थियो । |
| ६. उसले खाजा खाई । | ६. ऊ खाजा खाँदै थिई । | ६. उसले खाजा खाएकी थिई । |
| ७. उनीहरूले पढे । | ७. उनीहरू पढ्दै थिए । | ७. उनीहरूले पढेका थिए । |

**२१. तलका क्रियापदमध्ये भूत कालका क्रियापद मात्र कापीमा सार्नुहोस् :**

काटी, पर्छ, लेख्यौ, होला, रोयो, सुत्यो, गाउने छ, टिप्यो

२२. **तलका धातु प्रयोग गरी कर्ताअनुसारका सामान्य भूत कालका क्रियापद बनाउनुहोस् :**

| **धातु/कर्ता** | **म** | **तिमी** | **तपाईँ** | **उनीहरू** |
|---|---|---|---|---|
| जा | गएँ | गयौ | जानुभयो | गए |
| लेख् | | | | |
| गाउ | | | | |
| सुताउ | | | | |

२३. **पाठका अन्तिम अनुच्छेदमा भएका भूत कालका क्रियापदलाई रेखाङ्कन गर्नुहोस् ।**

२४. **सामान्य भूत कालका क्रियापद प्रयोग गरी आफ्नो दैनिकी पाँच वाक्यमा वर्णन गर्नुहोस् ।**

२५. **कोष्ठमा दिइएका सङ्केतका आधारमा खाली ठाउँ भरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् ।**

उसले हतारहतार पानी ........ (भर् : सामान्य भूत) र बाटो ..........(लाग् : सामान्य भूत) । आज उसलाई भिन्नै अनुभूति ........... (हु : अपूर्ण भूत) । घर पुग्नासाथ साहुनीले चमेलीलाई माया गरेर एक गिलास चिया ......... (दि : सामान्य भूत) । चिया खाएर चमेली काममा ....... (लाग् : पूर्ण भूत) । आज उसका अनुहारमा एकप्रकारका ज्योति ..... (चम्कि : अपूर्ण भूत ) ।

## सिर्जनात्मक अभ्यास

२६. **चमेलीको अहिलेको अवस्थाको अनुमान गरी वर्णन गर्नुहोस् ।**

२७. **तपाईँले सुनेका कुनै लोककथा सुनाउनुहोस् ।**

२८. **तल दिइएका बुँदाका आधारमा उपयुक्त शीर्षकसहित कथा रचना गर्नुहोस् :**

एक गाउँ नजिकै जोगी बस्नु ............. माग्न जाँदा तिरस्कार पाएर दिक्क हुनु ..............आफू धनी भए धेरै दान गर्ने थिएँ भनी भगवान्लाई सम्झनु..............जोगीको पुकारा भगवान्ले सुन्नु ...........भगवान्ले उसको परीक्षा लिनु ..........जोगी बसेकै ठाउँमा रथमा चढी भगवान् आउनु, .........जोगीको नजिकै आइपुगे पछि माग्नु ..........आफूसँग भएको मकै पनि लोभी भएर एक गेडोमात्र दिनु ............घट्यो भन्ने पीर लिँदै आफूले ल्याएको भिक्षा नाङ्लोमा खन्याउनु .............एक दानो मकैजत्रो सुन भेट्नु, .............एक गेडो मकै दिएकाले एक गेडो मकै बराबरकै सुन भएको थाहा पाउनु ........धेरै दिन नसकेकामा जोगीलाई पछुतो लाग्नु ..........जति दान गर्न सक्यो त्यत्ति नै मिल्ने रहेछ भन्ने ज्ञान हुनु ।

## थप सामग्री

### सङ्क्षिप्त उत्तर लेखन

**१. परिचय**

सङ्क्षिप्त उत्तर भनेको प्रश्नमा सोधिएका कुरालाई पाठका आधारमा छोटो छोटो रूपमा प्रस्ट जवाफ दिनु हो । सामान्यत: सङ्क्षिप्त प्रश्नको उत्तर चार वाक्य वा सोभन्दा बढीमा लेख्नुपर्छ ।

**२. सङ्क्षिप्त उत्तर लेख्ने तरिका**

(क) प्रथमत: प्रश्नलाई राम्ररी पढी प्रश्नले मागेको उत्तरलाई ठम्याउनुपर्छ ।

(ख) आदि, मध्य र अन्त्य भागको सिलसिला मिलाएर उत्तर लेख्दै जानुपर्छ ।

(ग) अनावश्यक व्याख्या गर्नु हुँदैन ।

(घ) प्रश्नले खोजेको मूल उत्तर अन्तिममा लेखेर उत्तर समापन गर्नुपर्छ ।

## ३. नमुना उत्तर

**(क) मेजर्नीले चमेलीलाई कस्तो व्यवहार गरिन् ?**

**उत्तर :**

चमेली मेजर्नीको घरमा काम गर्थी । एकदिन मेजर्नीकी छोरीको औँठी हराएको रहेछ । चमेलीले गल्ती नगरे पनि मेजर्नीको घरमा उसलाई चोरीको आरोप लगाइन् । गरिबका छोराछोरी जे पनि चोर्छन् भन्दै मेजर्नीले चमेलीलाई नराम्रो व्यवहार गर्न थालिन् । आजबाट नआइज भनेर मेजर्नीले चमेलीलाई गेटबाट धकेलिन् । यसरी निर्दोष चमेलीलाई मेजर्नीले चोरीको आरोप लगाउने, हातपात गर्ने जस्ता नराम्रा व्यवहार गरिन् ।

## पाठ ८ : सय थुँगा फूल

✐ **भावकेशर बराल**

*हाम्रा आआफ्नै भाषिक र सांस्कृतिक पहिचान भए पनि हामी सयौँ थुँगा फूलका एउटै माला हौँ । जीवन के हो ? श्रम र सिप के हुन् ? यी प्रश्नहरूको उत्तरको खोजी गर्न आउनुहोस् यस कवितालाई पढौँ :*

हिमाल राम्रो पहाड राम्रो तराई क्या राम्रो
विश्वको शिर सगरमाथा खुलेको क्या राम्रो
लेकमा गुराँस बेँसीमा टाँकी फुलेको क्या राम्रो
सुनका टुक्रा धानका बाला झुलेको क्या राम्रो ॥१॥



फूलले भन्छ सुवास छर्दै हाँसेर बाँचौँला
जूनले भन्छ रातमा हामी खुलेर नाचौँला
घाम र पानी सुख र दुःख झेल्नु नै जीवन
शत्रुता त्यागी मित्रता गाँसी बाँच्नु नै जीवन ॥२॥

माटामा रोपे बिउका दाना फल्दछ पसिना
श्रम र सिप फुलेको ठाउँ नझरोस् असिना
माटो हो धन पानी जीवन हिमाली जनको
सभ्यता कला उन्नत बनोस् नेपालीपनको ॥३॥

बुद्धको ज्ञान व्यासको ध्यान कलाको मुहान
जीवन ज्योति फैलाई खुल्छ पूर्वीय बिहान
ती अरनिको भृकुटी गौरी उदाई आकाश
वीरका कथा पुर्ख्यौली गाथा छर्दै छन् प्रकाश ॥४॥





अनेक जाति अनेक भाषा अनेक संस्कृति
नेपाली बिच एकता गाढा गाँस्दै छ प्रकृति
किरण पर्दा शीतका थोपा बिलाए कसरी
अनेकतामा एकता झल्क्योस् अभिन्न जसरी ॥५॥

**शिक्षण निर्देशन :** *नेपालको प्रकृति र नेपालीहरूको भाषिक तथा संस्कृति पहिचानका बारेमा कक्षामा छलफल चलाउनुहोस् । यस कवितालाई लयमा वाचन गरी व्यक्तिगत तथा सामूहिक वाचनको अभ्यास गराउनुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।*

## शब्दार्थ :

शिर - टाउको

लेक - पहाडको माथिल्लो भाग

बैँसी - पहाडपर्वतका फेद, फाँट

टाँकी - साना साना पात भएको फूल फुल्ने एकप्रकारको रुख

सुवास - सुगन्ध, बास्ना

श्रम - मेहनत, काम

सिप - कुनै काम गर्न सिकेको, कौशल

सभ्यता - सभ्य हुनुको भाव, शिष्टता

कला - कुनै पनि काम राम्रोसित गर्ने सिप

व्यास - प्रसिद्ध ऋषि, वेदव्यास

ज्योति - प्रकाश, उज्यालो

पूर्वीय - पूर्व दिशाको, पूर्वतिरको

पुर्ख्यौली - पितापुर्खाका पालादेखिको

शीत - राती जमिनमा रुख, पात आदिमा पर्ने ससाना थोप्ला, ओस

अनेकता - पारस्परिक एकता नहुनाको भाव, विभिन्नता

## अभ्यास

**१. गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् ।**

**२. पाठ हेरी तल दिइएका कवितांश पूरा गर्नुहोस् :**

बुद्धको ज्ञान ................................ मुहान

................................................ बिहान

ती अरनिको .......................................

वीरका गाथा ............................. प्रकाश ।

**३. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) सगरमाथालाई किन विश्वको शिर भनिएको हो ?

(ख) बेँसीमा कुन फूल फुल्छ ?

(ग) हामी कसरी बाँच्नुपर्छ ?

(घ) नेपाली बिचको एकता केले गाँसेको छ ?

**४. कविताको पहिलो श्लोक पढी त्यसमा भन्न खोजिएको विचारलाई कक्षामा सुनाउनुहोस् ।**

**५. कविताको दोस्रो श्लोकलाई गद्यमा रूपान्तरण गर्नुहोस् :**

जस्तै : फूलले सुवास छर्दै हाँसेर बाँचौँला भन्छ ।

**६. कविताको तेस्रो श्लोक श्रुतिलेखन गर्नुहोस् ।**

**७. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) तराईलाई किन सुनको टुक्रासँग तुलना गरिएको छ ?

(ख) कवितामा जीवनको परिचय कसरी दिइएको छ ?

(ग) अरनिको, भृकुटी र गौरी को को हुन् ?

(घ) कवितामा पूर्वीय ज्ञान भनेर केलाई सङ्केत गरिएको छ ?

(ङ) यस कविताको मूल भाव लेख्नुहोस् ।

८. **व्याख्या गर्नुहोस् :**

(क) माटामा रोपे बिउका दाना फुल्दछ पसिना
श्रम र सिप फुलेको ठाउँ नझरोस् असिना ।

(ख) किरण पर्दा शीतका थोपा बिलाए कसरी
अनेकतामा एकता झल्क्योस् अभिन्न जसरी ।

९. **'सय थुँगा फूल' कवितामा नेपालको सुन्दर प्रकृतिको वर्णन कसरी गरिएको छ ?**

## शब्दभण्डार

१०. **तलका शब्दको अर्थ भन्नुहोस् :**

गुराँस, शिर, कला, सभ्यता, ज्योति, जाति

११. **तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

सगरमाथा, सुवास, अनेकता, अभिन्न, संस्कृति, मित्रता, पुर्ख्यौली

१२. **उही अर्थ हुने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| राम्रो | जल |
| मित्र | सम्पत्ति |
| ज्योति | संसार |
| पानी | चन्द्रमा |
| विश्व | प्रकाश |
| धन | असल |
| फूल | साथी |
| जून | पुष्प |
| | खराब |
| | विश्वास |

**१३. तल दिइएका शब्दलाई उदाहरणमा दिइएजस्तै गरी एउटै शब्द बनाउनुहोस् :**

जस्तै : लेक र बेँसी - लेकबेँसी

सुख र दुःख - ...........

घाम र छाया - ...........

जीवनको ज्योति - ...........

दाजु र भाइ - ...........

## वर्णविन्यास

**१४. तलका शब्द शुद्धसँग उच्चारण गरी कापीमा सार्नुहोस् :**

गुराँस, टाँकी, बेँसी, हाँसेर, नाचौँला, बाँचौँला, श्रम, भृकुटी, पुख्र्यौली, शीत

**१५. तल दिइएका शब्दलाई सच्याएर कापीमा सार्नुहोस् :**

सिर, पाहाड, सुःख, बुद्‌द, विर, पुर्बिय

**१६. पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) ऋषिले ऋचा पढे ।

(ख) ऋजु वसन्त ऋतुमा रमाइन् ।

(ग) कृपा र कृति गृहकार्य गर्छन् ।

(घ) कृषकहरूले कृषिका क्षेत्रमा लागेर देशलाई समृद्ध बनाउने छन् ।

(ङ) रित्तो रिक्सा पाए दिनभरि रिङरोड घुमिन्थ्यो कि !

**१७. 'रि' र 'ऋ' वर्ण प्रयोग भई बनेका पाँच पाँच ओटा शब्दहरू शब्दकोशबाट खोजेर लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१८. पढ्नुहोस् र बुझ्नुहोस् :**

**(क) संयोजक**

नोर्बु र छिरिङ आए । उनीहरूले पत्रिका पढे तर पासाङले पढेन । पासाङ पसलतिर गयो किनभने उसलाई भोक लागेको थियो । पसलेले चिया खाने कि कफी भनेर सोधे । उसले धेरै भोक लागेको छ, त्यसैले खाजा खाने भन्यो ।

**(ख) विस्मयादिबोधक**

"आहा ! क्या राम्रो फूल ! वाह ! यस्तो पो काम त ! धन्य ! तिम्रो मिहिनेत सफल भयो ।" यस्तै कुरा भन्दै कृष्णध्वजले छविराजको प्रशंसा गरे । छविराजले "उफ् ! कस्तो गर्मी ! धत् ! कसरी टिक्न सकिएला" भन्दै कृष्णध्वजको ध्यान अर्कैतिर मोड्न खोजे ।

**१९. तल दिइएका शब्दहरू पढ्नुहोस् र तालिकामा दिइएजस्तै गरी संयोजक र विस्मयादिबोधक छुट्याउनुहोस् :**

आम्मै, परन्तु, छि, हा, कठै, ज्या, त्यसैले, तापनि, किनकि, स्याबास, आहा, भने, अथवा, बिचरा, ओहो, तथापि, थुक्क, तथा

| संयोजक | विस्मयादिबोधक |
|---|---|
| परन्तु | आम्मै |

## सिर्जनात्मक अभ्यास

**२०. पत्रपत्रिका वा पुस्तकमा तपाईंले पढेको कुनै कविता सारेर ल्याउनुहोस् र कक्षामा सुनाउनुहोस् ।**

**२१. तलकामध्ये कुनै एक शीर्षकमा लयात्मक कविता लेख्नुहोस् :**

(क) हाम्रो देश (ख) हिमाल (ग) नेपाली टोपी

## थप सामग्री

### शब्दकोशको प्रयोग

**१. शब्दहरूको वर्णानुक्रम :**

शब्दकोशमा वर्णानुक्रमअनुसार शब्द राखिएको हुन्छ । शब्दकोशको वर्णानुक्रम यस्तो हुन्छ :

(क) अँ, अं, अः, अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ औ

(ख) क, क्ष, ख, ग, घ, ङ, च, छ, ज, ज्ञ, झ, ञ, ट, ठ, ड, ढ, ण, त, त्र, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह

**२. शब्दकोशको प्रयोग :**

अँध्यारो - /अँध्यारो/ ना. अन्धकार, वि. उज्यालो नभएको
(उदा. मलाई अँध्यारोमा बस्न डर लाग्छ ।)

अंश - /अम्स, अङ्स/ ना. १. भाग, हिस्सा, खण्ड, टुक्रा ।
२. जायजेथाको भागबन्डा ।
(उदा. उसलाई घर अंश पऱ्यो ।)


अक्षर - /अक्छ्यर्/ ना. १. एक पटकमा उच्चारण हुने वर्ण वा वर्ण समूह ।
२. अ, आ, क, ख आदि वर्ण ।
(उदा. रामले लेखेका अक्षर सफा देखिन्छन् ।)

कलङ्क - /कलङ्क/ ना. १. कुनै वस्तुमा लागेको दाग, टाटो ।
२. खराब काम गर्दा आएको दोष ।
(उदा. भ्रष्टाचार गरेमा कलङ्कको टीका लाग्दछ ।)

खराब- /खराब्/ वि. नराम्रो चालको, काम नलाग्ने, बेकम्मा ।
(उदा. नङ टोक्नु खराब बानी हो ।)

## पाठ ९ : लियोनार्दो दा भिन्ची

*विज्ञान मानव जीवनको एक अभिन्न अङ्ग भइसकेको छ । कैयौँ कल्पनाहरू वास्तविकतामा परिणत भएका छन् । कला साधनाले धेरै मानिसको जीवनमा नयाँ मोड ल्याइदिएको छ । आविष्कारक, मूर्तिकार, चित्रकारलगायतको बहुमुखी परिचय बनाउन सफल व्यक्ति लियोनार्दो दा भिन्ची हुन् । जीवनको सङ्घर्ष तथा विज्ञान र कलाका क्षेत्रमा पुऱ्याएका योगदान बोध गर्न उनको प्रेरणादायी जीवनी पढ्नुहोस् :*



१. "मानिस पनि चराजस्तै उड्न सके कस्तो हुन्थ्यो होला, के यो सम्भव छ ?" यसरी नै उडिरहेका चराहरूलाई हेरेर वायुयानको कल्पना गर्ने ती व्यक्ति लियोनार्दो दा भिन्ची हुन् । उनको विज्ञान, प्रविधि र कलाका क्षेत्रमा विशेष योगदान रहेको छ । उनी कलालाई साधना बनाएर विश्वपुरुषका रूपमा संसारभरि चिनिएका छन् ।

२. लियोनार्दो दा भिन्चीको जन्म सन् १४५२ अप्रिल २२ मा इटलीको भिन्ची प्रान्तस्थित पहाडी गाउँमा भएको थियो । उनका पिताको नाम सर पियरो दा भिन्ची र माताको नाम क्याटरिना लिप्पी थियो । उनका पिता वकिल थिए । जन्मेको केही महिनापछि आमाको ममताबाट वञ्चित भए पनि लियोनार्दो बाबुकै रेखदेख र लालनपालनमा हुर्कँदै गए ।

३. लियोनार्दो सानैदेखि प्रकृतिको रमणीय वातावरणमा रमाउन औधी रुचाउँथे । उनी बगैँचाका फूलहरू हेरेर मोहित हुन्थे । पहाडका चुचुरामा पुगी बादलको अवलोकन गर्थे । प्रकृतिको काखमा बसी नदीनाला, वनजङ्गल, चराचुरुङ्गीलाई हेरेर घन्टौँसम्म मुग्ध हुन्थे । "मानिसले आफ्नो उच्च कल्पना शक्तिबाट अनेकन् सुन्दर आविष्कार गर्लान् तर त्यो प्रकृतिजस्तो सुन्दर र सरल कहिले हुने छैन ।" भन्ने उनको धारणा थियो । यसरी उनले प्रकृतिरूपी शिक्षकबाट धेरै कुरा सिके ।

४. लियोनार्दो शारीरिक दृष्टिले हृष्टपुष्ट र बलिया थिए । उनलाई सानैदेखि उफ्रिने र दौडिने खेलहरू मन पर्थ्यो । सङ्गीतमा उनको ज्यादै अभिरुचि थियो । आफैँले बनाएको बाँसुरीमा मिठामिठा धुन बजाएर सबैलाई छक्क र लट्ठ पारिदिन्थे । उनलाई लुत बजाउन पनि आउँथ्यो । लियोनार्दो सानैदेखि वरपरका प्राकृतिक सौन्दर्यहरूको चित्र कोर्दै दिन बिताउँथे । उनी चित्र कोर्न, बाजा बजाउन, बुट्टा कुँद्न सिद्धहस्त थिए । उनले अङ्क गणित र ग्रिक भाषा सिके । गणित विषयमा विभिन्न पेचिला प्रश्न सोधी गुरुलाई आच्छु आच्छु पार्थे । हुने बिरुवाको चिल्लो पात भनेझैँ लियोनार्दो दा भिन्ची सुरुदेखि नै होनहार व्यक्तिका रूपमा देखा परे । कुनै पनि विषयवस्तुको गहिराइमा पुगेर अध्ययन गरेको खण्डमा त्यस विषयमा नयाँ नयाँ कुराहरूको जानकारी हुन्छ भन्ने उनको भनाइ थियो ।

५. दाहिनेबाट देब्रेतिर लेख्ने उनको खुबी थियो । उनमा कुनै गोप्य कुरा लेख्नुपर्दा उल्टो अक्षरमा लेख्ने विलक्षण प्रतिभा थियो । उनको कल्पना शक्ति असीमित थियो । सात सय तिस तरिकाले पानीको बहाव र बगेको पानीको वर्णन गर्न सक्थे । उनले परिकल्पना नगरेका भए वायुयानको यति छिटो विकास हुन सक्दैनथ्यो ।

६. लियोनार्दोको सबभन्दा रुचिको विषय चित्रकला नै थियो । उनका पिताले एक दिन लियोनार्दोले कोरेका चित्रहरू फ्लोरेन्सका प्रसिद्ध कलाकार आन्द्रा देल बोरेसियोलाई देखाए । चौध वर्षको किशोरले कति राम्रो चित्र कोरेको भनी बोरेसियोले धेरै प्रशंसा गरे । त्यसपछि बोरेसियोले अझ राम्रो चित्र कोर्ने कला सिकाइदिने वचन दिएको सुनेर लियोनार्दो खुसीले झन् गद्गद् भए । यसै क्रममा उनका पिता पियरो दा भिन्चीले बोरेसियोसँग अध्ययन गर्ने व्यवस्था मिलाइदिए । लियोनार्दोको चित्रकलामा गहिरो अभिरुचि देखेर गुरुले पनि उनलाई सक्दो मदत गरे । त्यति बेला चित्रकारहरूले चित्र बनाउँदा सामान्यत: सेतो पृष्ठभूमि प्रयोग गर्दथे । लियोनार्दोले भने गाढा रङको पृष्ठभूमि प्रयोग गरेर चित्र बनाउन थाले । यसरी चित्रकलाको नयाँ शैलीको विकासमा लियोनार्दोले आफ्नो भूमिका बढाउँदै लगे ।

७. एकपटक लियोनार्दोले गुरुपरीक्षा स्वरूप देवदूतको चित्र बनाए । हृष्टपुष्ट शरीर र मुसुक्क हाँसेको अनुहारको त्यो तस्बिर साँच्चिकै कलाको बेजोड नमुना थियो । चित्र आफ्नै ढङ्गको प्रकाश र छायाले सजिएको थियो । गुरु बोरेसियो चित्र हेरी तीनछक्क परे । उनको चित्रको चमत्कार फ्लोरेन्स नगरमा फैलियो । लियोनार्दोको रुचि चित्रकलाबाहेक अन्य विषयमा पनि थियो । सन् १४७७ मा वायुयानको नमुना बनाए । त्यसपछि ट्याङ्क र तोपको नुमना बनाए । निश्चित ठाउँमा सुरुङ खनेर जस्तोसुकै किल्ला भत्काउने जुक्ति पत्ता लगाए । सन् १४८२ मा एउटा बेग्लै खालको चाँदीको लुत बनाए । यसको आकार घोडाको टाउको जस्तै थियो ।

८. लियोनार्दोले सन् १४८५ मा मिलाम नगरलाई व्यवस्थित गर्न नयाँ नक्सा तयार पारे । सन् १४९३ मा फ्रान्सको स्फोर्गाको २६ फिट अग्लो सालिक बनाए । लडाइँमा प्रयोग गरिने सैनिक हेलिकोप्टरको डिजाइन गरे । भवन निर्माणका निमित्त ठुला ठुला ढुङ्गा उठाउन सजिलो हुने क्रेन पनि बनाए । उनले कृष्ण र क्यास्पियन सागरको छालबारे अन्वेषणात्मक लेख लेखे । त्यसै गरी 'आर्नोमा नहर' निर्माण गर्न नक्सा कोरे । यसरी उनले आविष्कारक, सङ्गीतकार, मूर्तिकार, सैनिक, इन्जिनियर, वैज्ञानिक, भवन डिजाइनर तथा लेखकका रूपमा प्रसिद्धि पाउँदै गए ।

९. लियोनार्दो दा भिन्ची बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन् । उनको प्रतिभा चित्रकलामा बढी फस्टाएको छ । उनले कुनै वस्तुमा प्रकाश पर्दा देखिने चमकसम्बन्धी ज्ञानलाई आफ्नो चित्रकलामा प्रयोग गरेका छन् । उनले बनाएका 'अन्तिम रात्रिभोज' र 'मोनालिसा' का चित्रलाई चित्रकला जगत्को बेजोड उपलब्धिका रूपमा लिइन्छ । 'अन्तिम रात्रिभोज' चित्रमा जिसस क्राइस्ट आफ्ना शिष्यहरूसँग रहेर भोज खाँदै गरेको अवस्थाको चित्रण छ । विशेष गरी मानिसको अङ्ग र अनुहारलाई सजीव रूपमा प्रस्तुत गरिएको छ ।

१०. 'मोनालिसा' को चित्र चित्रकलाको अर्को बेजोड नमुनाका रूपमा रहेको छ । तीन वर्षको कठिन साधनापछि मात्र यो चित्र पूर्ण रूपमा तयार भएको थियो । यस चित्रमा मोनालिसाको रहस्यमय मुस्कान र विचित्र ढङ्गले लट्ठिएका आँखालाई नै विशेष रूपले चित्रण गरेका छन् । मोनालिसाको हाँसो तस्बिरको मुख्य आकर्षण भएकाले अवर्णनीय हाँसो भन्ने गरिन्छ । यी विश्वविख्यात चित्र पेरिसको कलाकृति सङ्ग्रहालयमा राखिएको छ ।



११. लियोनार्दो दा भिन्ची इटलीको पुनर्जागरण कालका अभियन्ता हुन् । विज्ञान, प्रविधि र कलाकृतिका क्षेत्रमा उनको विशिष्ट योगदान रहेको छ । विश्वका महान् चित्रकार भिन्चीले सन् १५१९ मे २ मा फ्रान्समा अन्तिम विश्राम लिए । उनको योगदानले नवीन सिर्जनातर्फ लागिरहने सदैव प्रेरणा भइरहने छ ।

---

**शिक्षण निर्देशन :** ***विज्ञान, प्रविधि र कलाका क्षेत्रमा योगदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिका बारेमा छलफल चलाउनुहोस् । पाठलाई शिक्षकले हाउभाउसहित पढ्न प्रेरित गर्नुहोस् । पालैपालो पढ्ने अवसर सबैलाई दिनुहोस् । बिच बिचमा प्रश्नोत्तर र छलफल गराउँदै जानुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

**शब्दार्थ :**

वायुयान - हावामा उड्ने यन्त्र

कल्पना - सोचविचार, अनुमान, तर्कना

साधना - सफलता प्राप्तिका लागि कुनै काम बारबार गर्ने, अभ्यास

विश्वपुरुष - संसारले चिनेको

| | | |
|---|---|---|
| रमणीय | - | रमाइलो लाग्ने, सुन्दर |
| मोहित | - | आकर्षित |
| अवलोकन | - | कुनै कुरा हेरेर अध्ययन गर्ने काम, निरीक्षण |
| हृष्टपुष्ट | - | बलियो |
| अभिरुचि | - | इच्छा, चाह |
| लट्ठ | - | नशा लागेको जस्तो, प्रसन्न |
| लुत | - | सितार जस्तै तारले बजाउने एक किसिमको बाजा |
| सिद्धहस्त | - | पोख्त, सिपालु |
| अङ्क गणित | - | अङ्कसम्बन्धी किताब |
| पेचिला | - | पेच पर्ने खालका, गाह्रा |
| आच्छु आच्छु | - | धौधौ वा गाह्रो गाह्रो पार्ने |
| होनहार | - | भविष्यमा योग्य बन्ने खालको |
| गहिराइ | - | सामान्य सतहभन्दा तलको |
| खण्ड | - | भाग, क्षेत्र |
| परिकल्पना | - | पछि हुन सक्ने कुराको अड्कल वा धारणा |
| विलक्षण | - | अद्भुत, अचम्मको |
| असीमित | - | ज्यादा, धेरै |
| बहाव | - | पानी बग्ने तरिका |
| सामान्यत | - | प्रायः जसो |
| पृष्ठभूमि | - | मूल आधार, मूर्ति वा चित्रको सबभन्दा पछिल्लो भाग |
| शैली | - | तरिका |
| बेजोड | - | अर्को जोडा नभएको, उत्कृष्ट |

ट्याङ्क - युद्धका सामानले भरिएको सेनाको गाडी

तोप - एकप्रकारको ठुलो अस्त्र वा हतियार

सुरुङ - जमिन खनेर भित्रभित्रै बनाइएको बाटो

सालिक - कुनै व्यक्तिको धातु वा ढुङ्गाबाट बनाइएको मूर्ति

क्रेन - गह्रौँ साधनलाई एक ठाउँबाट अको ठाउँमा उठाएर राख्न सक्ने ठुलो यन्त्र

छाल - वायुको प्रभावले पानी छचल्किँदा उठेको लहर

अन्वेषणात्मक - लुकेछिपेका कुराहरू खोज्ने काम

डिजाइन - कुनै वस्तुको बनोट वा त्यसको ढाँचा

बहुमुखी - विभिन्न विषयको ज्ञान भएको

उपलब्धि - कुनै कुरा पाउने काम, प्राप्ति

रहस्यमय - रहस्यले भरिएको

लट्ठिएका - लट्ठ परेका

आकर्षण - शक्ति, गुण, माया आदिले आफूतिर तान्ने क्रिया

अवर्णनीय - वर्णन नै गर्न नसकिने

विश्वविख्यात - विश्वप्रसिद्ध

कलाकृति - कलाद्वारा निर्मित

सङ्ग्रहालय - प्राचीन महत्त्वका वा दुर्लभ वस्तुहरू बटुलेर राख्ने घर

पुनर्जागरण - कला, साहित्य, संस्कृति आदिको संरक्षणका लागि चलाइने अभियान

आविष्कार - नयाँ नयाँ वस्तुको उत्पादन

प्रेरणा - हौसला, उत्साह

स्रोत - मुहान

विश्राम - आराम

## अभ्यास

**१. पाठ पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तल दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) लियोनार्दो दा भिन्ची कसरी दिन बताउँथे ?

(ख) लियोनार्दोको कुन कल्पनाले साकार रूप लियो ?

(ग) लियोनार्दोको रुचि के केमा थियो ?

(घ) गुरु बोरेसियो किन तीनछक्क परे ?

(ङ) लियोनार्दोको मृत्यु कहिले र कहाँ भएको थियो ?

**३. पाठबाट मिल्ने शब्द खोजी खाली ठाउँमा भर्नुहोस् :**

(क) लियोनार्दो दा भिन्चीको ........ मा भएको थियो ।

(ख) ........ मिठामिठा धुन बजाएर सबैलाई छक्क पार्थे ।

(ग) उनी चित्र कोर्न, बाजा बजाउन र बुट्टा कुद्न ........ थिए ।

(घ) लियोनार्दोले गुरुपरीक्षा मानी ........ को चित्र बनाए ।

(ङ) उनले बनाएका चित्र पेरिसको कलाकृति ........ मा राखिएको छ ।

**४. ठिक बेठिक छुट्याउनुहोस् :**

(क) लियोनार्दोलाई लुत बजाउन आउँथ्यो ।

(ख) लियोनार्दोले नयाँ चित्रकला शैलीको विकास गरे ।

(ग) लियोनार्दोको कल्पना शक्ति सीमित थियो ।

(घ) लियोनार्दोले चार वर्ष लगाएर मोनालिसाको चित्र बनाएका थिए ।

(ङ) लियोनार्दो इटलीका पुनर्जागरण कालका अभियन्ता हुन् ।

**५. पाठको पाँचौँ अनुच्छेद श्रुतिलेखन गर्नुहोस् ।**

**६. तपाईंले गरेका कुनै दुई सकारात्मक कामहरू कक्षामा सुनाउनुहोस् ।**

जस्तै : मैले असहायलाई सहयोग र सम्मान गरेको छु ।

**७. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) लियोनार्दो दा भिन्चीको बाल्यकाल कसरी बितेको थियो ?

(ख) लियोनार्दोले कुन कुन क्षेत्रमा योगदान दिए ?

(ग) 'अन्तिम भोज' चित्रमा के देखाइएको छ ?

(घ) मोनालिसाको हाँसोलाई किन अवर्णनीय हाँसो भन्ने गरिन्छ ?

(ङ) लियोनार्दोले बनाएका चित्रहरूमा पाइने विशेषता के के हुन् ?

(च) लियोनार्दोको जीवनीबाट के प्रेरणा पाउन सकिन्छ ?

**८. यदि वर्तमान समयमा लियोनार्दो दा भिन्ची जन्मिएका भए उनले के कस्ता कलाकृति सिर्जना गर्थे होलान् ? अनुमान गरी लेख्नुहोस् ।**

**९. भावविस्तार गर्नुहोस् :**

(क) कुनै पनि विषयवस्तुको गहिराइमा पुगेर अध्ययन गरेको खण्डमा त्यस विषयमा नयाँ नयाँ कुराहरूको जानकारी हुन्छ ।

(ख) मानिसले आफ्नो कल्पना शक्तिबाट अनेकन् सुन्दर आविष्कार गर्लान् तर त्यो प्रकृति जस्तो सुन्दर र सरल कहिले हुने छैन ।

**१०. लियोनार्दो दा भिन्चीले गरेका मुख्य मुख्य कामहरूलाई बुँदागत रूपमा क्रम मिलाएर लेख्नुहोस् ।**

**११. लियोनार्दोलाई किन बहुमुखी प्रतिभाका धनी व्यक्ति मानिन्छ ? पाठका आधारमा लेख्नुहोस् ।**

## शब्दभण्डार

**१२. तलका शब्दको अर्थ भन्नुहोस् :**

रुचि, व्यवस्था, शैली, प्रसिद्ध, सजीव, कठिन, नवीन

**१३. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

रमणीय, अवलोकन, अङ्कगणित, देवदूत, सालिक, अन्वेषण, क्रेन, कलाकृति

**१४. तल छ्यासमिस पारेर पर्यायवाची शब्द राखिएका छन् । उदाहरण हेरी मिल्ने शब्द छानेर जोडा मिलाउनुहोस् ।**

उदाहरण : उपेक्षा = हेला

चुचुरो, फूल, नयाँ, बानी, पिता, यान, तस्बिर, प्रेरणा, स्वभाव, पहाड, नौलो, पुष्प, चित्र, जनक, जहाज, हौसला

## वर्णविन्यास

**१५. तलका शब्द शुद्धसँग उच्चारण गरी कापीमा सार्नुहोस् :**

वञ्चित, मुग्ध, चराचुरुङ्गी, हृष्टपुष्ट, सङ्गीत, सिद्धहस्त, अङ्कगणित, असीमित, आन्द्रा, पृष्ठभूमि, ट्याङ्क, अन्वेषणात्मक, पुनर्जागरण, आविष्कार

**१६. शुद्ध शब्द छानेर कापीमा लेख्नुहोस् :**

| | |
|---|---|
| (क) बिशिष्ट | विशिष्ट |
| (ख) बाताबरण | वातावरण |
| (ग) वायुयान | बायुयान |
| (घ) बलियो | वलियो |
| (ङ) विरुबा | बिरुवा |
| (च) वनजङ्गल | बनजङ्गल |
| (छ) ब्यवस्था | व्यवस्था |
| (ज) वाँसुरी | बाँसुरी |

**१७. पाठको तेस्रो अनुच्छेदबाट 'ब' र 'व' वर्ण प्रयोग भई बनेका शब्दहरू टिपोट गर्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१८. पढ्नुहोस् र बुझ्नुहोस् :**

भिन्ची कलाकार **हुने छन्** । उनी कल्पना **गर्ने छन्** । उनी मोनालिसाको चित्र **बनाउने छन्** । उनले बनाएका चित्रलाई उनका गुरुले मन **पराउनुहुने छ** । उनी हाम्रा प्रेरणाका स्रोत **बन्ने छन्** ।

**१९. तलका वाक्यलाई भविष्यत् कालमा परिवर्तन गर्नुहोस् :**

(क) लियोनार्दोले देवदूतको चित्र बनाए ।

(ख) नयाँ चित्रकला शैलीको विकासमा उनले भूमिका बढाउँदै लगे ।

(ग) उनको चित्रको चमत्कार फ्लोरेन्स नगरमा फैलियो ।

(घ) चित्रहरू सङ्ग्रहालयमा राखिएको छ ।

**२०. भविष्यत् कालका क्रियापद प्रयोग गरी दश वाक्यमा आफ्ना आगामी योजनाहरू लेख्नुहोस् ।**

## सिर्जनात्मक अभ्यास

**२१. दिइएका बुँदाहरूका आधारमा शीर्षकसहित जीवनी तयार पार्नुहोस् :**

नाम : फ्लोरेन्स नाइटिङ्गेल

जन्ममिति : सन् १८८० मे १५

पिता : विलियम नाइटिङ्गेल

माता : फेनी स्मिथ नाइटिङ्गेल

- प्राणी मात्रको सेवामा रमाउने बानी
- नर्स बन्ने उत्कट इच्छा

- सन् १९४४ मा जर्मनीमा नर्स कोर्समा भर्ना भई अध्ययन
- महिलाहरूलाई नर्स कोर्सका बारेमा प्रशिक्षण
- ज्यादै परिश्रमका कारण आँखाको ज्योति गुम्नु
- दया, करुणा, सेवा आदि सद्‌गुणले युक्त समाजसेवीका
- क्रिमियाको स्कुटारी अस्पतालमा युद्धमा घाइते सिपाहीहरूलाई निःस्वार्थ सेवा गरेबापत हातमा बत्ती लिएकी महिलाको नामले प्रसिद्ध
- बिरामीहरूद्वारा सम्मानित तथा नर्स पेसालाई मर्यादित बनाउने स्वास्थ्यकी देवी
- सेन्ट टमस नर्स ट्रेनिङ अस्पतालको स्थापना

**सम्मान :**

- बेलायत सरकारद्वारा 'अर्डर द मेरिट' को उपाधि प्रदान
- इटाली सरकारद्वारा उनको जन्मस्थललाई उनकै नामबाट नामकरण

**देहावसान :**

संसारभरि सेवाकी प्रतिमूर्ति र प्रेरणाकी स्रोत बनेकी विश्वप्रसिद्ध नाइटिङ्गेलको ९० वर्षको दीर्घ उमेरमा

**२२. तपाईंका आमा वा बुबाका बारेमा तलका कुरा सोधेर जीवनी तयार पार्नुहोस् :**

(क) जन्म र जन्मस्थान

(ख) आमाबुबाको नाम

(ग) शिक्षा

(घ) गरेका मुख्य काम

(ङ) हामीले उहाँबाट लिन सक्ने प्रेरणा

## थप सामग्री

### व्यक्तिगत विवरण

नाम : खुसीलाल चौधरी

जन्मस्थान : लाहान नगरपालिका - ३, सिरहा

जन्ममिति : २०५१/०६/१५

माता : शिवकुमारी चौधरी

पिता : बुधन चौधरी

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

वैवाहिक स्थिति : अविवाहित

स्थायी ठेगाना : लाहान नगरपालिका - ३, पछबारी टोल, सिरहा

सम्पर्क ठेगाना : ललितपुर महानगरपालिका - १४, नक्खिपोट

फोन : ९८४१४७१५३३

इमेल : khusilal@gmail.com

शैक्षिक योग्यता : २०७१ उच्च माध्यमिक तह, उच्च माध्यमिक शिक्षा परिषद्

: २०६८ एस.एल.सी, परीक्षा नियन्त्रण कार्यालय, भक्तपुर

**तालिम तथा अनुभव :**

: २०७० मा दश हप्ते आधारभूत कम्प्युटर तालिम

: २०७५ देखि श्री वागेश्वरी आधारभूत विद्यालय, साँखुमा बालविकास शिक्षक भई काम गरेको

हस्ताक्षर

नाम : खुसीलाल चौधरी

# पाठ १० : हाम्रो सङ्कल्प

किशन थापा 'अधीर'

*भनिन्छ, "पढ्न र लेख्न उमेरले छेक्दैन ।" उमेरमा पढ्न नपाए पनि उमेर ढल्किएपछि पढेर शिक्षा प्राप्त गर्ने हाम्रो समाजमा धेरै छन् । उनीहरू जस्तै उमेरमा पढ्न नपाएका प्रौढहरूको शिक्षा प्राप्त गर्ने चाहनालाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।*

**डोल्मा :** **(मेचमा बसेर डोल्मा छोराको तस्बिरलाई हेरिरहेकी छिन् । तस्बिर हेर्दाहेर्दै उनका आँखाबाट आँसु बरर बग्न पुग्छ ।)** तिमीलाई थाहा छ बाबु ? तिमीलाई जन्माउन कति गाह्रो भएको थियो मलाई ? घरमा खाने केही थिएन । तिम्रा बाबा रातदिन पसिना झारेर आउनुहुन्थ्यो । **(तस्बिरमा भएको छोराको आँखा पुछ्न थाल्छिन् ।)** तिमीलाई जन्माउने बेला समेत उहाँ काम गर्न जानुभएको थियो । रातदिन काम गर्दा पनि हाम्रो पेट भोकै हुन्थ्यो । उहाँको त झन् के भयो होला ? जति दुःख गर्दा पनि महँगीलाई हामीले जित्न सकेनौँ । **(छिमेकमा बस्ने लगभग ५०-५२ वर्षकी निर्मला उभिएर तिनको क्रियाकलाप हेरिरहन्छिन् ।)**

**निर्मला :** **(भित्र पस्दै)** हैन, कसले कसलाई जित्न सकेन भनेको डोल्मा दिदी ?

**डोल्मा :** **(झटपट आँसु पुछ्दै)** ए...निर्मला बैनी पो । कतिखेर भो आएको ?

**निर्मला :** भर्खरै । **(सम्झँदै)** अघि दिदीले जित्न नसकेको कुरा गर्दै हुनुहुन्थ्यो ।



**डोल्मा :** ए...त्यो ? केही हैन, केही हैन । म त त्यसै ..... ।

**निर्मला :** अँ, दिदी आफ्नो व्यथा लुकाउनुहुन्छ । सधैँ 'मनको बह कसैलाई नकह' भन्नुहुन्छ, तर म त तपाईंलाई माया गर्ने बैनी हुँ नि । दुःख बाँडीचुँडी गर्दा मन हलुका हुन्छ भन्ने खालकी हुँ नि त म । अझ पनि भन्नु हुन्न ?

**डोल्मा :** के छ र लुकाउनू ?

**निर्मला :** अनि छोराको केही खबर आयो ?

**डोल्मा :** खै, के भो, के भो ! विदेशमा भए पनि तीन महिना अघिसम्म आमा भन्ने छोरो...अहिले त काम धेरै छ, कुरा गर्न भ्याउँदिनँ मात्र भन्छ । कस्तो काम होला त्यस्तो ?

**निर्मला :** कतै...राम्रो काममा पो छैन कि ?

**डोल्मा :** काम त उही कम्पनीमै हो हुन त । अहिले त पैसा पनि पठाउने चासो राख्तैन । बुढी आमा भोकै छे कि छैन ? कुनै चासो राख्तैन अचेल ।

**निर्मला :** छोरो किन त्यस्तो निष्ठुरी भएको होला ? कति मात्र गर्नुभएन त्यस छोरालाई पढाउन ।

**डोल्मा :** **(आँसु पुछ्दै)** आमाको भोकप्यास बुझेन, लौ ठिकै छ । त्यहीँ भुलिबस्यो, त्यो पनि ठिकै छ भन्नुपर्ला, तर कहिलेकाहीँ यस आमालाई के छ भनिदिओस्...म बुढीलाई अरू के नै चाहिन्छ र ! यस्तो एक्लोपन त त्यसको बाबा बित्नुभएको बेला पनि अनुभव गरेकी थिइनँ ।

**निर्मला :** ओहो...! त्यसै भएर पो खाने पिउनेको कुनै चासो नराखी बस्नुभएको छ । बिचरा ! यसो कतैबाट बुझ्न खोज्नुभएको छैन छोराको खबर ?

**डोल्मा :** त्यही एउटा फोन आउने त हो...। त्यो पनि आफू यताबाट गर्न जान्दिनँ । उसले नै गर्ने हो । **(अशान्त हुँदै)** अरू कसरी बुझ्नु ? अरू गर्न आफूले पढेलेखेको भए पो ।

**निर्मला :** त्यही त दुःखको कुरा छ । घरको समस्याले उमेरमा पढ्न पाइएन । पढ्न पाएको भए अलि सजिलो हुन्थ्यो होला । नजान्नू पनि केही रहेनछ !

**डोल्मा :** यस्तै हो बहिनी ! विश्व कहाँ पुगिसक्यो, हामी अझ पनि निरक्षर नै ... । अँ साँच्ची, छोरीको पढाइलेखाइ कस्तो छ नि ?

**निर्मला :** खै...कुन हो देशको भिसा आएको भन्दै थिई । दुःख गर्‍यो, पढायो । सबै विदेश नै ताक्छन् ।

**डोल्मा :** यतै बस, यतै पढ, आफ्नै देशको सेवा गर भन्नू नि !

**निर्मला :** भनेकी हुँ, मान्दिन । तपाईं जस्ता नपढेका आमालाई के थाहा भनी । (**मन अमिलो पार्दै**) मुटुमै च्वास्स घोच्यो ।



**डोल्मा :** त्यही त...। अरू देशका लागि पो हामीले छोराछोरी पाइदिए जस्तो भइरहेछ । अझ विदेशका लागि खर्च गरेर पढाइदिएजस्तो भइरहेछ । आफ्नो देशलाई चाहिएको बेला चैं कसले काम गर्ला कुन्नि ?

**निर्मला :** अस्ति पनि कुन हो अङ्ग्रेजी शब्द मैले बुझिनँ भनेर उल्लीबिल्ली लगाए छोराछोरीले ।

**(बाहिरबाट कसैले बोलाउँदै गरेको सुनिन्छ दिदी ! डोल्मा दिदी !)**

**डोल्मा :** को हो ? ए...ओनसरी बहिनी । आऊ न, भित्रै आऊ ।

**ओनसरी :** ओहो...निर्मला दिदी पनि आउनुभएको रहेछ । के कति कुरा गर्दै हुनुहुन्थ्यो कुन्नि । म आउनुहुन्थ्यो कि हुन्थेन । (**अप्ठेरो मान्छिन् ।**)

**निर्मला :** हैन, हैन, केही छैन त्यस्तो ।

**डोल्मा :** के हुनु...उही त हो हाम्रा कुरा । कहिले घरव्यवहारको, कहिले छोराछोरीको ।

**निर्मला :** बाल्यकालमा पढिएन, छोराछोरीले उल्लीबिल्ली बनाउँछन् । हुन त सानामा गरिबीकै कारणले पढ्ने इच्छा पूरा भएन ।

**ओनसरी :** दिदी, अहिले पनि पढ्न सुरु गरे भइहाल्छ नि । पढ्नलाई उमेरले छेक्दैन भन्छन् । शरीरले दिएसम्म पढ्नुपर्छ ।

**डोल्मा :** के भनेकी बैनी ? अरूले के भन्लान् यस उमेरमा विद्यालय जान थाल्दा ?

**ओनसरी :** भन्नेले भनिरहुन् । म पनि स्कुलकै जेठी विद्यार्थी भएर पढेकै हुँ । हिजो मात्र समाचार सुनेकी थिएँ । चीनमा साठी वर्षमाथिका असी हजार वृद्धहरू विद्यालय भर्ना भएका छन् रे !

**डोल्मा :** त्यो त हो । तैँले लेख्न जान्दिनस् भनेर वडा कार्यालयले वृद्धभत्ता लिन जाँदा ल्याप्चे लगा भनेको घटना अझै ताजै छ । त्यतिखेर मेरो मन साह्रै दुखेको थियो ।

**ओनसरी :** दिदीहरू ! बाल्यकालमा पढिएन । अहिले पढौँ, अधुरो शिक्षा पूरा गरौँ । सिक्ने कुरा त जीवनभर चलिरहन्छ ।

**डोल्मा :** ओनसरी बहिनीको कुरा सुन्दा त मलाई पनि 'पढूँ पढूँ' जस्तो लाग्न थाल्यो । कम्तीमा अक्षर चिन्दा हन्डर र ठक्कर त खानुपर्दैन ।

**निर्मला :** म त झन् घरव्यवहार गर्दा र बजार जाँदा धेरै पटक ठगिएकी छु । ठगिएको कुरा सुनाउँदा आफन्तबाट अपमानितसमेत भएकी छु ।

**डोल्मा :** ओनसरी बहिनीले पनि उमेर ढल्केपछि पढ्नुभएको हो र ?

**ओनसरी :** हो नि । मैले पढ्नुको पनि आफ्नै कथा छ । केटाकेटीका बाबा अर्को जिल्लामा काम गरी बस्नुहुन्थ्यो । चिनेको मान्छेको हातमा चिठी र पैसा पठाउनुहुन्थ्यो । ल्याउने मान्छेले पैसा आफ्नो खल्तीमा राख्दो रहेछ । अनि मलाई चाहिँ यताको हालखबर ठिक छ भन्ने कुरा बनाएर चिठी पढी सुनाउँथ्यो । एक दिन उहाँ आउनुभएपछि पो थाहा भयो त । त्यसले कति ठगेछ ठगेछ । त्यसै दिनदेखि मैले पढ्ने अठोट गरें । उहाँले पनि सहयोग गर्नु भो ।

**निर्मला :** निकै राम्रो गर्नुभएछ त । मैले पनि तपाईंबाट हौसला पाएँ ।



**ओनसरी :** अहिले तपाईंहरू जस्तै पढ्न नपाएका मानिसलाई पढ्न प्रोत्साहित गर्दै हिँडिरहेछु । सङ्घीय सरकार, स्थानीय सरकारले पनि यस्ता कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

**डोल्मा :** 'कि परेर जानिन्छ कि पढेर' भन्थे । मलाई त पढेरै जानिने रहेछ जस्तो लाग्न थालेको छ । मलाई पनि आफ्नो नाम लेख्ने र फोन चलाउने धोको छ ।

**निर्मला :** अक्षर र अङ्क चैं चिन्नै पर्ने रहेछ ।

**ओनसरी :** लेखपढ सुरु गर्न अब पनि ढिलो गर्नुहुन्छ ?

**डोल्मा :** किन गर्थ्यौं र बैनी । बरु हाम्रो पनि नाम लेखिदिइहाल । हैन त निर्मला ? हामी दुवै जना सँगै पढ्छौं ।

**निर्मला :** हो त नि । अब त हामी सङ्कोच नमानी पढ्ने छौँ । समस्याको समाधान खोज्ने छौँ । (**तीनै जना मुस्काउँछन् ।**)

**तीनै जना :** (**एकसाथ**) हामीले बुझ्यौँ, "पढ्न र लेख्न उमेरले छेक्दैन ।"

---

**शिक्षण निर्देशन :** ***शिक्षकले हाउभाउसहित पढ्न प्रेरित गर्नुहोस् । पालैपालो पढ्ने अवसर सबैलाई दिनुहोस् । बिच बिचमा प्रश्नोत्तर र छलफल गराउँदै जानुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

गाह्रो - असहज

पसिना - मिहिनेत, परिश्रम

बेला - समय, मौका

महँगी - सामानको मूल्य बढेको अवस्था

भो - भयो

बह - पिर

नकह - नभन

बाँडीचुँडी - बराबर पारेर भाग लगाउने काम

हलुका - वजन कम भएको

खबर - समाचार

कम्पनी - व्यापारी संस्था

अचेल - आजभोलि

एक्लोपन - एक्लै हुनुको भाव

| | | |
|---|---|---|
| भिसा | - | अरू देश जाने आज्ञा पत्र |
| उल्लीबिल्ली | - | हाँसोमा उडाएर जिल्ल पार्ने |
| वृद्धभत्ता | - | सामाजिक सुरक्षाको कार्यक्रमअनुसार सत्तरी वर्षमाथिका वृद्धलाई दिइने रकम |
| ल्याप्चे | - | हातको औँला मसीमा चोबेर कागजमा गरिने एकप्रकारको सही |
| एक्कासि | - | अचानक |
| अपमान | - | हेला |
| साउँअक्षर | - | मात्रा नलागेका वर्ण, बाह्रखरी |
| खल्ती | - | गोजी |
| सङ्कल्प | - | बाचा, अठोट |
| प्रोत्साहित | - | हौसला दिइएको, उत्साहित |

## अभ्यास

**१. 'हाम्रो सङ्कल्प' एकाङ्कीका पात्रहरूको संवादलाई हाउभाउसहित पढ्नुहोस् ।**

**२. तल दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) पाठमा कति जना पात्रहरू छन् ?

(ख) उनीहरूका बिच कुन विषयमा कुरा भयो ?

(ग) डोल्माको छोरो कहाँ गएको थियो ?

(घ) दुःख बाँडे मन के हुन्छ ?

**३. पाठका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :**

(क) छोरो कम्पनीमा काम गर्थ्यो ।

(ख) डोल्माले महँगीलाई जित्न सकिन ।

(ग) ओनसरी समयमा पढ्न नपाएका मानिसलाई पढाउँछिन् ।

(घ) निर्मलाले आफैँ समस्या समाधान गर्ने अठोट गरिन् ।

**४. पात्र र भनाइका बिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| निर्मला | तिमीलाई जन्माउन गाह्रो भएको थियो । |
| ओनसरी | अङ्ग्रेजी नजान्दा उल्लीबिल्ली खेलाए । |
| डोल्मा | चिनेको मानिसको हातमा पैसा पठाउनुहुन्थ्यो । |

**५. तपाईँलाई कुन पात्रको भनाइ राम्रो लाग्यो र किन ? आफ्नो विचार बताउनुहोस् ।**

**६. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) डोल्मालाई कुन कुराले पिर परेको थियो ?

(ख) छोराछोरीले निर्मलालाई के भने ?

(ग) ओनसरीले डोल्मालाई कस्तो सल्लाह दिइन् ?

(घ) ओनसरी कसरी ठगिएकी थिइन् ?

**७. व्याख्या गर्नुहोस् :**

(क) दुःख बाँडीचुँडी गर्दा मन हलुका हुन्छ ।

(ख) पढ्न र लेख्नलाई उमेरले छेक्दैन ।

**८. 'हाम्रो सङ्कल्प' एकाङ्कीको मूल सन्देश लेख्नुहोस् ।**

**९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

विद्या मानिसको अमूल्य गहना हो । यो सुनचाँदी, हिरामोतीभन्दा पनि मूल्यवान् हुन्छ । हामीले लगाउने लुगाकपडा र गरगहनाले हाम्रो बाहिरी स्वरूपलाई आकर्षित तुल्याउँछ । ती वस्तुहरूको सम्बन्ध बाहिरी दुनियाँसँग हुन्छ । विद्याको सम्बन्ध ज्ञानसँग हुन्छ, जसले मानिसलाई भित्रैदेखि उज्यालो बनाउँछ । मानव

सभ्यताको विकास एवम् परिष्कृत जीवन पद्धतिका लागि विद्या अति महत्त्वपूर्ण हुन्छ । विद्याले मानिसलाई सुखमय जीवनयापन गर्न सिकाउँछ, त्यसैले भनाइ नै छ, "विद्याविहीन पशु" अर्थात् विद्या नभएको मानिस पशुसरह हुन्छ । विद्या आर्जन गर्दैमा मानिस सभ्य वा सुखी हुन्छ नै भन्ने हुँदैन । कतिपय मानिसहरू किताबी ज्ञान नपाए पनि व्यावहारिक ज्ञानले सम्पन्न हुन्छन् । भनिन्छ, मानिसले 'कि पढेर कि परेर जान्दछ', अथवा मानिसले पढेर सैद्धान्तिक ज्ञान प्राप्त गर्दछ भने व्यवहारमा परेर व्यावहारिक ज्ञान पाउँछ । अतः पढेका कुरालाई व्यवहारमा उतार्न सके विद्याको सार्थकता झल्किन्छ ।

**प्रश्नहरू :**

(क) विद्यालाई किन अमूल्य गहना मानिन्छ ?

(ख) विद्याले मानिसलाई के कुरा सिकाउँछ ?

(ग) विद्याको सही अर्थ कसरी झल्किन्छ ?

(घ) कस्तो मानिस पशुसमान बन्दछ ?

(ङ) 'जीवनयापन' र 'सम्पन्न' शब्दको अर्थ लेख्नुहोस् ।

## शब्दभण्डार

**१०. तलका शब्दको अर्थ भन्नुहोस् :**

नकह, अचेल, खल्ती, भिसा, साउँअक्षर

**११. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

अभाव, अनुभव, कम्पनी, शरीर, धोको, महँगी, प्रोत्साहन, मुटु च्वास्स घोच्नु, कि पढेर जानिन्छ कि पढेर

**१२. उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| असल | सजिलो |
| गाह्रो | स्वदेश |
| जित्न | सुख |
| विदेश | हार्न |
| दुःख | खराब |
| | साह्रो |

**१३. तलका शब्दको उस्तै अर्थ दिने शब्द लेख्नुहोस् :**

पसिना - ..........................

बेला - ..........................

अठोट - ..........................

इच्छा - ..........................

खबर - ..........................

देश - ..........................

आमा - ..........................

घर - ..........................

## वर्णविन्यास

**१४. तलका शब्द शुद्धसँग उच्चारण गरी कापीमा सार्नुहोस् :**

गाह्रो, महँगी, झ्याउँदिन, भोकप्यास, ल्याप्चे, च्वास्स, व्यवस्था, अप्ठ्यारो, ध्यान, प्रोत्साहित

**१५. तल दिइएका शब्दहरू सच्याउनुहोस् :**

जिबन, विदेस, हामि, मुटू, अंग्रेजी

**१६. पढ्नुहोस् र बुझ्नुहोस् :**

**(क) पूर्णविराम चिह्न (।)**

१. घरको समस्याले उमेरमा पढ्न पाइएन ।

२. अहिले पैसा पठाउने चासो गर्दैन ।

**पूर्ण विराम चिह्नले वाक्य पूरा भएको सङ्केत गर्दछ ।**

**(ख) प्रश्नवाचक चिह्न (?)**

१. छोराको केही खबर आयो ?

२. कसले कसलाई जित्न सकेन भनेको डोल्मा दिदी ?

**कुनै कुराको उत्तर जान्ने जिज्ञासा राख्दा प्रश्नवाचक चिह्नको प्रयोग गरिन्छ ।**

**(ग) अल्पविराम चिह्न (,)**

१. आऊ न, भित्रै आऊ ।

२. निर्मला, डोल्मा र ओनसरीले कुराकानी गरे ।

**शब्दहरू क्रमिक रूपमा आए वा छोटो अडान जनाउनु परे अल्पविराम चिह्नको प्रयोग गरिन्छ ।**

(घ) **उद्गार चिह्न (!)**

१. ओहो ! त्यसै भएर पो खाने पिउनेको कुनै चासो नदिई बस्नुभएको छ ।

२. म बुढीलाई अरू के नै चाहिन्छ र !

**हर्ष, आश्चर्य आदि बुझाउन उद्गार चिह्न प्रयोग गरिन्छ ।**

(ङ) **अर्धविराम चिह्न (;)**

१. उमेरमा पढ्न पाइएन; लेख्न पाइएन ।

२. तिनीहरू खुब मिल्थे; जङ्गल विहार गर्थे; सिकार खेल्थे ।

**वाक्यका सहयोगी भएर आउने उपवाक्यका बिचमा अर्धविराम चिह्न प्रयोग गरिन्छ ।**

(च) **कोष्ठक चिह्न ()**

१. (आँसु पुछ्दै) आमाको भोकप्यास बुझेन ।

२. भर्खरै । (सम्झँदै) अघि दिदीले जित्न नसकेको कुरा गर्दै हुनुहुन्थ्यो ।

**शब्दको अर्थ वा भनाइको भाव व्यक्त गर्न कोष्ठक चिह्नको प्रयोग गरिन्छ ।**

(छ) **उद्धरण चिह्न (‘’) (“ ”)**

१. हामीले बुझ्यौँ, “पढ्न र लेख्न उमेरले छेक्दैन ।”

२. हामीले ‘हाम्रो सङ्कल्प’ एकाङ्की पढ्यौँ ।

**कुनै भनाइ वा शीर्षकलाई जस्ताको तस्तै राख्न उद्धरण चिह्नको प्रयोग गरिन्छ ।**

(ज) **निर्देशक चिह्न (:)**

तल दिइएका शब्दहरूको अर्थ लेख्नुहोस् :

खल्ती, प्रौढ

**कुनै कुरा निर्देशन गर्दा निर्देशन चिह्न प्रयोग गरिन्छ ।**

**(झ) योजक चिह्न (–)**

स-साना

हामीले स-साना समस्या आफैँले समाधान गर्नुपर्छ ।

**शब्द जोड्नु पर्दा योजक चिह्न प्रयोग गरिन्छ ।**

**१७. उपयुक्त चिह्न प्रयोग गरी शुद्ध गर्नुहोस् :**

यस्तै हो वहिनी विश्व कहाँ पुगिसक्यो हामी अझ पनि निरक्षर नै

**१८. पाठबाट पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोग भएका दुई दुईओटा वाक्यहरू खोजेर लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१९. पढ्नुहोस् र बुझ्नुहोस् :**

सन्तोष : राम खाना खान जान्छ । हरि पनि खाना खान जाला । तिमी भने यतै बस । काका, हामी जाऔँ । आमाले खाना पस्किनुभयो ।

काका : हुन्छ, तिमी अगाडि हिँड । म पनि पछि पछि आउँछु । सँगै बसेर खाऔँला । भाउजू, खाना अलि थोरै दिनुहोओस् है ।

(क) 'राम खाना खान जान्छ । आमाले खाना पस्किनुभयो । म पनि पछि पछि आउँछु ।' यी वाक्यहरूले वक्ताका सामान्य मनोभावलाई बुझाएका छन् ।

(ख) 'तिमी भने यतै बस । तिमी अगाडि हिँड ।' यी वाक्यहरूले कुनै पनि काम गर्ने आदेश वा अनुरोधको भावलाई जनाएका छन् ।

(ग) 'हरि पनि जाला । सँगै बसेर जाऔँला ।' यी वाक्यहरूले सम्भावनाको भावलाई बुझाएका छन् ।

(घ) 'काका, हामी जाऔँ । भाउजू, खाना अलि थोरै दिनुहोओस् है ।' यी वाक्यहरूले इच्छाको भावलाई बुझाएका छन् ।

**२०. तलका वाक्यलाई भावका आधारमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य भाव | ऊ घर जाला । |
| आज्ञा भाव | हामी खाना खाऔँ । |
| इच्छा भाव | म किताब पढ्छु । |
| सम्भावना भाव | तिमी घरमा बस । |

## सिर्जनात्मक अभ्यास

**२१. तपाईँ साथीसँग हाटबजार, जात्रा, मेला वा पर्वका अवसरमा घुम्न जाँदाको अनुभव समेटेर छोटो संवाद तयार पार्नुहोस् ।**

**२२. 'पुस्तकालयको महत्त्व' शीर्षकमा संवाद लेख्नुहोस् ।**

## थप सामग्री

### १. संवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू

(क) दिइएको विषयका लागि आवश्यक बुँदाहरू टिपोट गर्नुपर्छ ।

(ख) लेखाइको सुरुमा शीर्षक दिएर परिवेश र पात्रको सिर्जना गर्नुपर्छ ।

(ग) पात्रको परिवेशअनुसारको भाषाशैली प्रयोग गर्नुपर्छ ।

(घ) पात्रहरूको कुराकानी मूल विषयमा केन्द्रित हुनपर्छ ।

(ङ) पात्रहरूले गरेका विभिन्न हाउभाउलाई कोष्ठकमा देखाउनुपर्छ ।

(च) निष्कर्षसहित सबैको सहमति भएपछि टुङ्ग्याउनुपर्छ ।

## २. संवादको नमुना

### शैक्षिक भ्रमण

स्थान : राधाको घर

पात्र : राधा र धना

समय : दिउँसोको ११ बजे

(राधा शनिबारको दिन बिहान आफ्ना कपडा धुँदै थिइन् । त्यही समयमा धना आइपुग्छिन् ।)

धना - ओहो ! राधा, आज त बिहानै कपडा धुँदै छौ नि ?

राधा - (झसङ्ग तर्सँदै धनातिर हेरेर) ए धना पो ! म त कस्तो तर्सेकी ! भोलि शैक्षिक भ्रमणमा जानु छ, त्यसैले नुहाइधुवाइ गरेकी नि । अनि तिमीचाहिँ नजाने कि कसो ?

धना - आ ............ म त जान्नँ ।

राधा - किन नजाने ? शौक्षिक भ्रमण जान पाउनु त साह्रै खुसीको कुरा पो हो त ।

धना - आखिर शैक्षिक भ्रमण गएर के नै पो पाइएला र ?

राधा - के भनेकी त्यस्तो । यसबाट त हामीले नयाँ नयाँ ठाउँका बारेमा धेरै जान्ने मौका पाउँछौँ । फेरि सबै साथीहरूसँगै जाँदा कस्तो रमाइलो पो हुन्छ ।

धना - त्यही पोखरा र गोरखा जाने होइन त ? त्यहाँ के के त्यस्ता रमाइला कुराहरू छन् त ?

राधा - हेर धना, तिमीलाई केही थाहा नै रहेनछ । पोखरा त प्रकृतिले आफ्नो भएभरको सिप लगाएर सजाएको ठाउँ हो । त्यहाँ गएर घुम्न थाल्यौँ भने त त्यहाँका ताल, नदी, गुफा, झरना आदिले हाम्रो मुटु नै चोरेर लैजान्छन् रे । फेरि हामी कहीँ घुमफिर गर्न नै गएनौँ भने त कुवाको भ्यागुतो नै बनिन्छ नि ।

धना - हैन राधा, तिम्रा कुरा सुन्दा त रमाइलो पो होला जस्तो लाग्छ । अनि गोरखामा चाहिँ के हेर्न पाइन्छ नि ?

राधा - गोरखा त झन् हाम्रो देशको ऐतिहासिक ठाउँ हो । गोरखा दरबार छ । त्यसमाथि नेपालको इतिहास र गोर्खालीको गौरवका बारेमा त्यहाँ गएर धेरै कुरा बुझ्ने र जान्ने मौका पाइन्छ ।

धना - तिम्रो कुरा सुन्दा त मलाई पनि जाऊँ-जाऊँ लाग्न थाल्यो । तर त्यहाँ गएर तिमीले भनेअनुसारकै रमाइलो र ज्ञान पाइने हो कि होइन ?

राधा - कस्तो दोमन गरेकी तिमीले । एकपटक गएर त हेर अनि शैक्षिक भ्रमणको महत्त्व थाहा पाउँछ्यौँ ।

धना - ल त म पनि जान्छु त्यसो भए ।

राधा - बल्ल तिम्रो घैँटामा घाम लाग्यो । तिमी पनि जाने भयौ, अब त झन् रमाइलो पो हुने भयो ।

राधा - ल ल जाऔँ, भोलि सबैजना खुब रमाइलो मान्दै जानुपर्छ ।

(धना आफ्नो घरतिर लाग्छे)

# पाठ ११ : राष्ट्रिय आविष्कार केन्द्र

*इच्छा शक्तिले मानिसलाई सफल बनाउन मदत गर्छ । राष्ट्रप्रेमी मानिसहरू विदेशको सुखसयल छोडी आफ्नो जन्मभूमिमा कर्म गर्न तत्पर हुन्छन् । नेपाली वैज्ञानिक महावीर पुन यस्तै एउटा उदाहरण हुन् । उनको व्यक्तिगत प्रयासमा राष्ट्रिय आविष्कार केन्द्र स्थापना भएको छ । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात् आफू जन्मिएको भूमि र आफूलाई जन्म दिने आमा स्वर्गभन्दा पनि महान् हुन्छन् भन्ने कुरा महावीरका कर्ममा देखिन्छन् । इच्छा शक्तिले अभाव र चुनौतीलाई सजिलै जित्न सक्छ । सङ्घर्ष गर्नेहरू नै सफलताका भागीदार हुन्छन् । तलको विषयवस्तु पढेर सत्कर्मतिर लाग्ने आत्मविश्वास बढाउनुहोस् :*








१. वैज्ञानिकहरू नयाँ नयाँ वस्तुका आविष्कारका लागि क्रियाशील छन् । वैज्ञानिक आविष्कारले मानिसको जीवनशैलीमा परिर्वतन ल्याएको छ । आविष्कारका लागि सरकार, सङ्घ संस्था तथा निजी क्षेत्रसमेत लागिपरेका हुन्छन् । यसका लागि लगानी, समय र निरन्तरको प्रयासको जरुरत हुन्छ । एउटै व्यक्तिको प्रयास आविष्कारका सन्दर्भमा असम्भवजस्तै लाग्छ । नेपाली वैज्ञानिक महावीर पुनले असम्भव लाग्ने यस्तै काममा सम्भावना देखेका छन् । महावीर पुन एक्लैको सक्रियतामा वि. सं. २०६९ सालमा राष्ट्रिय आविष्कार केन्द्रको स्थापना भएको हो । यो केन्द्र हाल काठमाडौँ जिल्लाको कीर्तिपुरमा छ । करिब पचास जना युवा वैज्ञानिक आविष्कार केन्द्रमा संलग्न छन् ।

२. राष्ट्रिय आविष्कार केन्द्रको मुख्य काम भनेको नयाँ तरिकाले वस्तुको निर्माण तथा आविष्कार गर्नु हो । वातावरणको संरक्षण होओस् । जनताले सस्तो मूल्यमा उत्पादित वस्तु खरिद गर्न पाऊन् । व्यावहारिक रूपमा प्रयोग गर्न सजिलो होओस् । यस्ता विभिन्न पक्षमा आविष्कार केन्द्रले ध्यान दिएको छ । वैज्ञानिकहरूको समूहले अहिले स्वास्थ्य, कृषि, वातावरण, यातायात आदि विभिन्न क्षेत्रका आविष्कारमा काम गरिरहेको छ ।

३. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न आविष्कारहरूको परीक्षण भइरहेका छन् । तीमध्ये नवजात शिशुलाई न्यानो गराउने बेबी वार्मर यन्त्र महत्त्वपूर्ण आविष्कार हो । यो यन्त्रले शिशुलाई चिसोबाट जोगाउँछ । नवजात शिशुलाई बाहिरी वातावरणको तापक्रममा घुलमिल हुन कठिन हुने हुनाले अकालमा ज्यान जान सक्छ । न्यानो गराउने यन्त्रको प्रयोगले शिशु मृत्युदर कम गराउँछ । यस किसिमका यन्त्रको अहिलेको बजार मूल्य एक लाखभन्दा बढी छ । आविष्कार केन्द्रले चाहिँ पचास हजारभन्दा कम मूल्यमा यो यन्त्र बजारमा ल्याउँदै छ । अस्पतालको सेवा पाउन कठिन, दुर्गम तथा ग्रामीण क्षेत्रमा नवजात शिशुलाई न्यानो गराउने यो यन्त्र वरदान साबित हुन सक्छ ।

४. आविष्कार केन्द्रका वैज्ञानिकको समूहले जङ्गली जनावर धपाउने उपकरणको आविष्कार गरेको छ । यो उपकरणले मान्छे कराएको, बन्दुक पड्किएको, बम विस्फोट भएको र कुकुर भुकेको जस्ता फरक फरक आवाज निकाल्छ । यो

किसानका लागि अत्यन्तै उपयोगी उपकरण हो । यसको प्रयोगबाट खेतबारीमा जनावर पसेर अन्नबाली नष्ट गर्न सक्दैन । जङ्गली जनावरबाट मानिसमाथि हुने आक्रमण पनि कम हुन जान्छ । सौर्य ऊर्जाबाट चल्ने यो उपकरणको आवाज छ सय मिटर टाढासम्म सुनिन्छ। घाम नलाग्दा पनि तीनचार दिनसम्म सजिलै चल्छ । यसलाई मोबाइलबाट पनि सञ्चालन र नियन्त्रण गर्न सकिन्छ । यसको लागत मूल्य करिब पच्चिस हजार पर्ने अनुमान गरिएको छ । आविष्कार केन्द्रका वैज्ञानिकहरूले यो उपकरणको व्यावसायिक उत्पादन सुरु गर्दै छन् ।

५. वि. सं. २०७६ साल असार महिनाबाट यातायात र वातावरणसम्बन्धी इलेक्ट्रिक कन्भर्टको परीक्षण भइरहेको छ । डिजेल वा पेट्रोलबाट चल्ने मोटरगाडीको इन्जिन झिकेर यसको सट्टामा विद्युतीय पार्टपुर्जा जडान गरिन्छ । त्यसको आयु सातदेखि दश वर्ष हुने छ । उत्पादन मूल्य सात लाखको हाराहारीमा हुने छ । यो उपकरण पुराना मोटरगाडीमा जडान गरिने हुँदा धेरै फाइदा हुन्छ । यो विद्युतीय उपकरण भएकाले वायु प्रदूषण गराउँदैन । पुराना तथा बिग्रिएका सवारीलाई पुनः प्रयोग गर्न सकिन्छ । पेट्रोलियम पदार्थको आयात घटाउन सहयोग पुग्छ । मुलुकभित्रै उत्पादन हुने हुँदा जनताले रोजगारीको अवसर पाउने छन् । यो आविष्कार समयको माग र राष्ट्रको आवश्यकतामा आधारित छ ।

६. राष्ट्रिय आविष्कार केन्द्रको अर्को सफलता रिभर्स भेन्डिङ मेसिन हो । यो प्लास्टिक प्रशोधन गर्ने उपकरण हो । प्लास्टिकबाट वातावरणीय प्रदूषण कम होओस् भनी उपकरणलाई सहरी क्षेत्रमा राखिने छ । उपकरणमा प्लास्टिक हालेपछि थेप्चिएर पाता आकारमा बाहिर निस्कन्छ । यो प्रक्रियामा प्लास्टिक बल्दैन र धुवाँ पनि आउँदैन । यसकारण वातावरणमैत्री हुन्छ । अझ रोचक कुरा त जसले प्लास्टिकलाई टिपेर उपकरणमा हाल्छ, उसले उपकरणबाट स्वचालित रूपमै पैसा पाउँछ । प्लास्टिकको रिसाइकलबाट गमला, बाटा, बट्टाजस्ता सामान बनाउन सकिन्छ । यसको लागत मूल्य करिब पाँच लाख

पर्ने अनुमान छ । परीक्षणका रूपमा यसलाई पहिलो चरणमा काठमाडौँ, पोखरा र चितवनमा राखिने छ ।

७. 'जनताद्वारा जनताका लागि' भन्ने नारा राष्ट्रिय आविष्कार केन्द्रको मूल आधार हो । स्वदेशी तथा विदेशी व्यक्तिले दिएको इच्छादानबाट संस्था चलेको छ । आविष्कारमा रुचि राख्ने जोसुकै सहभागी हुन पाउँछन् । यो प्रयोगात्मक थलो भएकाले औपचारिक शिक्षाको अनिवर्याता हुँदैन । व्यक्तिगत वा सामूहिक रूपमा प्रयोगात्मक अनुसन्धान गर्न सकिन्छ । केन्द्र चौबिसै घण्टा खुला रहन्छ । वैज्ञानिकहरू आफ्नो अनुकूल समयमा काम गरिरहन्छन् । प्रयास गर्नेहरू कहिल्यै हार्दैनन् । राष्ट्रिय आविष्कार केन्द्रले नेपाली वैज्ञानिकलाई चिनाओस्, नेपाललाई चिनाओस् ।

---

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यति र लेख्य चिह्न ख्याल गरी भावानुकूल सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । कथा शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य  थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

| | | |
|---|---|---|
| आविष्कार | - | नयाँ वस्तुको उत्पादन |
| क्रियाशील | - | काममा सक्रिय |
| जीवनशैली | - | जीवन जिउने तरिका |
| उत्पादित | - | उत्पादन गरिएको |
| व्यावहारिक | - | व्यवहारमा चल्ने वा चलेको |
| परीक्षण | - | जाँच गर्ने काम |
| तापक्रम | - | तातोपन |

| | | |
|---|---|---|
| उपकरण | - | यन्त्र |
| विस्फोट | - | कुनै वस्तु ठुलो आवाजका साथ फुट्ने वा चर्कने प्रक्रिया |
| सौर्य | - | सूर्यसँग सम्बन्धित |
| ऊर्जा | - | बल, शक्ति |
| लागत | - | खर्च |
| व्यावसायिक | - | कुनै व्यवसायसँग सम्बन्धित |
| इन्जिन | - | शक्ति उत्पादक यन्त्र |
| जडान | - | कुनै वस्तु सजाउने वा जडान गर्ने काम |
| प्रदूषण | - | दूषित पार्ने काम |
| आयात | - | विदेशबाट मालसामान ल्याउने काम |
| प्रशोधन | - | चोखो वा परिष्कृत तुल्याउने काम |
| अनुसन्धान | - | खोज्ने वा पत्ता लगाउने काम |
| अनुकूल | - | रुचि, चाहना वा आवश्यकताअनुसारको |

## अभ्यास

**१. पाठ पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) राष्ट्रिय आविष्कार केन्द्रको स्थापना कहिले भएको हो ?

(ख) राष्ट्रिय आविष्कार केन्द्रको मुख्य काम के हो ?

(ग) वैज्ञानिकहरूको समूहले कुन कुन क्षेत्रमा काम गरिरहेको छ ?

(घ) जङ्गली जनावर धपाउने उपकरण कसका लागि उपयोगी छ ?

(ङ) राष्ट्रिय आविष्कार केन्द्रको नारा के हो ?

३. **ठिक उत्तरमा ठिक चिह्न लगाउनुहोस् :**

**(क) कसलाई बाहिरी वातावरणको तापक्रममा घुलमिल हुन कठिन हुन्छ ?**

(अ) नवजात शिशुलाई (आ) गर्भवती महिलालाई

(इ) वृद्धवृद्धालाई

**(ख) जङ्गली जनावर धपाउने उपकरणको आवाज कति टाढासम्म सुनिन्छ ?**

(अ) ५०० मिटर (आ) ६०० मिटर (इ) ७०० मिटर

**(ग) मोटरगाडीमा इन्जिनको सट्टामा के जडान गरिन्छ ?**

(अ) विद्युतीय पाटपुर्जा (आ) नयाँ पार्टपुर्जा (इ) पेट्रोलियम पार्टपुर्जा

**(घ) कुन प्रक्रियामा धुवाँ आउँदैन ?**

(अ) कपडा प्रशोधन (आ) कागज प्रशोधन (इ) प्लास्टिक प्रशोधन

४. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) राष्ट्रिय आविष्कार केन्द्रको मुख्य काम के हो ?

(ख) नवजात शिशुलाई न्यानो गराउने यन्त्रले कसरी बाल मृत्युदर कम गराउँछ ?

(ग) जङ्गली जनावर धपाउने उपकरणले के केको आवाज निकाल्छ ?

(घ) कुन आविष्कार समयको माग र राष्ट्रको आवश्यकतामा आधारित छ ?

(ङ) आविष्कार केन्द्रमा किन औपचारिक शिक्षाको भूमिका हुँदैन ?

६. **व्याख्या गर्नुहोस् :**

(क) वैज्ञानिक आविष्कारले मानिसको जीवनशैलीमा परिवर्तन ल्याएको छ ।

(ख) प्रयास गर्नेहरू कहिल्यै हार्दैनन् ।

## शब्दभण्डार

**७. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आविष्कार | इन्जिन |
| तापक्रम | तातोपन घटबढ हुने क्रम |
| उपकरण | शक्ति |
| ऊर्जा | नयाँ वस्तुको उत्पादन |
| | जाँच्ने काम |

**८. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

प्रशोधन, विस्फोट, उपकरण, जडान, तापक्रम

## वर्णविन्यास

**९. तलका शब्द पढ्नुहोस् र एउटै डिकामा लेखिने शब्दबारे जानकारी लिनुहोस् :**

म साथीसँग चिडियाखाना गएँ । त्यहाँ हामीले विभिन्न प्रजातिका चरा र जनावर देख्यौँ । हात्तीमाथि चढेर पनि अवलोकन गर्न पाइने व्यवस्था रहेछ । मैले त पहिलोपटक बाघभालु देखेँ । फुर्सद मिलाएर फेरि चिडियाखाना जानुपर्छ । म घरमा पनि यो कुरा भन्छु ।

माथिका रेखाङ्कित सँग र माथि नामयोगी हुन् । ले र का विभक्ति हुन् । बाघभालु समस्त शब्द हुन् । जानुपर्छ र भनिछाड्छ मिलित क्रियापद हुन् ।

**१०. तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

तिर, चाहिँ, बाट, द्वारा, अनुसार, ले, का, अगाडि

## कार्यमूलक व्याकरण

११. पढ्नुहोस्, बुझ्नुहोस् र गर्नुहोस् :

यो यन्त्रले शिशुलाई चिसोबाट जोगाउँछ । नवजात शिशुलाई बाहिरी वातावरणको **तापक्रममा** घुलमिल हुन कठिन हुने हुनाले **अकालमा** ज्यान जान सक्छ ।

**माथिका वाक्यमा रेखाङ्कित पदले क्रियापदसँग सम्बन्ध राखी कामको भूमिका व्यक्त गरेका छन् । यस्ता पदलाई कारक भनिन्छ ।**

**कारक र विभक्तिसम्बन्धी थप जानकारीका लागि तलको तालिका पढ्नुहोस् ।**

| विभक्ति | विभक्ति चिह्न | कारक | भूमिका | उदाहरण |
|---|---|---|---|---|
| प्रथमा | ले, बाट, द्वारा | कर्ता | काम गर्ने | महावीरले आविष्कार केन्द्र खोले । |
| द्वितीया | लाई | कर्म | कामको असर पर्ने | यो यन्त्रले शिशुलाई न्यायो गराउँछ । |
| तृतीया | ले, बाट, द्वारा | करण | काम गर्ने साधन | यो उपकरण मोबाइलबाट चल्छ । |
| चतुर्थी | लाई | सम्प्रदान | जसका लागि काम गरिन्छ | महिप किसानलाई जङ्गली जनावर धपाउने यन्त्र दिन्छन् । |
| पञ्चमी | देखि, बाट | अपादान | छुट्टिने ठाउँ/समय | आविष्कार केन्द्र २०६९ सालदेखि सञ्चालित छ । |

| | | | | |
|---|---|---|---|---|
| षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी | ..... | .... | वैज्ञानिकको समूहले आविष्कार गर्दै छ । |
| सप्तमी | मा | अधिकरण | आधार दिने | मोटरगाडीमा इन्जिनको सट्टा विद्युतीय पाटपुर्जा जडान गरिन्छ । |

**१२. कोष्ठकमा दिइएको सङ्केतअनुसार खाली ठाउँमा विभक्ति चिह्न लेख्नुहोस् :**

(क) बिहानी.......चित्र कोरिन् । (प्रथमा विभक्ति)

(ख) चराले रुख...........गुँड बनायो । (सप्तमी विभक्ति)

(ग) तिमी चम्चा ........ भात खाऊ । (तृतीया विभक्ति)

(घ) पोहोर......धारामा पानी आएन । (पञ्चमी विभक्ति)

(ङ) प्रताप सबै.........हसाउँछन् । (द्वितीया विभक्ति)

**१३. रेखाङ्कित शब्दको कारक छुट्याउनुहोस् :**

(क) शर्मिलाले बसबाट सामान झिकेर पर्खालमा राखिन् ।

(ख) मामाले मलाई जन्मदिनमा उपहार दिनुभयो ।

(ग) सफलले धनकुटादेखि सुन्तला ल्याएर साथीहरूलाई दिएछन् ।

**१४. तलका रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :**

(क) राष्ट्रिय आविष्कार केन्द्रको मुख्य काम भनेको नयाँ तरिकाले वस्तु निर्माण गर्नु हो ।

(ख) हामीले हाम्रो संस्कृतिको संरक्षण गर्नुपर्छ र भावी पुस्तालाई आफ्नो पहिचान दिन सक्नुपर्छ नि ।

(ग) आम्मै ! भाइ बाटामा चिप्लिएर लडेछ रे !

## सिर्जनात्मक अभ्यास

**१५. तलका शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :**

(क) पुस्तकालय (ख) मेरो देश

## थप सामग्री

### निबन्धको संरचना

**परिचय खण्ड**

शीर्षकको चिनारी, पृष्ठभूमि र विषय प्रवेश (एक अनुच्छेद लेख्ने)

**विस्तार खण्ड**

उदाहरण, महत्त्व, फाइदा, बेफाइदा, समस्या, समाधान आदि (एकदेखि तीन अनुच्छेदसम्म लेख्ने)

**निष्कर्ष खण्ड**

समग्र निबन्धको मुख्य मुख्य कुरा समेटिएको निचोड (एक अनुच्छेदमा लेख्ने)

# पाठ १२ : प्रधानाध्यापकलाई निवेदन

मिति : २०७७/०३/२०

१. श्रीमान् प्रधानाध्यापक,
श्री जनता आधारभूत विद्यालय,
सुरुङ्गा नगरपालिका १, सप्तरी ।

२. विषय : कम्प्युटर उपलब्ध गराइदिने बारे ।

३. महोदय,

४. यस विद्यालयमा अनौपचारिक प्रौढ कक्षा सञ्चालन भएदेखि उमेरमा पढ्नलेख्न नपाएका धेरैले सिकाइको अवसर पाएका छन् । हामी पनि अवसर पाउनेमध्येका भाग्यमानी विद्यार्थी हौँ । कक्षाकोठाको सिकाइमैत्री वातावरणले हामीलाई 'पढूँ पढूँ' बनाएको छ ।

५. हामीलाई कम्प्युटर सिक्ने इच्छा छ । इन्टरनेटबाट देशविदेशका समाचार पढ्ने इच्छा छ । यसका लागि कम्प्युटर चाहिन्छ । विद्यालयमा कम्प्युटरको व्यवस्था हुन नसक्दा हामीले कम्प्युटर सिकेर थप ज्ञान प्राप्त गर्ने अवसर नपाएको यहाँलाई अवगत नै छ ।

६. कम्प्युटरको प्रयोगबाट हामीले धेरै कुरा सिक्न सक्छौँ । सूचना आदानप्रदान गर्न सक्छौँ । आफूलाई आवश्यक विषयमा थप ज्ञान प्राप्त गर्न सक्छौँ । त्यसैले हाम्रा लागि दश थान कम्प्युटर उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

७. निवेदक
सम्पूर्ण विद्यार्थीहरू
अनौपचारिक प्रौढ कक्षा, तेस्रो तह

**शिक्षण निर्देशन :** *पाठलाई पालैपालो सस्वरवाचन गराउनुहोस् । निवेदनको संरचनाका बारेमा छलफल गरी अभ्यास गराउनुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।*

## शब्दार्थ

| | | |
|---|---|---|
| रुचिपूर्वक | - | चाख लाग्दो |
| प्रौढ | - | उमेर र अनुभवका हिसाबले पाको |
| व्यवस्था | - | प्रबन्ध, बन्दोबस्त |
| कम्प्युटर | - | विद्युतीय यन्त्र |
| इन्टरनेट | - | कम्प्युटर र टेलिफोनको विश्वव्यापी सञ्जाल |
| वातावरण | - | वरिपरिको परिवेश |
| पहुँच | - | पुग्ने काम, प्रवेश |
| सूचना | - | कुनै विषयका बारेमा दिइने जानकारी |
| प्रविधि | - | विज्ञानका कुरालाई व्यवहारमा प्रयोग गर्ने विधि |
| वरदान | - | आशीर्वाद, वर |

## अभ्यास

**१. पाठमा दिइएको निवेदन पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तल दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) यो निवेदन कहिले लेखिएको हो ?

(ख) यो निवेदन कसले कसलाई लेखेको हो ?

(ग) यो निवेदन कुन विषयमा लेखिएको छ ?

(घ) विद्यालयमा कुन कुन कुराको व्यवस्थापन गरिएको छैन ?

**३. मामाघरको दाइको बिहेमा जन्ती जानुपरेकाले दुई दिन विद्यालय आउन नसक्ने कुरा दर्साई कक्षाशिक्षकलाई निवेदन लेख्नुहोस् ।**

**४. शैक्षिक भ्रमण जाने व्यवस्था मिलाइदिन अनुरोध गर्दै आफू पढेको विद्यालयका प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।**

## शब्दभण्डार

**५. तलका शब्दको अर्थ भन्नुहोस् :**

व्यवस्था, सूचना, भवन, सुविधा

**६. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कम्प्युटर, इन्टरनेट, प्रविधि, सूचना, अनौपचारिक, समाचार

**७. उल्टो अर्थ आउने शब्द लेख्नुहोस् :**

ठुलो - ....................................

माथि - ....................................

सफल - ....................................

ठिक - ....................................

जित - ....................................

**८. उदाहरण हेरी तलका अनेकार्थी शब्दलाई भिन्न भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) उत्तर : हाम्रो देशको **उत्तर**तिर हिमाल छ ।

उत्तर : तपाईंले प्रश्नको **उत्तर** दिनुभयो ?

(ख) पत्र : तपाईं साथीलाई **पत्र** लेख्नुहोस् ।

पत्र : किताबको **पत्र** राम्ररी पल्टाउनुहोस् ।

हार, तर, कर, अर्थ

## वर्णविन्यास

**९. तलका शब्द शुद्धसँग उच्चारण गरी कापीमा सार्नुहोस् :**

विद्यालय, रुचिपूर्वक, व्यवस्था, कम्प्युटर, पहुँच

**१०. पढ्नुहोस् र बुझ्नुहोस् :**

साँझ पऱ्यो । कोठा अँध्यारो भयो । आँखाले पनि प्रस्ट देख्न छाड्यो । मैले कोठाको बत्ती बालेँ । टेबुलसँगै टोकरीमा आँप थिए । मैले गाउँबाट ल्याएको आँप काटेँ । थालमा राखेँ । आमाले भन्नुभयो, "काठमाडौँमा त आँप महँगो होला ।" मैले हाँस्दै भनेँ, "पाँच सयमा पाँचै किलो आइहाल्छ नि ।"

**११. चन्द्रबिन्दु लागेर बनेका दशओटा शब्दहरू सङ्कलन गरी लेख्नुहोस् ।**

## कार्यमूलक व्याकरण

**१२. पढ्नुहोस् र बुझ्नुहोस् :**

| करण | अकरण |
|---|---|
| १. आज पानी पर्‍यो । | १. आज पानी नपर्‍यो । |
| २. भाइ घर गयो ।. | २. भाइ घर गएन । |
| ३. पासाङले खेल खेलिछन् । | ३. पासाङले खेल खेलिनछन् । |
| ४. म सधैँ गीत गाउँछु । | ४. म कहिल्यै गीत गाउँदिनँ । |

**१३. तलका वाक्यहरू पढी करण भए अकरण र अकरण भए करणमा बदल्नुहोस् :**

(क) हाम्रो विद्यालयमा कम्प्युटरको व्यवस्था गरिएको छैन ।

(ख) हामीलाई कम्प्युटर सिक्ने इच्छा छ ।

(ग) हामी सूचना आदानप्रदान गर्न सक्छौँ ।

(घ) अनौपचारिक प्रौढ कक्षामा विद्यार्थीहरू पढ्छन् ।

**१४. तलका वाक्यलाई सामान्य पक्षका आधारमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य वर्तमान | ऊ घर गई । |
| सामान्य भूत | उनीहरू पढ्ने छन् । |
| सामान्य भविष्यत् | जयराम गाउँमा बस्छ । |

**१५. धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) तिमी सफल ............. । (हु : सामान्य भविष्यत् )

(ख) गुरुले पाठ .................। (पढाउ : सामान्य भूत)

(ग) भाइ चौरमा ........... । (खेल् : सामान्य वर्तमान)

(घ) हामी पोखरा ............। (जा : सामान्य भूत)

(ङ) सुनमाया र पासाङ घरमा ............ । (बस् : सामान्य वर्तमान)

## सिर्जनात्मक अभ्यास

**१६. तलको निवेदन पढ्नुहोस् :**

मिति : २०७७/०४/०१

श्रीमान् कक्षा शिक्षक,
प्रेरणा महिला विद्यालय,
सातदोबाटो, ललितपुर ।

विषय : **बिदा पाऊँ बारे ।**

महोदय,

म यस विद्यालयको नियमित उपस्थित हुने विद्यार्थी हुँ । हिजोदेखि स्वास्थ्यमा समस्या देखिएको छ । बिहान डाक्टरकहाँ गएँ । डाक्टरले तीन दिन आराम गर्न सल्लाह दिनुभएको छ । डाक्टरको सल्लाहअनुसार विद्यालयमा उपस्थित हुन असमर्थ भएकाले तीन दिनको विदा स्वीकृत गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

निवेदक
सुनिता घिमिरे
कक्षा : सात
रोल नं. : तीन

**१७. तलको शुभकामना पत्र पढ्नुहोस् :**

श्री ...................... ज्यू

हार्दिक शुभकामना

नव वर्ष २०७७ को सुखद् अवसरमा तपाइँ र तपाइँको परिवारमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

हिरालाल राना

प्रधानाध्यापक

मनकामना माध्यमिक विद्यालय

गोरखा

**१८. आफ्नो मिल्ने साथीको नाम लेखी जन्मदिनमा दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।**

## थप सामग्री

**निवेदन लेख्ने तरिका**

१. निवेदन लेख्दा पत्रको दायाँतिर शिरमा निवेदन लेख्दाको मिति लेख्नुपछ
।

२. कार्यालय वा संस्था प्रमुखलाई सम्बोधन गर्दा अगाडि 'श्रीमान्' शब्दको प्रयोग गर्नुपर्छ ।

३. सम्बोधनभन्दा तल सम्बन्धित कार्यालयको नाम र त्यसको मुनि ठेगाना लेख्नुपर्छ ।

४. ठेगानापछि त्यसको तल निवेदनको विषय एकै वाक्यांशमा लेख्नुपर्छ ।

५. विषयमुनि 'महोदय' शब्दको प्रयोग गर्नुपर्छ ।

६. विषयमा आधारित भएर निवेदन लेख्नुपर्छ ।

७. निवेदन पूरा भएपछि 'निवेदक/भवदीय' शब्द लेखी त्यसैको तल दस्तखत गरी आफ्नो पूरा नाम र ठेगाना लेख्नुपर्छ ।

**पाठ १३ :** 

# सत्मार्ग

नीलम कार्की 'निहारिका'

*असल चरित्र भएका मानिसहरू राम्रो काममा मात्र रमाउँछन् । जानी नजानी आफूबाट भएको गल्तीको प्रायश्चित गर्छन् । बदमासी गरेर आफ्नो पक्षमा नतिजा ल्याउन चाहँदैनन् । बरु दुःखकष्ट र अभाव स्वीकार गर्छन् । समाजमा चोरी, डैकती, भ्रष्टाचार जस्ता गतिविधि बढ्नुमा नैतिक शिक्षाको अभाव हो । तलको कथा पढेर नैतिक शिक्षा बोध गर्नुहोस् :*

१. जुनेली रात सकिएर बिहानी भएको थियो । एक हुल मानिस डुङ्गालाई किनारा लगाउँदै थिए । उनीहरूको काँधमा हतियार थियो । उनीहरूले पैसा र गहनाले भरिएको **गरुङ्गो** बाकस पाखामा निकाले ।



२. चराको चिरबिर र नदीको सुसाइले जङ्गल निकै सुन्दर देखिएको थियो । एक हातमा सानो गाग्री र काँधमा फेर्ने धोती बोकेर आफूहरूतर्फ आइरहेका एक ऋषिमाथि उनीहरूको आँखा पऱ्यो । उनीहरू हडबडाए ।

३. “डराउनुपर्दैन साथी हो । त्यो ऋषिले हाम्रो केही बिगार्न सक्दैन ।” नाइकेले साथीहरूलाई ढाडस दियो ।

४. ऋषिले उनीहरूलाई हेरे तर केही नबोली मुसुमुसु हाँस्दै नदीतर्फ लागे ।

५. उनीहरूबिच साङ्केतिक गफ भयो अनि ऋषिलाई तर्साउने पारामा सोधे, “तिमी कहाँ बस्छौ ?”

६. “पर जङ्गलमा मेरो कुटी छ ।” ऋषिले पछाडि फर्किएर जवाफ दिए ।

७. “कुटीमा को को छन् ?”

८. “बाहिरी आँखाले हेर्दा म एक्लै छु ।” ऋषिले मुस्कुराउँदै भने ।

९. एक्लै भन्ने सुनेर उनीहरू खुसी भए, एकअर्कालाई हेरे । अनि नाइकेले भन्यो, “साथीहरू, ढुङ्गा खोज्दा देवता मिलेझैँ भयो ।”

१०. “के तिमीहरू यो अवस्थामा देवतासँग भेट भयो भने साँच्चै खुसी हुन्छौ त ?” ऋषिले उनीहरूको काँधको हतियार हेर्दै सोधे ।

११. “यस्ता बाङ्गाटिङ्गा कुरामा सोच्ने र बहस गर्ने समय छैन । हामीलाई आफ्नो आश्रममा लिएर हिँड ।” नाइके कड्कियो ।

१२. “म ईश्वर भेट्न ध्यान गर्दै बसेको छु । ईश्वरसँग भेट भयो भने तिमीहरू डराएर भाग्ने अवस्थामा छौ । मेरो आश्रम जाने नै हो भने केही समय पर्ख । म स्नान गर्न आएको छु ।”

१३. “स्नान पछि गर्दा नि हुन्छ । पहिला हामीलाई कुटीमा लैजाऊ ।” नाइके रिसायो ।

१४. उनीहरू निकै हतारमा थिए । ऋषि उनीहरूलाई तत्क्षणै आफ्नो कुटीमा लैजान तयार भए ।

१५. वृक्ष, लहरा र फूलको मगमग खुस्बुबिच निर्जन ठाउँमा ऋषिको सुन्दर कुटी थियो । सफा र फराकिलो आँगन थियो । कुटीनजिकै निमको रुखको चौतारी पनि थियो ।

१६. "मेरो कुटीमा स्वागत छ । म के सेवा गरूँ ?" ऋषिले हात जोडेर भने ।

१७. आँगनमा लस्करै उभिएकामध्ये एक जनाले भन्यो, "यो बाकसलाई भित्र पुरेर राख्ने छौँ । हामी फर्केर नआएसम्म यसको सुरक्षा गर्ने जिम्मा तिम्रो हुने छ ।"

१८. यति बेलै नदी किनारामा खलबल सुनियो । उनीहरू सतर्क भए ।

१९. ऋषिले भने, "उनीहरू अन्तिम संस्कारका लागि आएका मलामी हुन् । तल त्रिवेणी घाट हुँदै यही किनार भएर जान्छन् । कसले चोला फेऱ्यो ? बिचरा ! कति लिएर गयो, कति छाडेर गयो ?'"

२०. "मर्दा सबैले लिएर होइन, छाडेर नै जान्छन् ।" नाइके कड्कियो ।

२१. "सबै कुरा छाडेर जाँदैनन् । आफूले आर्जन गरेको त साथमै लिएर जान्छन् ।" ऋषिले भने ।

२२. "कस्तो सन्की कुरा गरेको ! के लान मिल्छ र लान्छन् ।" नाइके झन् जङ्गियो ।

२३. "लान मिल्छ होइन, लिएर जानैपर्छ । हो, धनदौलत यही छाड्ने हो । तर आफूले गरेको कुकर्म वा सुकर्म साथमै लिएर जानुपर्छ, यही छाड्न पाइँदैन ।" ऋषिले बेलिविस्तार लगाउँदै भने, "धन बाँड्ने धेरै हुन्छन्, पाप बाँड्छु भन्ने कोही हुँदैनन् । ज्यानको बाजी लगाएर लुटेको धन बाँड्न सकिन्छ तर यसको फल कसैले बाँड्न सक्दैन ।"

२४. उनीहरूले ऋषिका कुरा सुनिरहे । ऋषिले भन्दै गए, "म पनि कुनै समय डाकु थिएँ । म मानिसलाई खुब दुःख दिन्थेँ । एक दिन नारदमुनिले मेरो आँखा खोलिदिनुभयो । जे पाप गरिन्छ, त्यसको फल एक्लैले भोग्नुपर्छ भनेर सम्झाउनुभयो ।"

२५. ऋषिले विगत सम्झँदै उनीहरूलाई सुनाउन थाले ।

२६. "मैले लुटेको धनको सुख भोगेझैँ पाप पनि भोग्छ्यौ ?" ऋषिले पत्नीलाई सोधेका थिए ।

२७. पत्नीले जवाफ दिइन्, "मैले दुःखसुख बाँड्ने कसम खाएकी हुँ । तर पापधर्म त व्यक्तिगत कुरा हुन् । यो अरूलाई बाँड्न सकिँदैन ।"

२८. पत्नीको जवाफबाट ऋषि झन् विचलित भएका थिए । उनले मातापितालाई पनि प्रश्न गरेका थिए । मातापिताले ऋषिलाई जवाफ दिनुभएको थियो, "पापपुण्य अरूलाई बाँड्न नमिल्ने कमाइ हो बाबु । यो कसैलाई बाँड्न सकिन्न ।"

२९. यसपछि ऋषिले सङ्कल्प गरेका थिए, "मेरो कुकर्मको फल कसैले नभोग्ने भएपछि म किन पाप गरिरहूँ । अब यो हतियार फ्याँकेर सत्मार्गमा लाग्छु ।"

३०. ऋषिले बाकसलाई सङ्केत गर्दै भने, "म यो लुटेको धन संरक्षण गरिदिएर पाप गर्दिनँ । यसका लागि तिमीहरू मलाई जे सजाय दिन्छौ, भोग्न तयार छु ।"



३१. नाइकेले हत्त न पत्त हात जोडेर अनुनय गऱ्यो, "सजाय त हामीलाई दिनुहोस् महात्मा । हामी पापी हौँ ।"

३२. "जे गऱ्यौ, महाभुल भइसक्यो । त्यसलाई सुधार्न सकिन्न । तर अब प्रायश्चित गरेर सत्मार्गमा लाग्न सक्छौ । जन्मँदै कोही खराब हुँदैन, यो त सङ्गतको फल हो । असल सङ्गत र ज्ञानले सत्मार्गमा लाग्न सकिन्छ ।" ऋषिले सम्झाए ।

३३. ऋषिका कुरा सकिँदा नसकिँदै उनीहरू हात जोडेर ऋषिको शरण परिसकेका थिए ।

३४. "आजैबाट नयाँ यात्रा सुरु गर, पाप नगर, ज्ञानी बन । अरूको चोट होइन, घाउको ओखती बन ।" ऋषि नदीतर्फ लागे । उनीहरू पनि ऋषिलाई पछ्याउँदै गए ।

३५. नदी किनारामा पुगेपछि उनीहरूले ऋषिलाई साक्षी राखेर लुटेको धन फिर्ता गरिहाल्ने र हिंसा नगर्ने भन्दै हतियार नदीमा बगाइदिए । यसपछि उनीहरूले तीनपटक नदीमा डुबुल्की मारे । सदैव सत्मार्गमा लाग्ने प्रण गर्दै आँखा बन्द गरी हात जोडेर निकै बेर उभिए ।

३६. उनीहरूले आँखा खोल्दा ऋषिलाई देखेनन् । उनीहरू कुटीमा गए, त्यहाँ पनि ऋषि थिएनन् । उनीहरूले निमको रुखमुनि धमिराले बनाएको ऋषिको मूर्ति देखे ।

३७. एक जनाले हजुरआमाको कुरा सम्झियो र सबैलाई सुनायो, "रत्नाकर डाकु सुध्रिएर वाल्मीकि ऋषि भएका थिए, उनै वाल्मीकिले रामायण लेखेका थिए ।"

---

**शिक्षण निर्देशन :** ***शिक्षकले गति, यति र लेख्य चिह्न ख्याल गरी भावानुकूल सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । कथा शिक्षणका क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइलगायत शब्दभण्डार र कार्यमूलक व्याकरण शिक्षणको मर्मलाई ख्याल गर्नुहोस् । पाठमा भएका भन्दा बाहेक अन्य थप अभ्यास पनि गराउन सक्नुहुने छ ।***

## शब्दार्थ

| | | |
|---|---|---|
| साङ्केतिक | - | इसाराका रूपमा बताइएको |
| कुटी | - | ऋषिमुनिहरू बस्ने घर |
| ध्यान | - | तपस्या |
| स्नान | - | नुहाउने काम |
| तत्क्षण | - | तत्काल, तुरुन्त |
| अतिथि | - | पाहुना |
| कड्किएर | - | रिसाएर |
| खुस्बु | - | सुवास |
| अन्तिम संस्कार | - | मृत्यु संस्कार |
| सङ्कल्प | - | दृढ निश्चय |
| चोला | - | शरीर |
| सञ्चय | - | जम्मा गर्ने काम |
| आर्जन | - | कमाइ |
| सन्की | - | सन्कने स्वभाव |
| धनदौलत | - | धन, सम्पत्ति |
| पुण्य | - | परोपकारबाट प्राप्त हुने शुभ फल, पवित्र |
| कर्म | - | काम |
| कुख्यात | - | बदनाम, नराम्रो काममा प्रसिद्धि पाएको |
| कसम | - | किरिया |
| प्रायश्चित | - | पाप वा अपराधको दोष मेट्न गरिने काम |
| सत् कर्म | - | सत्य काम |

| | | |
|---|---|---|
| प्रण | - | अठोट, प्रतिज्ञा |
| स्मरण | - | सम्झना |

## अभ्यास

**१. पाठ पालैपालो पढ्नुहोस् र साथीले पढेको पनि सुन्नुहोस् ।**

**२. तलका प्रश्नहरूको उत्तर एक वाक्यमा लेख्नुहोस् :**

(क) बाकस केले भरिएको थियो ?

(ख) ऋषिको कुटी कहाँ थियो ?

(ग) ऋषि किन ध्यान गर्दै बसेका थिए ?

(घ) नारदमुनिले कसको आँखा खोलिदिनुभयो ?

(ङ) कसरी सही मार्ग लिन सकिन्छ ?

**३. कसले कसलाई भनेको हो, भन्नुहोस् :**

(क) त्यो ऋषिले हाम्रो केही बिगार्न सक्दैन ।

(ख) तिमीहरू ईश्वरसँग भेट भयो भने डराएर भाग्ने अवस्थामा छौ ।

(ग) यो बाकसलाई भित्र पुरेर राख्ने छौ ।

(घ) आफूले सञ्चय गरेको आर्जन त साथै लिएर जान्छन् ।

(ङ) जे पाप गरिन्छ, त्यसको फल एक्लैले भोग्नुपर्छ ।

**४. पाठको चौब्बिसौँदेखि उनन्तिसौँ अनुच्छेदसम्म पढेर तल सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) को कुख्यात डाकु थिए ?

(ख) नारदमुनिले के भन्नुभएको थियो ?

(ग) ऋषिले ककसलाई प्रश्न सोधे ?

(घ) ऋषि कसरी सत्मार्गमा लागे ?

**५. पाठको पैँतिसौँ अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

**६. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) डाकाहरू किन हडबडाए ?

(ख) ऋषिको कुटी कस्तो ठाउँमा थियो ?

(ग) ऋषिले बाकसतर्फ देखाएर के भने ?

(घ) डाकाहरू कसरी ऋषिको शरणमा परे ?

(ङ) 'सत्मार्ग' कथाबाट के शिक्षा पाइन्छ ?

**७. ऋषिले डाकाहरूलाई कसरी सत्मार्गमा लाग्ने प्रेरणा दिए ? स्पष्ट पार्नुहोस् ।**

**८. यदि तपाईं 'सत्मार्ग' कथाको ऋषि हुनुभएको भए डाकाहरूलाई कसरी सम्झाउनुहुन्थ्यो, लेख्नुहोस् ।**

**९. व्याख्या गर्नुहोस् :**

(क) धन बाँड्ने धेरै हुन्छन्, पाप बाँड्छु भन्ने कोही हुँदैनन् ।

(ख) असल सङ्गत र ज्ञानले सही मार्ग लिन सकिन्छ ।

## शब्दभण्डार

**१०. तलका शब्दको अर्थ लेख्नुहोस् :**

स्नान, अतिथि, सञ्चय, आर्जन, धनदौलत, सत् कर्म, स्मरण

**११. तलका शब्द पढी पाठबाट उस्तै अर्थ आउने शब्द खोजेर लेख्नुहोस् :**

खोला, नयन, आश्रम, कुराकानी, रुख, अधर्म

**१२. तलका उखान र टुक्काको अर्थ लेखी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

आँखा पर्नु, बाङ्गाटिङ्गा कुरा गर्नु, चोला फेर्नु, ढुङ्गा खोज्दा देवता मिल्नु, आकाशको फल आँखा तरी मर, नजिकको तीर्थ हेला

## वर्णविन्यास

**१३. तलका शब्द पढ्नुहोस् र बुझ्नुहोस् :**

(क) क, ख, ग, घ र क्षभन्दा अगाडि 'ङ' हुन्छ : अङ्क, सङ्ख्या, सङ्घ, आकाङ्क्षा आदि ।

(ख) च, छ, ज, झभन्दा अगाडि 'ञ्' हुन्छ : कञ्चन, चञ्चल, व्यञ्जन, सञ्चालन आदि ।

(ग) ट, ठ, ड, ढभन्दा अगाडि 'ण्' हुन्छ : दण्ड, कण्ठ, पण्डित, पाण्डव आदि ।

(घ) त, थ, द, ध, न र त्रभन्दा अगाडि 'न्' हुन्छ : कान्ति, मन्दिर, दन्त, बन्धन, उन्नत आदि ।

(ङ) प, फ, ब, भ, मभन्दा अगाडि 'म्' हुन्छ : कम्पन, स्तम्भ, सम्मान, सम्बन्ध, शम्भु आदि ।

**१४. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| (क) पन्चतन्त्र | पंचतन्त्र | पञ्चतन्त्र | पञ्चतंत्र |
| (ख) संक्षेप | सङ्क्षेप | संछेप | सङ्छेप |
| (ग) ताण्डव | तान्डव | ताञ्डव | तांडव |
| (घ) सन्चालन | संचालन | सम्चालन | सञ्चालन |

## कार्यमूलक व्याकरण

**१५. पढ्नुहोस् र बुझ्नुहोस् :**

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| (क) भाइले जुत्ता किन्यो । | (क) भाइद्वारा जुत्ता किनियो । |
| (ख) निर्मला गीत गाउँछिन् । | (ख) निर्मलाद्वारा गीत गाइन्छ । |
| (ग) बुबाले किनमेल गर्नुभयो । | (ग) बुबाद्वारा किनमेल गरियो । |
| (घ) तिमी कसलाई डाक्दै छौ ? | (घ) तिमीबाट को डाकिँदै छ ? |
| (ङ) सञ्जयले खेलौनाहरू ल्यायो । | (ङ) सञ्जयबाट खेलौनाहरू ल्याइए । |
| (ङ) म तिमीलाई डाक्ने छु । | (च) मद्वारा तिमी डाकिने छौ । |

माथिको तालिकामा दायाँतिर कर्मवाच्यका वाक्यहरू छन् । ती वाक्यमा कर्म पदको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग भएका छन् । कर्मवाच्यमा सकर्मक क्रियापदको मात्र प्रयोग हुन्छ । कर्तृवाच्यका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

(क) दिइएको कर्ता पदमा द्वारा/बाट विभक्ति थप्नुपर्छ ।

(ख) कर्मपदमा रहेको 'लाई' विभक्ति हटाउनुपर्छ ।

(ग) क्रियापदको धातुमा 'इ' प्रत्यय थप्नुपर्छ ।
जस्तै : किन् (धातु) + इ = किनि + यो = किनियो

(घ) क्रियापदको काल, पक्ष र भाव परिवर्तन गर्नु हुँदैन ।

(ङ) कर्मपदको लिङ्ग, वचन, पुरुष र आदरअनुसारको क्रियापद प्रयोग गर्नुपर्छ ।

**कर्मवाच्यको वाक्यलाई कर्तृवाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :**

(क) कर्तापदमा लागेको द्वारा/बाट विभक्ति हटाउनुपर्छ ।

(ख) आवश्यक भएमा कर्मपदमा 'लाई' विभक्ति थप्नुपर्छ ।

(ग) क्रियापदको धातुमा लागेको 'इ' प्रत्यय हटाउनुपर्छ ।

(घ) कर्तापदको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद राख्नुपर्छ ।

| कर्तृवाच्य | भाववाच्य |
|---|---|
| (क) म त यहीँ बस्छु । | आफू त यहीँ बसिन्छ । |
| (ख) बहिनी सहर गई | (बहिनीद्वारा) सहर गइयो । |
| (ग) उर्गेन गलल हाँस्यो । | (उर्गेनद्वारा) गलल हाँसियो । |
| (घ) हामी आफ्नै घरमा बस्ने छौँ । | (हामीबाट) आफ्नै घरमा बसिने छ । |

माथिको तालिकामा बायाँतिर कर्तृवाच्यका वाक्यहरू छन् । दायाँतिर भाववाच्यका वाक्यहरू छन् । ती वाक्यमा क्रियाको भाव वा अर्थ मुख्य छ । क्रियापद पुलिङ्ग, एकवचन, तृतीय पुरुष र निम्न आदरका छन् । भाववाच्यमा अकर्मक क्रियापद मात्र प्रयोग गरिन्छ । कर्तृवाच्यका वाक्यलाई भाववाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

(क) कर्ता 'म' छ भने 'आफू' मा परिवर्तन गर्नुपर्छ ।

(ख) भाववाच्यमा कर्ता राख्नु अनिवार्य हुँदैन तर कर्ता राख्नुपरेमा कर्ता पदसँग द्वारा/बाट विभक्ति थप्नुपर्छ ।

(ग) क्रियापदको धातुमा 'इ' प्रत्यय थप्नुपर्छ ।

(घ) क्रियापद सधैँ पुलिङ्ग, एकवचन, तृतीय पुरुष र निम्न आदरमा हुन्छ ।

(ङ) क्रियापदको काल, पक्ष र भाव पविर्तन गर्नु हुँदैन ।

**भाववाच्यका वाक्यलाई कर्तृवाच्यमा परिवर्तन गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ :**

(क) कर्ता छैन भने उपयुक्त कर्ता राख्नुपर्छ ।

(ख) कर्ता पदमा रहेको द्वारा/बाट विभक्ति हटाउनुपर्छ ।

(ग) क्रियापदको धातुमा लागेको 'इ' प्रत्यय हटाउनुपर्छ ।

(घ) कर्तापदको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद राख्नुपर्छ ।

(ङ) क्रियापदको काल, पक्ष र भाव परिवर्तन गर्नु हुँदैन ।

**१६. जोडा मिलाएर तलका वाक्य पूरा गर्नुहोस् :**

| | |
|---|---|
| (क) बिरालाद्वारा मुसो | डुलिँदैन । |
| (ख) आफू त | बिग्रन्छ । |
| (ग) सबै जना वनभोज | बोलाउनुभयो । |
| (घ) बजारिया खानाले स्वास्थ्य | गएछन् । |
| (ङ) बुबाले दाइलाई | भन्दै छन् । |
| | मारिन्छन् । |

**१७. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) गाउँपालिकाले राम्रो नियम बसालेको छ । (कर्मवाच्य)

(ख) उनीहरू सहर घुम्छन् । (भाववाच्य)

(ग) आफू घरतिर हिँडिन्छ । (कर्तृवाच्य)

(घ) आमाद्वारा मिठो खिर पकाइयो । (कर्तृवाच्य)

(ङ) मामा मलाई माया गर्नुहुन्छ । (कर्मवाच्य)

**१८. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म ईश्वर भेट्न तप गर्दै बसेको छु । (सामान्य भविष्यत्)

(ख) उनीहरू निकै हतारमा थिए । (द्वितीय पुरुष)

(ग) मेरो कुटीमा स्वागत छ । (बहुवचन)

(घ) पत्नीले भनिन्, "पापधर्म व्यक्तिगत कुरा हो ।" (पुलिङ्ग)

(ङ) पहिला हामीलाई कुटीमा लैजाऊ । (उच्च आदर)

(च) कुटीमा को को छन् ? (एकवचन)

## सिर्जनात्मक अभ्यास

**१९. तल दिइएका बुँदाका आधारमा कथा रचना गर्नुहोस् :**

गर्मीको समय........तिर्खाएको काग...........चारैतिर पानीको खोजी...........धेरै बेर भौँतारिनु.......कुनै बस्तीमा .........एउटा घरको कौसीमा............गाग्रामा आधा मात्र पानी...............वरिपरिबाट इँटा र ढुङ्गाका टुक्राहरू............पानी गाग्रोको घाँटतिर..........टन्न पानी खाएर................ ।

## थप सामग्री

**१. विवेचनात्मक उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

(क) सम्बन्धित पाठलाई भाव स्पष्ट हुने गरी पढ्नुपर्छ ।

(ख) प्रश्नमा आधारित भएर पाठबाट मुख्य मुख्य बुँदाहरू टिपोट गर्नुपर्छ ।

(ग) परिचय खण्डमा एक अनुच्छेद, विश्लेषण खण्डमा एक वा एकभन्दा बढी अनुच्छेद र निष्कर्ष खण्डमा एक अनुच्छेद गरी उत्तर विभाजन गर्नुपर्छ ।

(घ) सरल, शुद्ध र तर्कपूर्ण शैलीमा उत्तर लेख्नुपर्छ ।

| |
|---|
| **परिचय खण्ड**<br>विषयवस्तुको सन्दर्भ उल्लेख गरी उत्तरमा प्रवेश (एक मात्र अनुच्छेद हुने) |
| **विश्लेषण खण्ड**<br>विषयवस्तुको विश्लेषण, अर्थ, प्रेरणा, तर्क, सन्देश आदि समेट्ने (एकभन्दा बढी अनुच्छेद हुने) |
| **निष्कर्ष खण्ड**<br>प्रश्नको आशयमा आधारित भई मुख्य कुरा समेट्ने (एउटा मात्र अनुच्छेद हुने) |

**२. विवेचनात्मक उत्तरको नमुना**

**प्रश्न : 'आफ्नो गल्तीको प्रायश्चित गर्नु नै महानतता हो ।' यस कथनलाई 'सत्मार्ग' कथाका आधारमा पुष्टि गर्नुहोस् :**

**उत्तर :** 'सत्मार्ग' कथाका रचनाकार नीलम कार्की 'निहारिका' हुन् । यो कथामा वाल्मीकि ऋषिको जीवनको पूर्वकालमा रत्नाकर नाम गरेको कुख्यात डाकुका रूपमा चिनिएको सन्दर्भ देखाइएको छ । असल व्यक्तिको सङ्गतले खराब चरित्रका व्यक्तिलाई सुधार्न मदत मिल्छ । वाल्मीकि ऋषिले डाकुहरूको समूहलाई उपदेशमार्फत सत्मार्गमा ल्याएका छन् । आफू असल बन्नु र अरूलाई पनि असल मार्गमा लाग्न प्रोत्साहन गर्नु महापुरुषहरूको धर्म हो ।

वाल्मीकि ऋषि जीवनको कुनै कालखण्डमा रत्नाकर नाम गरेका कुख्यात डाकु थिए । चोरी डैकती गरेर सम्पत्ति थुपार्थे । एक दिन उनको भेट नारद ऋषिसँग भयो । नारद ऋषिले आफूले गरेका पापकर्मलाई आफूले मात्र भोग्नुपर्छ भने । यो कुरा रत्नाकरलाई पत्यार लागेन । रत्नाकरले आफ्नी श्रीमतीसँग सोधे, "मैले लुटेको धनको सोखभोग गरेझैँ पाप पनि भौग्छ्यौ कि भोग्दिनौ ?" उनले श्रीमतीबाट आशा गरेभन्दा उल्टो उत्तर पाए । श्रीमतीले भनिन्, "परिवारको लालनपालन गर्नु तपाईँको दायित्व हो । जहाँसम्म पापधर्मको कुरा छ, यो नितान्त व्यक्तिगत कुरा हो । यसलाई आफैँले भोग्नुपर्छ । अरूलाई बाँड्न सकिँदैन ।" यो घटनाबाट रत्नाकरको हृदयमा गहिरो चोट पर्‍यो । यसपछि उनी हातहतियार फालेर सत्मार्गमा लागे । रामायण जस्तो प्रसिद्ध ग्रन्थ लेखे । वाल्मीकि ऋषिका नामबाट प्रख्यात भए ।

रत्नाकर आफूले गरेका अपराधलाई प्रायश्चित गरी असल मार्गमा लागे । महान् ऋषि बने । संसार प्रसिद्ध भए । त्यसै गरी डाकाहरूले ऋषिकै उपदेशबाट कुमार्गको प्रायश्चित गरे । उनीहरूले लुटेको धन फिर्ता गर्ने र हिंसा नगर्ने सङ्कल्प गरी हतियार नदीमा बगाए । यसरी 'आफ्नो गल्तीको प्रायश्चित गर्नु नै महानतता हो' भन्ने कुरा सत्मार्ग कथाका आधारमा पुष्टि गर्न सकिन्छ ।